सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका


nayapatrikadaily.com

१६ जेठ २०८०, मंगलबार (30 May 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ४७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

अर्थतन्त्र सुधारमा जोड

आव ०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट, ६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य, महत्त्वाकांक्षी स्रोत अनुमान
र चालू आवको संशोधित खर्च अनुमानभन्दा करिब १४ प्रतिशत ठूलो आकारको बजेट कार्यान्वयन चुनौतीपूर्ण







तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ केमा बढ्यो, केमा घट्यो ?

भन्सार महसुल बढेका

	०७९	०८०
सुकमेल (धुल्याएको/नधुल्याएको)	१०%	२०%
सुर्ती	२०%	३०%
ड्रोन	१०%	२०%
अफिम दाना	१०%	३०%
साबुदाना	१०%	२०%
पत्थर तथा चट्टान	२०%	३०%
कोदालो	१%	५%
बेल्चा	५%	१०%
बन्चरो/खुर्पा	५%	१०%
मिश्रित मसला	१५%	२०%
ह्वाइट आयल	१५%	२०%
सिगार	२०%	३० %

विद्युतीय गाडीको भन्सार महसुल

विद्युतीय माइक्रोबस	१%	१०%
१०० किलोवाटसम्म	१०%	१५%
२०० किलोवाटसम्म (अनएसेम्बल्ड)	१५%	२०%
३०० किलोवाटसम्म (अनएसेम्बल्ड)	३०%	४०%
३०० किलोवाटभन्दा बढी (अनएसेम्बल्ड)	४०%	६०%

अन्तःशुल्क वृद्धि गरिएका

	०७९	०८०
कुरकुरे, लेज, चिजबल (प्रतिकेजी)	रु. १७	रु. २०
आलु चिप्स (प्रतिकेजी)	रु. १७	रु. १८
फलफूल जुस (प्रतिकेजी)	रु. ११	रु. १३
पत्थर तथा ढुंगा	१५%	२५%
सिमकार्ड	५%	१०%

चुरोट (प्रति ५० प्याकेट)

फिल्टर नभएको	रु. ७१०	रु. ७३०
फिल्टर भएको		
७० मिमिसम्म	रु. १६३५	रु. १६९०
७५ मिमिसम्म	रु. २२२५	रु. २३००
८५ मिमिसम्म	रु. २८८०	रु. २९७०
८५ मिमिभन्दा माथि	रु. ३९६५	रु. ४०८०

बियर, वाइन र मदिरा (प्रतिलिटर)

अल्कोहलरहित बियर	रु. ३०	रु. ३५
जौबाट बनेको बियर	रु. २२८	रु. २३५
वाइनको कच्चा पदार्थ	रु. २२८	रु. २३५
४२.८% अल्कोहल भएको	रु. १३०६	रु. १३४५
३९.९४% अल्कोहल भएको	रु. १२१५	रु. १२५०


भन्सार/अन्तःशुल्क जसको घट्यो

- कम्पोजिट एलपिजी ग्यास सिलिन्डर : २५%
- सख्खर : १०%
- खाँडसारी चिनी : १०%
- सुगर क्युब : १०%
- २०० किलोवाटसम्मको विद्युतीय गाडी : १०%
- ३०० किलोवाटसम्मको विद्युतीय गाडी : ५%
- काजु (बोक्रासहित): ५%
- २०० किलोवाटसम्मको विद्युतीय गाडी : १०%

करको दर हेरफेर

- २% **विलासिता शुल्क लाग्ने वस्तु तथा सेवा**
  - पाँचतारे वा पाँच तारेभन्दा माथिका होटेल तथा रिसोर्टले दिने सेवा
  - आयातीत मदिरा
  - १० लाखभन्दा बढी मूल्यका हिरा, मोती, पत्थरजडित सुन र बहुमूल्य धातुका गरगहना
- **विदेश घुम्न जाने नेपाली पर्यटकले तिर्नुपर्ने शुल्क** : ५%

■ कुन मन्त्रालयलाई कति बजेट ?



■ **अर्थ मन्त्रालय (थप)- ५ खर्ब २० अर्ब २५ करोड ८८ लाख** (आन्तरिक ऋण भुक्तानी : २ खर्ब ७५ अर्ब ७८ करोड ७४ लाख । वैदेशिक ऋण भुक्तानी- (बहुपक्षीय) : ४१ अर्ब, २७ करोड ५ लाख, (द्विपक्षीय) : १३ अर्ब ५० करोड २८ लाख । कर्मचारी तथा सेवानिवृत्त सुविधा : १ खर्ब १३ अर्ब । विविध : ७६ अर्ब, ६९ करोड ८१ लाख)

■ राष्ट्रपति : १४ करोड ५ लाख । उपराष्ट्रपति : ५ करोड ४ लाख । प्रदेश प्रमुखहरू : २१ करोड ९ लाख । संघीय संसद् : १ अर्ब २२ करोड ३९ लाख । अदालत : ७ अर्ब ५७ करोड ११ लाख । अख्तियार दुरुपयोग अनुसन्धान आयोग : १ अर्ब ५३ करोड १ लाख । महालेखा परीक्षकको कार्यालय : ६३ करोड ७९ लाख । लोकसेवा आयोग : ८५ करोड ७२ लाख । निर्वाचन आयोग : ६० करोड ७८ लाख । राष्ट्रिय मानव अधिकार आयोग : २८ करोड ४२ लाख । न्यायपरिषद् : ५ करोड १९ लाख । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग : ९ करोड ३० लाख । राष्ट्रिय महिला आयोग : ९ करोड २३ लाख । राष्ट्रिय दलित आयोग : ३ करोड ४२ लाख । राष्ट्रिय समावेशी आयोग : ३ करोड ३० लाख । आदिवासी जनजाति आयोग : ३ करोड ४२ लाख । मधेसी आयोग : ३ करोड ५१ लाख । थारू आयोग : ४ करोड ३३ लाख । मुस्लिम आयोग : ४ करोड २३ लाख । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय : ५ अर्ब ६० करोड २० लाख । राष्ट्रिय योजना आयोग : २३ करोड ३९ लाख

कृष्ण रिजाल, पवन तिमल्सिना

सरकारले अर्थतन्त्र सुधारलाई विशेष जोड दिँदै आगामी आर्थिक वर्ष ०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट ल्याएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार संघीय संसद्को संयुक्त सदनमा बजेट घोषणा गरेका हुन् ।

महतले बजेट प्रणालीमा सुधार एवं पुँजीगत खर्चको प्रभावकारिता बढाउने, साधारण खर्चमा मितव्ययिता अपनाउने र आर्थिक सुधार तथा निजी क्षेत्रको प्रवर्द्धन गर्ने घोषणा गर्दै अर्थतन्त्र सुधारमा जोड दिएका छन् । तर, चालू आर्थिक वर्षको संशोधित खर्च अनुमानभन्दा करिब १४ प्रतिशत ठूलो आकारको आगामी बजेटको कार्यान्वयन आफैंमा चुनौतीपूर्ण देखिन्छ । अर्थमन्त्रीले २५.८५ प्रतिशत घाटा बजेट ल्याएका छन् जसका स्रोत अनुमान महत्त्वाकांक्षी छन् ।

बजेटले पुँजीगत खर्च बढाउन र अनुत्पादक खर्च कटौती गर्नेमा जोड दिएको छ । आर्थिक क्षेत्रसँग सम्बन्धित नीति, नियम तथा कानुनी सुधारको घोषणा गरेको छ । विकासे आयोजना समयमै सम्पन्न गर्ने आधार तयार पार्न प्रक्रियागत तथा कानुनी सुधारको घोषणा गरिएको छ । स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गर्ने तथा आकर्षित गर्ने नीति लिइएको छ । राजस्व प्रशासन सुधार र करका दायरा विस्तारको प्रयास गरिएको छ । तर, बजेटको

» पृष्ठ ११ मा क्रमशः

बजेट हाइलाइट्स्

- २५ हजार भूमिहीनलाई लालपुर्जा दिइने
- सबै संघीय अस्पतालबाट मिर्गौला प्रत्यारोपणको व्यवस्था
- ९८ प्रकारका औषधिलगायत आधारभूत स्वास्थ्य सेवा निःशुल्क, विद्यालयमा जंकफुड खुवाउन निषेध
- कर्मचारीको तलबबाहेकका सबै भत्ता कटौती, अत्यावश्यकबाहेक मन्त्रीको विदेश भ्रमणमा पनि रोक
- अतिरिक्त हुलाक सेवा खारेज हुने, ११ हजार कर्मचारीलाई अवकाश
- २१ सार्वजनिक संस्थान खारेजीको घोषणा
- पदाधिकारीलाई गाडीको सट्टा एकमुस्ट नगद, इन्धनबापत पनि नगदै दिने
- एक वर्षभित्र ९०० मेगावाट विद्युत् थपिने, दुई वर्षभित्र सबै नागरिकलाई विद्युत् को पहुँचमा ल्याउने
- सन् २०२३ देखि २०३० सम्म पर्यटक दशक मनाउने
- पोखरा र भैरहवाबाट अन्तर्राष्ट्रिय उडान भर्ने कम्पनीलाई ग्राउन्ड ह्यान्डलिङमा सहुलियत
- नवप्रवर्तनका लागि एक अर्ब २५ करोड विनियोजन, अनुसन्धान, नवप्रवर्तन आविष्कारका लागि एक अर्ब रुपैयाँको छुट्टै कोष स्थापना गर्ने
- सिमेन्टको खपत बढाउन सडक ढलान गरिने
- पशुपक्षीको महामारी रोक्न स्वदेशमै भ्याक्सिन उत्पादन गरिने
- सय रुपैयाँ पुँजीमा कम्पनी खोल्न सकिने, दर्ता निःशुल्क, अनलाइनबाटै कम्पनी दर्ता र खारेजीको व्यवस्था
- हिमाली तथा दुर्गम क्षेत्रका बालबालिकालाई आवास खर्च दिइने
- किसानलाई खेतबारीमै प्राविधिक उपलब्ध गराइने, रैथाने बालीको संरक्षणमा जोड
- बागमती, विष्णुमतीलगायतका नदी-किनारका अनधिकृत बस्ती हटाइने
- एनआरएनलाई पुँजी बजारसहितका क्षेत्रमा लगानीको बाटो खुला
- १२ महिना विदेशमा श्रम गरेर फर्किने नेपालीले एउटा टिभी ल्याउन पाउने
- इआइएमा सहजीकरण र ३० दिनमै प्रतिवेदन स्वीकृति
- आगामी आवमा थप १८,४०० हेक्टर जमिनमा सिँचाइ पुऱ्याइने
- हिमालको पानीलाई ब्रान्डिङ गरिने

(विस्तृत पृष्ठ २, ३, ८, ९, १० र १२)



■ ब्युँताइयो सांसद विकास कोष
प्रत्येक सांसदलाई पाँच करोड

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले जनस्तरबाट आलोचित सांसद विकास कोष ब्युँताएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार सदनमा प्रस्तुत गरेको आर्थिक वर्ष ०८०/८१ को बजेटमा प्रत्येक निर्वाचन क्षेत्रका लागि पाँच करोड रुपैयाँ विनियोजन गर्ने गरी संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम प्रस्ताव गरेका हुन् ।

यसअघि 'स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम' नाम रहेको ६ करोडको सांसद विकास कोषलाई दुई वर्षअघि तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले ०७८/७९ को बजेटमार्फत खारेज गरेका थिए । सांसदको तजबिजी अधिकारमा सञ्चालन हुने कार्यक्रमको दुरुपयोग भएको भन्दै जनस्तरबाट चर्को आलोचना भएको थियो । अहिले पनि देशमा आर्थिक संकट भएकाले यो कार्यक्रम अगाडि बढाउन नहुने माग उठेका वेला सांसदहरूको दबाबलाई सम्बोधन गर्दै सरकारले आगामी बजेटमा प्रत्येक निर्वाचन क्षेत्रलाई पाँच करोड छुट्याएको हो । एक सय ६५ निर्वाचन क्षेत्रलाई आठ अर्ब २५ करोड रुपैयाँ छुट्याइएको छ ।

निर्वाचन क्षेत्रका जनताले अपेक्षा गरेका विकास निर्माणका स्थानीय आवश्यकता जनप्रतिनिधिमार्फत सम्बोधन

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



राष्ट्रिय सभा सदस्यको आपत्ति

प्रतिनिधिसभामा १६५ निर्वाचन क्षेत्रलाई लक्षित गरेर पूर्वाधार विकास कार्यक्रम आएपछि राष्ट्रिय सभा सदस्यहरूले अर्थमन्त्री महतलाई भेटेर आपत्ति जनाएका छन् । सदस्य अनिता देवकोटाका अनुसार सांसद विकास कोषमा संघीय सांसदलाई विभेद नगर्ने प्रधानमन्त्रीको प्रतिबद्धता अर्थमन्त्री महतलाई स्मरण गराइएको हो । 'प्रधानमन्त्रीले संघीय संसद् बराबर हो, विभेद हुन्न भन्नुभएको थियो,' उनले भनिन्, 'बजेटमा एक सय ६५ क्षेत्र भनिएपछि हामीले अर्थमन्त्रीको ध्यानाकर्षण गरायौं । उहाँले पूर्वाधार विकास कार्यक्रमको मोडालिटी तय नभएको र कार्यविधि र निर्देशिका बन्ने वेला समानुपातिक र राष्ट्रिय सभालाई पनि समेट्ने आश्वासन दिनुभयो । निर्देशिका बन्ने वेला विभेद नहुने गरेर बन्छ भन्नुभयो । हामी बजेट छलफलमा पनि यो कुरामा उठाउँछौं ।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ बजेटले समेट्यो मेयर साहको अभियान

बागमती, विष्णुमतीलगायतका नदी-किनारका अनधिकृत बस्ती हटाइने

- बागमतीमा पानीको न्यूनतम बहाब सुनिश्चित गर्न शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रमा ड्याम निर्माण गरिने
- व्यवस्थित सहरीकरणका लागि ललितपुरको गोदावरी तथा सुनाकोठी, काठमाडौंको तारकेश्वर तथा इचंगुनारायण र चन्द्रागिरि नगरपालिकामा खुला क्षेत्र, हरियाली पार्क र व्यवस्थित पूर्वाधारसहितका आवासीय क्षेत्र विकास गर्ने
- काठमाडौंका ४४ वटा व्यस्त चोकमा 'स्मार्ट ट्राफिक लाइट' जडानसमेत गर्ने
- सिंहदरबार पश्चिमी खण्ड, बबरमहल, केशरमहललगायत १० वटा पुरातात्त्विक सम्पदाको प्रबलीकरण सम्पन्न गर्ने



ग्वार्को चोकमा निर्माणाधीन फ्लाई ओभर । फाइल तस्बिर

शान्ति तामाङ/नयाँ पत्रिका

सरकारले बागमती र विष्णुमतीलगायत उपत्यकाका नदी-किनारामा रहेका अनधिकृत बस्ती हटाउने भएको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार संघीय संसद्मा आर्थिक वर्ष ०८०/८१ को बजेट प्रस्तुत गर्ने क्रममा यस्तो घोषणा गरेका हुन्।

आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्ने क्रममा अर्थमन्त्री महतले स्थानीय तहसँगको समन्वयमा वास्तविक सुकुमबासीको पहिचान र उनीहरूको वासस्थानका लागि वैकल्पिक व्यवस्थापन गरी नदी-किनारामा रहेका अनधिकृत बसोवास हटाउने बताएका हुन्। सरकाको निर्णयसँगै काठमाडौं महानगरका मेयर बालेन्द्र साहको नदी-किनारामा रहेको अनधिकृत बस्ती हटाउने अभियानलाई साथ पुगेको छ। नदी-किनारमा रहेका अनधिकृत बस्ती हटाउन मेयर साहले पटक-पटक प्रयास गरे पनि सफल हुन सकेका थिएनन्। यो विषयमा केन्द्र सरकारले सहयोग नगरेको मेयर साहले आरोप लगाउँदै आएका थिए।

यसैगरी, सरकारले 'बागमती नदीको सान, सभ्यताको उत्थान' भन्ने नाराका साथ नदी सफाइ अभियानलाई पनि निरन्तरता दिने बताएको छ। उपत्यकाको जलाधार संरक्षण एवं सुक्खायाममा समेत बागमती नदीमा पानीको न्यूनतम बहाब सुनिश्चित गर्न शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रमा नागमती ड्याम निर्माण कार्य सुरु गर्ने बताइएको छ।

■ मेलम्चीको पानी बाह्रै महिना धारामा

सरकारले मेलम्ची खानेपानी आयोजनाको अस्थायी हेडवर्क्स स्तरोन्नति गरी बाह्रै महिना खानेपानी आपूर्ति गर्ने व्यवस्था मिलाउने बजेटमार्फत घोषणा गरेको छ। बजेट सार्वजनिक गर्दै मेलम्ची जलाधारको भौगोलिक अध्ययन प्रतिवेदनको सुझावबमोजिम आयोजनाको दिगो सञ्चालन गरिने जनाइएको छ। यसैगरी, सरकारले मेलम्ची खानेपानी आयोजनाअन्तर्गत दोस्रो चरणको यांग्री र लार्के खोलालाई पनि जोड्ने गरी संरचना निर्माण अघि बढाउने जनाएको छ। अर्थमन्त्री महतले बजेट वक्तव्यमार्फत काठमाडौं उपत्यकाको खानेपानी आवश्यकताको दिगो व्यवस्थापनका लागि मकवानपुरको सिस्नेरी र ठोस्ने खोला तथा भक्तपुरको महादेव खोलाबाट पानी आपूर्तिको सम्भाव्यता अध्ययनलगायत पूर्वतयारी सम्पन्न गर्नेसमेत बताएका छन्।

आव ०८०/८१ को बजेटमा उपत्यकाको चक्रपथभित्र नयाँ वितरण प्रणालीमार्फत पानी बाँड्ने उल्लेख गरिएको छ। दोस्रो चरणअन्तर्गत कीर्तिपुर, भक्तपुर, ठिमी, जोरपाटी, टोखा, कपन र पेप्सीकोला क्षेत्रमा पाइपलाइन निर्माण सुरु हुनेछ। पानीको सतह तथा भूमिगत स्रोतको संरक्षण गर्दै खानेपानी आपूर्तिको दिगो व्यवस्था मिलाइने भएको छ भने स्थानीय तहसँगको सहकार्यमा उपत्यकाका विभिन्न स्थानमा ढुंगेधारा, इनार, पोखरीलगायत परम्परागत पानीको मूल संरक्षण गरिनेछ।

भूकम्पबाट क्षतिग्रस्त भएका २५ वटा सम्पदालाई पनि सरकारले यसै आवभित्र पुनर्निर्माण सम्पन्न गर्ने घोषणा गरेको छ। नुवाकोट दरबार क्षेत्रसहित पुनर्निर्माण बाँकी रहेका २५ वटा सांस्कृतिक सम्पदाको पुनर्निर्माण गरिने अर्थमन्त्री महतले बताए। त्यस्तै, धादिङ, गोर्खा, नुवाकोट जिल्लामा रहेका गुम्बा निर्माणलाई पनि प्राथमिकता दिने उनले घोषणा गरे। यसैगरी, भूकम्पले क्षति पुऱ्याएका र पुनर्निर्माण जारी रहेका सिंहदरबार पश्चिमी खण्ड, बबरमहल, केशरमहललगायत १० वटा पुरातात्त्विक सम्पदाको प्रबलीकरण सम्पन्न गर्ने भएको छ।

कोटेश्वर, सातदोबाटो र एकान्तकुनामा फ्लाई ओभर

उपत्यकाको धेरै नै सवारी जाम हुने मुख्य तीन चोक कोटेश्वर, सातदोबाटो र एकान्तकुनामा सरकारले 'फ्लाई ओभर' निर्माण गर्ने भएको छ। यस्तै, काठमाडौंका ४४ वटा व्यस्त चोकमा 'स्मार्ट ट्राफिक लाइट' जडानसमेत गर्ने भएको छ। सरकारले ग्वार्कोको निर्माणाधीन फ्लाई ओभर आगामी आर्थिक वर्षमै निर्माण सम्पन्न गर्ने भएको छ। सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, सुरक्षित, भरपर्दो र वातावरणमैत्री बनाउने र सुरक्षित सडक सञ्जालको विकास गरी दुर्घटना न्यूनीकरण गर्न सडक सुरक्षा परीक्षण गर्ने व्यवस्थासमेत गरिने बजेटमा उल्लेख छ। उपत्यकाको सहरी विकासका लागि बृहत् गुरुयोजना तयार गर्ने भएको छ। उपत्यकाभित्र व्यवस्थित सहरीकरणका लागि ललितपुरको गोदावरी तथा सुनाकोठी, काठमाडौंको तारकेश्वर तथा इचंगुनारायण र चन्द्रागिरि नगरपालिकामा खुला क्षेत्र, हरियाली पार्क र व्यवस्थित पूर्वाधारसहितका आवासीय क्षेत्र विकास गर्ने भएको हो।

■ पशुपति क्षेत्रको गुरुयोजना कार्यान्वयनमा ल्याइने

सरकारले विश्वसम्पदा सूचीमा सूचीकृत विश्वभर फैलिएका वैदिक सनातन हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र पशुपति क्षेत्रको गुरुयोजना कार्यान्वयनमा ल्याउने भएको छ। धार्मिक, सांस्कृतिक स्थललाई समेटेर धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गरिने अर्थमन्त्री डा. महतले संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आर्थिक वर्ष ०८०/०८१ को बजेट वक्तव्यमा उल्लेख छ। सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन गरी पर्यटन प्रवर्द्धन गरिने पनि बजेट वक्तव्यमा उल्लेख गरिएको छ। यस्तै, गुठी जग्गा संरक्षणका लागि एकीकृत अभिलेख तयार गरिने भएको छ।

रक्तचन्दन तेलको अवैध कारोबार गर्ने आठ पक्राउ

काठमाडौं/ करिब दुई करोड रुपैयाँबराबरको रक्तचन्दन तेलको अवैध रूपमा कारोबार गरेको अभियोगमा आठजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-७, चाबहिल बस्ने ३० वर्षीय सुशील पाठक, कालिकोट रासकोट नगरपालिका-८ घर भई काठमाडौं चाबहिल बस्ने २८ वर्षीय विनोद बराल, सुर्खेत वीरेन्द्रनगर नगरपालिका-१५ घर भई काठमाडौं कलंकी बस्ने ३६ वर्षीय ज्ञानबहादुर ओली, रामेछाप लिखुतामाकोसी गाउँपालिका-२ घर भई काठमाडौं काँडाघारी बस्नेहरू ३५ वर्षीय नवीन दाहाल, ३९ वर्षीय गोकर्णहरि दाहाल, बाँके कोहलपुर नगरपालिका-११ घर भई काठमाडौं चाबहिल सरस्वतीनगर बस्ने ५८ वर्षीय नीलकान्त भुसाल, धादिङ नीलकण्ठ नगरपालिका-९ घर भई काठमाडौं जडीबुटी बस्ने ६३ वर्षीय मोहनबहादुर विश्वकर्मा र सोलुखुम्बु माप्यदुधकोसी गाउँपालिका-६ घर भई काठमाडौं महाँकाल बस्ने ४० वर्षीय खेमराज घिमिरे रहेका छन्।

काठमाडौं महानगरपालिका-६, चुच्चेपाटीमा ८० लिटर रक्तचन्दनको तेल प्रतिलिटर दुई लाख ५० हजार रुपैयाँका दरले कारोबार भइरहेको भन्ने सूचनाका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई तेलसहित पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय हात्तीसार काठमाडौंमा पठाइएको छ।

सगरमाथा दिवसको अवसरमा पदयात्रा



काठमाडौं/ १६औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा पदयात्रा गरिएको छ। पर्यटनसँग सम्बन्धित सरकारी तथा निजी तहका विभिन्न संघ-संस्थाको आयोजनामा ठमेलदेखि नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपसम्म पदयात्रा गरिएको छ। पदयात्रामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरी, मन्त्रालयका सचिव सुरेश अधिकारी, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनञ्जय रेग्मीलगायतको सहभागिता थियो। पदयात्रामा नेपाल पर्वतारोहण संघ (एनएमए), ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान), होटेल एसोसिएसन अफ नेपाल (हान), नेपाल एसोसिएसन टुर्स एन्ड ट्राभल एजेन्ट्स (नाट्टा), ठमेल पर्यटन विकास परिषद्लगायत संघ-संस्थाका अध्यक्ष एवं प्रतिनिधिको उपस्थिति रहेको थियो। विश्वको सर्वोच्च हिमशिखर सगरमाथाको पहिलोपटक सफल आरोहण गरेको अवसरमा नेपालमा अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइँदै आइएको छ। सगरमाथाको चुचुरोमा पाइला राखेको सोमबार ७० वर्ष पूरा भएको छ। सन् १९५३ मे २९ तारिखमा नेपालका तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारीले पहिलोपटक सगरमाथामा मानव पाइला राखेका थिए।

ट्रकको ठक्करबाट घाइते महिलाको मृत्यु

काठमाडौं/ कलंकीमा ट्रकको ठक्करबाट घाइते भएकी तनहुँ घर भई चन्द्रागिरि नगरपालिका-१४, नैकाप बस्ने महिलाको मृत्यु भएको छ। ट्रकको ठक्करबाट गम्भीर घाइते भएकी ६४ वर्षीया सन्तुमाया राउतको उपचारका क्रममा सोमबार वीर अस्पतालमा मृत्यु भएको प्रहरी प्रधान कार्यालय नक्सालले जनाएको छ। आइतबार दिउँसो कलंकी चोकमा सुदूरपश्चिम प्रदेश ०१-००१ख २९४१ नम्बरको ट्रकले बागमती प्रदेशको ०२-००४प ४७०३ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटरको पछाडि सवार राउत गम्भीर घाइते भएकी थिइन्। ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरूणखोला, नवलपुरको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरुणखोला, नवलपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ ३१ गते बुधबार**का दिन शाखा कार्यालय अरुणखोला, नवलपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:

खेम बहादुर बि.क.को नाति, सन्त बहादुर बि.क./कमला देवी विश्वकर्माको छोरा, सविना चौधरी विश्वकर्माको पति, नवलपरासी जिल्ला, प्रसौनी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ०३ बस्ने **बासु विश्वकर्मा** (ना.प्र.नं. ३६२०३२/३४७, जारी मिति २०६७/०२/१९, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. गजविर बि.क.को नाती ,खेम बहादुर बि.क./श्यानुमाया बि.क.को छोरा,कमला देवी विश्वकर्माको पती, नवलपरासी जिल्ला, प्रसौनी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ०३ बस्ने **सन्त बहादुर बि.क** (ना.प्र.नं. २५६५, जारी मिति २०४६/१२/२३, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।
२. तनीका कामी/बुद्दमाया सुनारको छोरी, खेम बहादुर बि.क./श्यानुमााया बि.क.को बुहारी, सन्त बहादुर बि.क.को पत्नी, नवलपरासी जिल्ला, प्रसौनी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ३ बस्ने **कमला देवी विश्वकर्मा** (ना.प्र.नं. ८३९९, जारी मिति २०५५/०२/१२, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।
३. ओम बहादुर थारु/सिता थारुको छोरी, सन्त बहादुर बि.क./कमला देवी विश्वकर्माको बुहारी, बासु बिश्वकर्माको पत्नी, नवलपरासी जिल्ला, प्रसौनी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ३ बस्ने **सविना चौधरी बिश्वकर्मा** (ना.प्र.नं. ३६२०३२/७७३, जारी मिति २०६३/१२/२७, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

धितो सुरक्षणको विवरण

१. धनि कुमारी बैक लि. र ऋणी **बासु विश्वकर्मा** को नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगंज, पर्साको लगतमा दर्ता कायम रहेको सवारी साधन नं. ना ८ ख ४११, च्यासीस नं.MA1QDAHRCJ6C99125, ईन्जिन नं.BAHZA10043, सवारी मोडल. Mahindra & Mahindra Torro 25 Tipper, २०१८ को भाडा गाडी।
२. **सन्त बहादुर बि.क.**को को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स वडा नं. २/क स्थित कित्ता नं.३३८४ को क्षेत्रफल ०-०-५.७५-० (बिगाहा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण

१. पर्मानन्द तरामुको नाति, चन्द्र बहादुर तरामु/नन्दीसरा तरामुको छोरा, कुवारी तरामु मगरको पति, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा., वडा नं. ५ बस्ने **रोम लाल तरामु** (ना.प्र.नं. १२/२१४, जारी मिति २०४५/०१/१८, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. पुर्ण सिंह रुचाल मगर/चुनीसरा रुचाल मगरको छोरी, चन्द्र बहादुर तरामु/नन्दीसरा तरामुको बुहारी, रोमलाल तरामु मगरको पत्नी, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा., वडा नं. ५ बस्ने **कुवारी तरामु मगर** (ना.प्र.नं. ७९८/२८२, जारी मिति २०४६/०२/१०, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।
२. खेत बहादुर घर्ति/सुमित्र घर्तीको छोरी, रोमलाल तरामु/कुवारी तरामु मगरको बुहारी, रिम बहादुर तरामुको पत्नी, नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा वडा नं. ५ बस्ने **दिल माया थापा तरामु** (ना.प्र.नं. ३७-०१-७२-०२७६४, जारी मिति २०७२/०३/२९, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

धितो सुरक्षणको विवरण

१. **रोमलाल तरामु**को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला शिवमन्दिर गा.वि.स वडा नं. २/क स्थित कित्ता नं.३१११ को क्षेत्रफल ०-०-५.७५-० (बिगाहा) र बेनिमणीपुर गा.वि.स वडा नं.२ स्थित कित्ता नं.४१४९ को क्षेत्रफल ०-१-८-० (बिगहा) को घर/जग्गा तथा सो को सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात **२०८० जेठ ३० गते भित्र** बैंकको शाखा कार्यालय अरुणखोला, नवलपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय अरुणखोला, नवलपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०८० जेठ ३१ गते ३:००** (**तिन**) **बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय अरुणखोला, नवलपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय अरुणखोला, नवलपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० जेठ ३१ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय अरुणखोला, नवलपुर फोन नं. ०७८-५५५२९६

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय बनेपा - १३, साँगा, काभ्रेपलाञ्चोक, फोन नं. ०१-६६२२७५ Email: info@womimfi.com.np, website: www.swmfi.com.np

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०८०/०२/१६
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०२/२३

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको १,०८,००० कित्ता शेयर प्रति कित्ता न्युनतम मुल्य रु २३०/- मा बिक्री गर्ने विक्रीकर्ताको निर्णय अनुसार उक्त शेयरहरु खरिद गर्न योग्य इच्छुक विद्यमान संस्थापकहरु वा जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८० साल जेठ २३ गते** कार्यालय समयभित्र तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिएछ। विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यस भन्दा अगाडी नै ३५ दिने सूचना प्रकाशित गरि सकिएको व्यहोरा यसै सूचनाद्वारा विद्यमान संस्थापकहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं।

क्र.सं.	बोलपत्र आवेदन फारम पाईने र बुझाउने स्थान (संकलन केन्द्र)
१	श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ ।
२	श्री एन आई सी एशिया बैंक लिमिटेडको कर्पोरेट कार्यालय: ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ शाखा कार्यालयहरु: क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, तीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, घनगढी र (६) विरेन्द्रनगर, सूर्खेत ।

तपसिल

क्र.सं.	कम्पनीको नाम	शेयर कित्ता
१.	सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड	१,०८,०००

शर्तहरु:

१. माथि उल्लेखित वित्तीय संस्थाको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ र साथै एन आई सी एशिया बैंकका माथि उल्लेखित शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले बैंकको छाप लगाएको आवेदन फारम खरिद गरी लिन सक्नु हुनेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।
३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
४. शेयर खरिदको लागि **न्युनतम मुल्य प्रति कित्ता रु २३०/- (अक्षरेपी दुई सय सैतिस मात्र)** तोकिएको हुँदा उक्त मुल्य भन्दा कम मुल्य अंकित गरि पेश गरेको आवेदन स्वत: रद्द हुनेछ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्युनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन।
६. शिलबन्दी खाम बाहिर **"सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहालाप गरिएको हुनु पर्नेछ।
७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०८०/०२/१६ पश्चात् यस वित्तीय संस्थाबाट घोषणा हुने हकप्रद शेयर, बोनस शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
८. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
९. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीका लागि तोकिएको Fit & Proper Test (अनुसुचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्वः घोषणा समेत पेश गर्नुपर्नेछ।
१०. सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता बैंकमा निहित रहने छ।
११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।
१२. बोलपत्र मिति २०८०/०२/२३ गते बैंकिङ्ग समय भित्र एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ वा तोकिएको संकलन केन्द्रमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।
१३. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।
१४. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलाल कहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदि संलग्न गर्नुपर्नेछ ।
१५. स्वीकृत आवेदकलाई बाँडफाँड गर्ने बिक्रीकर्ता बै

तलबबाहेकका सबै भत्ता कटौती

प्रशासन संयन्त्रमा देखिएका विकृति र अनावश्यक खर्च रोक्ने बजेटको घोषणा, अत्यावश्यकबाहेक मन्त्रीको विदेश भ्रमणमा पनि रोक

सुवास भट्ट/नयाँ पत्रिका

तलबको अतिरिक्त राष्ट्रसेवकहरूले पाउने सबै प्रकारका भत्ता खारेज गर्ने घोषणा सरकारले गरेको छ। आगामी आवमा प्रोत्साहन, अतिरिक्त समयलगायतका सबै प्रकारका भत्ता खारेज गर्ने घोषणा बजेटमै आएको हो। कोभिड महामारीलगत्तै सरकारले ०७७ वैशाखदेखि नै भत्ता रोक्दै आएको छ। तर, संघकै कर्मचारीले अहिले पनि बैठक, भ्रमणलगायतका नाममा भत्ता खाँदै आएका छन्।

०७८ माघमा सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कर्मचारीलाई तलबको ६५ प्रतिशतसम्म प्रोत्साहन भत्ता दिने निर्णय गरेको थियो। कोभिडअघि कतिपय कार्यालयले न्यूनतम मासिक तलबको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिन्थे जुन ०७७ यता भने रोकिएको छ। १६ घन्टा ड्युटीमा खटिनुपर्ने काठमाडौं उपत्यकाका ट्राफिक प्रहरीलाई सरकारले १० देखि ४० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिएको थियो। उता, प्रदेश र स्थानीय तहमा कर्मचारी र पदाधिकारीहरूले कानुनविपरीत विभिन्न शीर्षकमा भत्ता लिँदै आएका छन्। बजेटमार्फत गरिएको घोषणाले अब यस्ता सबैखाले भत्ता कटौती हुनेछ। नेपाल सरकारबाट अनिवार्य रूपमा प्रतिनिधित्व गर्नुपर्नेबाहेक अन्य वैदेशिक भ्रमणलाई निरुत्साहित गर्ने घोषणा पनि बजेटले गरेको छ।

■ पदाधिकारीलाई गाडीको सट्टा एकमुस्ट नगद, इन्धनमा पनि नगदै

सरकारले महँगो मूल्यमा सवारीसाधन किन्ने प्रवृत्ति निरुत्साहित गर्ने नीति पनि लिएको छ। सवारीसाधनको सुविधा पाउने पदाधिकारीलाई अब त्यसको सट्टा एकमुस्ट नगदै दिने घोषणा गरेको हो। विगतमा इन्धन सुविधा लिँदै आएका उनीहरूले अब यसबापत पनि नगदै पाउनेछन्।

हरेक वर्ष महँगा सवारीसाधन किन्ने, जगेर्ना नगर्ने र मर्मत तथा व्यवस्थापन शीर्षकमा अरू बजेट लिएर हिनामिना गर्ने अभ्यास संघदेखि स्थानीय तहसम्मै छ। कतिपयले त कमिसनकै लागि आवश्यकताविना नै सवारीसाधन किनेर थन्क्याउने गरेका छन्। त्यस्तै, इन्धन सुविधाका नाममा पनि ठूलो बेथिति छ। अब सरकारले मापदण्ड बनाएर नगदमै सुविधा दिने बजेट वक्तव्यमा उल्लेख छ। 'सरकारी सवारीसाधनको सञ्चालन र व्यवस्थापनमा हुने बढ्दो खर्च नियन्त्रण गर्न सरकारी सवारीसाधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारीसाधनको सट्टा तोकिएको मापदण्डका आधारमा एकमुस्ट नगदै प्रदान गर्ने व्यवस्थाको सुरुवात गरिनेछ,' बजेटको ४९ नम्बर बुँदामा उल्लेख छ।

■ अत्यावश्यकबाहेक नयाँ भवन नबनाउने, थोत्रा गाडी ६ महिनाभित्र लिलाम

सरकारले आगामी आवमा अत्यावश्यकबाहेक नयाँ भवन निर्माण नगर्ने घोषणा पनि गरेको छ। पुरानै संरचनाबाट व्यवस्थापन भए पनि कतिपय कार्यालयले भवन निर्माणमा करोडौँ खर्च गर्ने प्रवृत्ति छ। यो रोग स्थानीय तहमा झन् विकराल बनिरहेको छ। स्थानीय तहहरूले आवश्यकता र औचित्यविना नै करोडौँका विलासी भवन बनाइरहेका छन्। त्यसलाई रोक्न सरकारले बजेटमार्फत नै नयाँ व्यवस्था ल्याएको हो। इन्धन, कार्यालयसम्बन्धी सामानलगायत प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्ने पनि बजेटमा उल्लेख छ। त्यस्तै, सरकारी निकायमा रहेका पुराना र प्रयोगविहीन सवारीसाधनलगायतका सामान ६ महिनाभित्र लिलाम गर्ने पनि बजेटमा उल्लेख छ। प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, प्रहरीलगायतका कार्यालयमा ठूलो संख्यामा यस्ता थोत्रा सवारीसाधन छन्। तर, तिनको लिलामी गरिएको छैन। बजेटले यसै सम्बन्धमा नीतिगत व्यवस्था नै गरेको हो।



■ नयाँ संरचना र दरबन्दी सिर्जना नगरिने, परामर्श र सेवा करारमा नियन्त्रण

सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आवमा नयाँ संरचना र दरबन्दी सिर्जना नगर्ने घोषणा पनि बजेटले गरेको छ। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाउने बजेट वक्तव्यमा उल्लेख छ। यसका लागि सम्बन्धित मन्त्रालय र निकायले आगामी मंसिर महिनाभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एन्ड एम) गर्नुपर्ने व्यवस्था बजेटले गरेको छ। चालू आवको बजेटमार्फत सरकारले घोषणा गरेको संघमा १० प्रतिशत कर्मचारी कटौती गर्ने निर्णय कार्यान्वयन भएन, अहिले पुनः नयाँ घोषणा आएको छ। भएकै संरचनाको ठाउँमा नयाँ संरचना खडा गरेर व्ययभार थप्ने विकृतिलाई पनि बजेटले रोक्ने घोषणा गरेको छ। त्यस्तै, परामर्श सेवामा भएको अनावश्यक फजुल खर्च रोक्ने पनि उल्लेख छ। सेवा करारलाई नियन्त्रण गर्ने प्रयत्नमा समेत सरकार देखिन्छ। बजेटको ५० नम्बर बुँदामा सरकारका नियमित संरचनाबाट सम्पादन हुने कामका लागि अलग्गै संरचना वा निकाय सिर्जना गर्न र परामर्श सेवा लिन तथा स्वीकृत दरबन्दीभन्दा बढी संख्यामा सेवा करार लिन नपाइने व्यवस्था गरेको छ।



■ आयोजना तथा कार्यक्रममा विभागीय र आयोजना प्रमुखलाई जिम्मेवार बनाइने

विकास आयोजना तथा कार्यक्रमका निर्धारित लक्ष्य हासिल गर्न आयोजना प्रमुख र विभागीय प्रमुखलाई जिम्मेवार बनाउने नीति सरकारले लिएको छ। आयोजना प्रमुख छनोट र सरुवाको मापदण्ड बनाउने घोषणा पनि गरेको छ। पूर्वाधार, आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायमा छोटो अवधिमै मनपरी सरुवा हुँदा निर्माण तथा कार्यान्वयन प्रभावित भएको भन्दै सरकारले यस्तो व्यवस्था गरेको हो।

अब आयोजना अवधिभर वा निश्चित अवधि तोकेर आयोजना प्रमुख खटाउने तथा कार्यसम्पादन प्रगतिका आधारमा मात्र आयोजना प्रमुख हेरफेर गर्ने प्रणाली विकास गर्ने घोषणा बजेटको छ। 'पटक-पटक आयोजना प्रमुख फेरिँदा कार्यान्वयनमा प्रतिकूल असर पर्ने गरेकाले आयोजना अवधिभर वा निश्चित अवधि तोकेर आयोजना प्रमुख खटाउने तथा कार्यसम्पादन प्रगतिका आधारमा मात्र आयोजना प्रमुख हेरफेर गर्ने प्रणाली विकास गरिनेछ,' बजेटमा उल्लेख छ।

■ अतिरिक्त हुलाक खारेज हुने, करिब ११ हजार कर्मचारीलाई सुविधासहित अवकाश

सरकारले अतिरिक्त हुलाकलाई खारेज गरेर त्यहाँ कार्यरत कर्मचारीलाई सुविधासहित अवकाश दिने घोषणा गरेको छ। हुलाक सेवा विभागका अनुसार अतिरिक्त हुलाकतर्फ हाल १० हजार आठ सय ५८ दरबन्दी कायम छ। त्यसमा तीन हजार ७४ हुलाक प्रतिनिधि, तीन हजार २४ पत्र वितरक र चार हजार सात सय ६० डाँकबाहक छन्।

विभागका अनुसार अतिरिक्त हुलाकतर्फका कर्मचारीका लागि मात्र वार्षिक एक अर्ब रुपैयाँभन्दा बढी खर्च हुन्छ। तर, खर्चको तुलनामा त्यसको नतिजा भने पुष्टि हुन सकेको छैन। सातामा दुई दिन दुई घन्टा काम गरेबापत उनीहरूलाई सरकारले मासिक तलब दिन्छ। स्थायी सेवामा रहेका कर्मचारीको ५८ वर्षे उमेरहद पनि उनीहरूका हकमा लागू हुँदैन। जसको परिणामस्वरूप बाँचुञ्जेल उनीहरूका नाममा तलब जान्छ। अतिरिक्त हुलाकमा ६० वर्षमाथिकाको संख्या पनि धेरै छ।

हुलाक सेवा सुधारका लागि पूर्वसचिव शंकरप्रसाद अधिकारीको संयोजकत्वमा गत वर्ष सरकारले गठन गरेको हुलाक सुधार कार्यदलले पनि अतिरिक्त हुलाक खारेज गर्न सिफारिस गरेको थियो। हुलाक सेवालाई पुनर्स्थापना गरी एक स्थानीय तह एक हुलाकको अवधारणा कार्यान्वयनमा ल्याइने घोषणा पनि बजेटले गरेको छ। हाल सञ्चालनमा रहेका हुलाक बचत बैंकका खातालाई 'क' वर्गका सरकारी बैंकमा स्थानान्तरण गरी हुलाक बचत बैंक खारेज गर्नेसमेत बजेट वक्तव्यमा उल्लेख छ।

२१ सार्वजनिक संस्था खारेजीको घोषणा



सार्वजनिक खर्च पुनरावलोकन आयोग, ०७५ ले सिफारिस गरेकामध्ये २१ सार्वजनिक संस्थालाई खारेज वा एकआपसमा गाभ्ने सरकारले घोषणा गरेको छ। आगामी आर्थिक वर्ष ०८०-८१ को बजेटमार्फत अर्थमन्त्री डा. प्रकाशशरण महतले यस्तो जानकारी दिएका हुन्। बजेट वक्तव्यमा उल्लेख्य भएअनुसार थप पाँच सरकारी निकायलाई पुनर्संरचनासमेत गरिनेछ। पुनर्संरचनाका लागि निर्णय भएका निकायमा सीमानाका क्वारेन्टिन कार्यालय, पशु क्वारेन्टिन कार्यालय र खाद्य आयात-निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालय छन्। यी तीनवटै निकायलाई एउटै कार्यालय बनाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमातहत सञ्चालन गरिने बजेटमा उल्लेख छ।

कृषि तथा पशुसम्बन्धी प्रयोगशाला, फार्म केन्द्र र स्रोतकेन्द्रलाई प्रदेशमा हस्तान्तरण गर्ने, जिल्ला हुलाक कार्यालय र इलाका हुलाक कार्यालयलाई पुनर्संरचना गरी एक स्थानीय तह एक हुलाक राख्ने घोषणासमेत भएको छ। विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई एकआपसमा गाभ्ने तथा मालपोत र नापी कार्यालयलाई समेत क्रमशः एकीकृत गरी एकद्वारबाट जग्गा प्रशासनसम्बन्धी सेवा दिने बजेटमा उल्लेख छ। पर्यटन प्रवर्द्धनसम्बन्धी सबै विकास समिति प्रदेशलाई हस्तान्तरण गर्ने पनि बजेटमा उल्लेख छ।

खारेजी वा मर्ज सिफारिस भएका सार्वजनिक संस्थानहरू

संस्थाको विवरण	कैफियत
कपास विकास समिति	खारेज गर्ने
राष्ट्रिय दुग्ध विकास बोर्ड	खारेज गर्ने
फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय	खारेज गर्ने
अतिरिक्त हुलाक कार्यालय	खारेज गर्ने
बुढीगण्डकी जलविद्युत् आयोजना, वातावरण, मुआब्जा, वितरण, पुनर्वास तथा पुनर्स्थापना एकाइ	खारेज गरी बुढीगण्डकी जलविद्युत् कम्पनीमातहत राख्ने
केन्द्रीय धनादेश निर्देशनालय	खारेज गर्ने
महिला तथा बालबालिका विभाग	खारेज गर्ने
विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति	खारेज गर्ने
विभिन्न मोडिकल कलेज पूर्वाधार विकास समिति	खारेज गर्ने
जिल्ला निर्वाचन कार्यालयहरू	खारेज गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयको एकाइ राख्ने
तथ्यांक कार्यालय	खारेज गर्ने
विभिन्न ताल संरक्षण समिति	खारेज गर्ने
भूमिगत जलस्रोत विकास समिति	खारेज गर्ने
जलस्रोत अनुसन्धान तथा विकास केन्द्र	खारेज गर्ने
रेल्वे बोर्ड	खारेज गर्ने
कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समिति	खारेज गरी स्वास्थ्य मन्त्रालयमातहतको इपिडेमियोलोजी महाशाखामातहत राख्ने
राष्ट्रिय सूचना प्रविधि केन्द्र	खारेज गर्ने
रेडियो नेपाल र नेपाल टेलिभिजन	एकआपसमा गाभ्ने
नेपाल इन्टर मोडेल यातायात विकास समिति	खारेज गरी पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड
पर्वतीय प्रशिक्षण विकास समिति	पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानमा गाभ्ने

गृह र रक्षाको बजेट बढ्यो

यो वर्ष गृह र रक्षा मन्त्रालयअन्तर्गत नयाँ कार्यक्रम केही छैनन्। यद्यपि, बजेट भने वृद्धि भएको छ। गृह मन्त्रालयलाई करिब आठ अर्ब तथा रक्षा मन्त्रालयको बजेट चार अर्ब वृद्धि भएको छ।

गृह मन्त्रालयको बजेट अघिल्लो वर्ष एक खर्ब ८५ अर्ब ९४ करोड ६४ लाख थियो। यो वर्ष एक खर्ब ९४ अर्ब १६ करोड ५३ करोड विनियोजन भएको छ। गृहको धेरै बजेट प्रशासनिक खर्चमा सकिन्छ।

रक्षा मन्त्रालयको बजेट पनि करिब चार अर्ब वृद्धि भएको छ। गत वर्ष ५५ अर्ब तीन करोड ९५ लाख रहेकोमा यो वर्ष ५८ अर्ब ८४ करोड ४६ लाख छ। रक्षा बजेट ३.०७ प्रतिशतबाट बढेर ३.३६ पुगेको छ।

बजेटमा नेपाली सेनाको क्षमता अभिवृद्धि गर्ने, प्रतिरक्षा सामग्री उत्पादनमा आत्मनिर्भर हुँदै जाने, बंकरदेखि ब्यारेक कार्यक्रमलाई निरन्तरता दिने उल्लेख छ।

सबै सुरक्षा निकायलाई समयानुकूल, व्यावसायिक, दक्ष, आधुनिक र साधनस्रोत सम्पन्न बनाउने, डिजिटल फरेन्सिक ल्याबलाई अन्तर्राष्ट्रियस्तरको बनाउने, प्रहरी समायोजन प्रक्रिया अघि बढाउने, अध्यागमनमा इगेटको सम्भाव्यता अध्ययन गर्ने लगायतका विषय समावेश छन्।

९८ प्रकारका औषधिलगायत आधारभूत स्वास्थ्य सेवा निःशुल्क, विद्यालयमा जंकफुड खुवाउन निषेध

शिवहरि घिमिरे, मञ्जु टेलर/नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८०/८१ का लागि शिक्षा क्षेत्रमा अधिकांश पुरानै कार्यक्रमलाई निरन्तरता दिँदै र दोहोऱ्याउँदै बजेटको आकारमा झिनो वृद्धि गरेको छ। आगामी वर्ष समग्र शिक्षा क्षेत्रका लागि एक खर्ब ९७ अर्ब २९ करोड बजेट विनियोजन भएको छ।

सरकारका अर्थमन्त्री डा. प्रकाशरण महतले बजेट भाषणमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि विद्यालय शिक्षालाई सुधार गर्ने गरी बजेट वृद्धि गरेको बताएका हुन्। अघिल्लो वर्ष ०७९/८० मा एक खर्ब ९६ अर्ब ३८ करोड बजेट विनियोजन गरिएकोमा यो वर्ष झन्डै एक अर्बले शिक्षामा बजेट वृद्धि भएको हो। बजेटले कक्षा ६ सम्मका बालबालिकालाई दिने दिवा खाजामा जंकफुड दिन नपाइने, केही प्रदेशमा मेडिकल कलेज स्थापना गर्ने, छात्रवृत्ति कार्यक्रमलगायतलाई प्राथमिकतामा राखेको छ। सरकारले अघि सारेको आगामी बजेट योजनामा शिक्षा क्षेत्रका आसलाग्दा कार्यक्रमले कमै मात्र स्थान पाएका छन्। यो वर्ष सरकारले ल्याएको नयाँ कार्यक्रम भनेको कृषिजन्य सिकाइ नयाँ हो।

सरकारले गत वर्ष पालिकाले प्रधानाध्यापक छान्ने कार्यक्रम अघि सारेको थियो। तर, हालसम्म भक्तपुरको सूर्यविनायकले मात्रै यो कार्यक्रम लागू गरेको छ। अन्य पालिकामा यो कार्यक्रम लागू हुन सकिरहेको छैन। गत वर्ष सरकारले नेपाल विश्वविद्यालयलाई चलाउने योजना अघि सारेकोमा यो वर्ष पनि त्यसैलाई निरन्तरता दिएको छ।

उच्च शिक्षालाई अनुसन्धानमा जोड्ने योजना पनि १० वर्षअघिको योजना हो। तर, गुणस्तरीय शिक्षा कसरी सुनिश्चित गर्नेबारे सरकारको कार्यक्रमले सन्तोषजनक ढंगले समेटेको पाइन्न। यो वर्ष सातै प्रदेशमा विश्वविद्यालयलाई लैजाने र शिक्षामा उपयोगी नवीतम कार्यक्रम सरकारले अघि सारेन। छात्राहरूलाई स्यानिटरी प्याड वितरण गर्ने कार्यक्रम पनि गत वर्षकै हो।

सरकारले दिवा खाजा कार्यक्रमका लागि आठ अर्ब ४५ करोड बजेट विनियोजन गरेको छ। अर्थमन्त्री महतले बजेट सार्वजनिक गर्दै विद्यालयहरूले जंकफुड दिन नपाउने गरी बजेट विनियोजन गरिएको बताएका हुन्। सरकारले शिक्षा यो वर्ष अघि सारेका कतिपय योजना दुरुस्तै गत वर्षकै छ।

गत वर्ष घोषणा गरे पनि काम सुरु नभएपछि यो वर्ष फेरि सरकारले तीन योजनालाई बजेट भाषणमा अघि सारेको छ। गत वर्ष सरकारले बजेटमा मेडिकल कलेज स्थापना प्राथमिकतामा राखेको थियो। बुटवल मेडिकल कलेज र लुम्बिनी प्रादेशिक अस्पताल, सहकार्यमा सम्बन्धित विश्वविद्यालयअन्तर्गत मेडिकल कलेज सञ्चालन गर्ने सरकारको योजना छ। गत वर्ष नै अघि सारिएको डडेल्धुरामा मेडिकल कलेज स्थापनाको प्रक्रियालाई यो वर्ष पनि निरन्तरता दिइएको छ।

सरकारले विद्यालयमा विद्यार्थीको आकर्षण र सहभागिता बढाउन सिकाउने र टिकाउने कार्यक्रम अघि सारेको छ। अर्थमन्त्री डा. महतले विद्यालयमा बालबालिका टिकाउने कार्यक्रम सञ्चालन गरिने बताएका हुन्। हिमाली तथा दुर्गम क्षेत्रका बालबालिकालक्षित कार्यक्रम पनि सरकारले यो वर्ष सञ्चालन गर्ने भएको छ। त्यस क्षेत्रमा धेरै बालबालिका शिक्षाको पहुँचमा नआएको र विद्यालयको भौतिक संरचना पनि दयनीय भएको भन्दै त्यसलाई सरकारले प्राथमिकतामा राख्ने जनाएको हो।

स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाइने लक्ष्यलाई प्राथमिकतामा राखेको सरकारले सबै पुरानै कार्यक्रमलाई निरन्तरता दिएको हो।

कोभिडलगायत संक्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचारलाई प्राथमिकता दिइने, डेंगु रोग रोकथाम तथा नियन्त्रणका लागि 'डेंगु रोग सार्ने लामखुट्टेको लार्भा र वासस्थान खोज र नष्ट गर अभियान' सञ्चालन गरिने, औलो, कालाजार, हात्तीपाइलेलगायतका अन्य मौसमी र किटजन्य रोगको रोकथाम गर्न आवश्यक रकम विनियोजन गरेको जनाइएको छ। सरुवा रोग नियन्त्रणका लागि ४६ करोड विनियोजन गरिएको छ। जसमा, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताललाई तीन सय शय्यामा विस्तार गरिने र पोखरा, सुर्खेत, डोटी र भरतपुरमा निर्माणाधीन प्रादेशिक सरुवा रोग अस्पताल

शिक्षाका मुख्य कार्यक्रम

- **गत वर्षकै 'पढ्दै कमाउँदै' कार्यक्रमजस्तै 'कृषिजन्य सिकाइ' कार्यक्रम पनि**
- **दिवा खाजा कार्यक्रमका लागि आठ अर्ब ४५ करोड विनियोजन**
- **मेडिकल कलेजका पुरानै योजना हुबहु**
- **विद्यालयमा 'सिकाउने र टिकाउने कार्यक्रम'**
- **हिमाली तथा दुर्गम क्षेत्रका बालबालिकालाई आवास खर्च दिइने**

चार प्रादेशिक अस्पताल बनाइने

काठमाडौं/ सरकारले आगामी आर्थिक वर्षका लागि स्वास्थ्यमा ८३ अर्ब ९९ करोड रुपैयाँ बजेट छुट्याइएको छ। जुन चालू आवको तुलनामा २० अर्बले कम हो। चालू आवमा स्वास्थ्यमा एक खर्ब तीन अर्ब १८ करोड बजेट छुट्याएको थियो। संघीय मन्त्रालयमा ६९ अर्ब ३८ करोड, प्रदेशमा ६ अर्ब ३६ करोड र स्थानीय तहमा २७ अर्ब ४४ करोड बजेट छुट्याइएको थियो।

सरकारले आगामी आर्थिक वर्षको बजेटमा स्वास्थ्यका पुरानै कार्यक्रमलाई निरन्तरता दिएको छ। 'गुणस्तरीय स्वास्थ्य उपचार : जनताको अधिकार' भन्ने नाराका साथ आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइने र विशिष्टिकृत स्वास्थ्यका मुख्य कार्यक्रम

- **आधारभूत स्वास्थ्य सेवा निःशुल्क**
- **कडा रोगका बिरामीलाई मासिक भत्ता र अनुदानमा निरन्तरता**
- **पाठेघरको क्यान्सर रोकथामका लागि खोप**
- **अस्पतालहरूको स्तरोन्नति गरिने**
- **ज्येष्ठ नागरिकका लागि जेरियाट्रिक वार्ड**

आगामी वर्ष सम्पन्न गरी सञ्चालनमा ल्याइने भएको छ। क्षयरोगमुक्त नेपाल अभियानअन्तर्गत एक अर्ब १५ करोड रकम विनियोजन गरिएको छ।

देशभरका ६ हजार सात सय ४३ वडाका आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट ९८ प्रकारका औषधि, खोपलगायतका आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन सरकारले एक अर्ब २८ करोड विनियोजन गरेको छ। क्यान्सर, मेरुदण्ड पक्षघात र मिर्गौला प्रत्यारोपण गरेका तथा डायलाइसिस गराइरहेका बिरामीलाई औषधि उपचार खर्चबापत दिँदै आएको मासिक पाँच हजार रुपैयाँलाई निरन्तरता दिइएको छ। बजेटमा मातृ तथा नवशिशु कार्यक्रम र आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिने उल्लेख छ। महिलामा देखिने पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको निःशुल्क शीघ्र पहिचान र प्रारम्भिक उपचारलाई क्रमशः विस्तार गरिने जनाइएको छ।

सरकारले आगामी वर्षमा अस्पतालको स्तरोन्नति गर्ने भएको छ। सहिद धर्मभक्त राष्ट्रिय मानव अंग प्रत्यारोपण केन्द्रको क्षमता विकास गरिने, शहिद गंगालाल हृदय केन्द्रमा अत्याधुनिक ब्लड बैंक सञ्चालनमा ल्याइने, भरतपुर क्यान्सर अस्पतालमा पेट स्क्यान मेसिन तथा साइक्लोटोन उत्पादन गर्ने मेसिन खरिद गरिने भएको छ। काठमाडौंको वीर अस्पतालमा रहेको बर्न युनिटलाई स्तरोन्नति गरिने, निजामती अस्पतालमा सुपर स्पेसियालिटी सेवा दिइने, प्रादेशिक अस्पतालको समन्वयमा प्रदेशस्तरमा निजामती अस्पतालको सेवा विस्तार गरिने भएको छ। ज्येष्ठ नागरिकका लागि सरकारी अस्पतालमा सञ्चालनमा रहेका जेरियाट्रिक वार्डलाई प्रभावकारी बनाइने भएको छ। बुढ्यौली उमेरमा देखिने डिमेन्सिया र अल्जाइमर्स रोगको स्क्रिनिङ गरी नजिकको विशिष्टीकृत अस्पतालसँगको समन्वयमा उपचारको व्यवस्था मिलाइने भएको छ।



Vacancy for Civil Engineers

A construction company intends to recruit few civil engineers having 1 to 3 years' experience in Building construction capable to invoice preparation and project documentation. Working place is outside valley. Salary will be lucrative for deserving candidates.

Interested engineers may apply with full credential and certificates at **vacancy.nns@gmail.com**
Fresh engineers may also apply for overseers post at **vacancy.nns@gmail.com**

समय थप गरिएको सम्बन्धमा

मिति : २०८०/०२/१६

यस चन्द्रागिरि हिल्स लि. बाट मिति २०८०/०२/०३ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा दरभाउपत्र पेश गर्नको लागि मिति २०८०/०२/१७ सम्मको म्याद तोकि आव्हान गरिएकोमा सो अवधिमा ७ दिनको समय थप गरि मिति २०८०/०२/२४ भित्रमा दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यस सूचना प्रकाशित गरिएको छ।

चन्द्रागिरि हिल्स लि.
थानकोट काठमाडौं, फोन नं ०१-४३१२५१५, ४३११७१९
इमेल : sunil.shakya@chandragirihills.com

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

ए जी हेल्थ इण्डष्ट्रिज प्रा. लि. द्वारा उत्पादित NS-587 चिन्ह प्राप्त 'Sagun Sanitary Pad ' को अधिकतम खुद्रा बिक्रि मूल्य प्रति प्याकेटको मुल्य सुचि निम्न अनुसार रहेको छ।

विवरण	प्रकार	साइज	परिमाण	मुल्य
Cotton Comfort Sagun pad	Regular	240 mm	8	60
Cotton Comfort Sagun pad	Ultra	240 mm	8	80
Cotton Comfort Sagun pad	Regular	280 mm	8	80
Cotton Comfort Sagun pad	Ultra	280 mm	8	100
Sagun Cotton Comfort pad	Regular	290 mm XL	8	90
Cotton Comfort Sagun pad	Regular	320 mm XXL	8	120
Cotton Comfort Sagun pad	Ultra	320 mm	8	120

ए जी हेल्थ इण्डष्ट्रिज प्रा. लि.
तिलोत्तमा न.पा. १६, मधवलिया, रुपन्देही
फोन नं: ०७१-५६१३१५
An ISO 9001:2015 certified company

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँगा गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
७)	७) प्रदेश सरकार, प्रदेश नं. ५ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा कपिलवस्तुमा सा.फ.द.प्र.प.नं. ७८३३/०७५/०७६, अन्तर्गत मिति २०७५/०४/१४ मा साझेदारी ऐन, २०७६ बमोजिम दर्ता भएको कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ स्थित मां साकम्बरी ईंट्टा उद्योग । **साझेदारहरु:** ७) गणेश कुमार मिश्र २) चमुना प्रसाद मिश्र ३) नारायण प्रसाद पन्थ ४) धन प्रसाद पौडेल ५) अभय कुमार मिश्र ६) सुर्य बहादुर अधिकारी क्षेत्री

जमानीकर्ताहरुको विवरण

७) विरेन्द्र कुमार मिश्र स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ बाबु: पारस नाथ मिश्र बाजे: सोहरत मिश्र	**२) अभिषेक कुमार मिश्र** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ बाबु: चमुना प्रसाद मिश्र बाजे: पारस नाथ मिश्र	**३) गणेश कुमार मिश्र** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ बाबु: पारस नाथ मिश्र बाजे: सोहरत मिश्र	**४) चमुना प्रसाद मिश्र** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, कुशहवा गा.वि.स. वडा नं. ८ हालको ठेगाना: कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ बाबु: पारस नाथ मिश्र बाजे: सोहरत मिश्र
५) सुर्य बहादुर अधिकारी क्षेत्री स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: हिरा बहादुर अधिकारी क्षेत्री बाजे: खड्क बहादुर अधिकारी	**६) हिरा बहादुर अधिकारी क्षेत्री** स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: खड्क बहादुर अधिकारी बाजे: कर्ण बहादुर अधिकारी	**७) चन्द्र बहादुर अधिकारी** स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: हिरा बहादुर अधिकारी क्षेत्री बाजे: खड्क बहादुर अधिकारी	**८) अभय कुमार मिश्र** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ बाबु: विरेन्द्र कुमार मिश्र बाजे: पारस नाथ मिश्र
९) धन प्रसाद पौडेल स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. ६ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ बाबु: केशव उपाध्याय बाजे: देवी प्रसाद उपाध्याय	**१०) विष्णु माया पराजुली** स्थायी ठेगाना: रुपन्देही जिल्ला, शंकरनगर गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ बाबु: ठेकनाथ पराजुली ससुरा: केशव उपाध्याय पति: धन प्रसाद पौडेल	**११) नारायण प्रसाद पन्थ** ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. १ बाबु: ओम प्रसाद पन्थ बाजे: केशवराज पन्थ	**१२) सुशिला थापा अधिकारी क्षेत्री** ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: लिल बहादुर थापा ससुरा: हिरा बहादुर अधिकारी क्षेत्री पति: सुर्य बहादुर अधिकारी क्षेत्री
१३) श्रीमति मन कुमारी अधिकारी स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: श्याम बहादुर कार्की ससुरा: खड्क बहादुर अधिकारी पति: हिरा बहादुर अधिकारी क्षेत्री	**१४) लक्ष्मी कार्की** स्थायी ठेगाना: गुल्मी जिल्ला, जोहाङ्ग गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: निर बहादुर कार्की ससुरा: हिरा बहादुर अधिकारी क्षेत्री पति: चन्द्र बहादुर अधिकारी	**१५) गणेश पौडेल** स्थायी ठेगाना: रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. १४ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ बाबु: धन प्रसाद पौडेल बाजे: केशव उपाध्याय	**१६) रेखा पोखेल** स्थायी ठेगाना: रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. १ बाबु: एकनाथ पोखेल ससुरा: ओम प्रसाद पन्थ पति: नारायण प्रसाद पन्थ

ऋणीको विवरण

२) सुर्य बहादुर अधिकारी क्षेत्री
स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २
हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २
बाबु: हिरा बहादुर अधिकारी क्षेत्री
बाजे: खड्क बहादुर अधिकारी

जमानीकर्ताहरुको विवरण

१) हिरा बहादुर अधिकारी क्षेत्री स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: खड्क बहादुर अधिकारी बाजे: कर्ण बहादुर अधिकारी	**२) चन्द्र बहादुर अधिकारी** स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: हिरा बहादुर अधिकारी क्षेत्री बाजे: खड्क बहादुर अधिकारी	**३) सुशिला थापा अधिकारी क्षेत्री** ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: लिल बहादुर थापा ससुरा: हिरा बहादुर अधिकारी क्षेत्री पति: सुर्य बहादुर अधिकारी क्षेत्री
४) श्रीमति मन कुमारी अधिकारी स्थायी ठेगाना: रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: श्याम बहादुर कार्की ससुरा: खड्क बहादुर अधिकारी पति: हिरा बहादुर अधिकारी क्षेत्री	**५) लक्ष्मी कार्की** स्थायी ठेगाना: गुल्मी जिल्ला, जोहाङ्ग गा.वि.स. वडा नं. २ हालको ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बाबु: निर बहादुर कार्की ससुरा: हिरा बहादुर अधिकारी क्षेत्री पति: चन्द्र बहादुर अधिकारी	

धितोको विवरण

१) सोहरत मिश्रको नाती, पारस नाथ मिश्रको छोरा, कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ बस्ने गणेश कुमार मिश्रको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५क (हाल बुद्धभुमी न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८ र १४६५ को क्षेत्रफल क्रमश: १-१-१० र ०-२-० (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) पारस नाथ मिश्रको नाती, चमुना प्रसाद मिश्रको छोरा, कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ बस्ने अभिषेक कुमार मिश्रको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५क (हाल बुद्धभुमी न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४७० र १४६७ को क्षेत्रफल क्रमश: ०-१७-२ र ०-१-० (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

३) सोहरत मिश्रको नाती, पारस नाथ मिश्रको छोरा, कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभुमी न.पा. वडा नं. ८ बस्ने विरेन्द्र कुमार मिश्रको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५क (हाल बुद्धभुमी न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६६ र १४६९ को क्षेत्रफल क्रमश: ०-२-० र ०-१९-१८ (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

४) कर्ण बहादुर अधिकारीको नाती, खड्क बहादुर अधिकारीको छोरा, रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बस्ने हिरा बहादुर अधिकारी क्षेत्रीको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, परौहा गा.वि.स. वडा नं. २ख (हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६११ को क्षेत्रफल १-०-० (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

५) कर्ण बहादुर अधिकारीको नाती, खड्क बहादुर अधिकारीको छोरा, रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बस्ने हिरा बहादुर अधिकारी क्षेत्रीको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, परौहा गा.वि.स. वडा नं. ५ ग (हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २) स्थित कित्ता नं. १३८५ को क्षेत्रफल ०-०-१०$^{9/8}$ (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

६) खड्क बहादुर अधिकारीको नाती, हिरा बहादुर अधिकारी क्षेत्रीको छोरा, रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. २ बस्ने चन्द्र बहादुर अधिकारीको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, गाजेडी गा.वि.स. वडा नं. ५ ज (हाल रुपन्देही जिल्ला, कञ्चन गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ५५९ को क्षेत्रफल ०-१५-१५ (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

७) मां साकम्बरी ईंट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिर्दि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

प्रधानमन्त्रीले संसद्मा सुनाए भारत भ्रमणका एजेन्डा



● **प्रचण्ड, प्रधानमन्त्री**

व्यापार, पारवहन, लगानी प्रवर्द्धन, ऊर्जा क्षेत्रमा व्यापार तथा अन्तरदेशीय विद्युत् प्रसारण लाइन, सिँचाइ, बाढी तथा डुबान नियन्त्रण, कृषि, हवाई प्रवेशमार्ग, एयर रुट, सम्पर्क सञ्जाल निर्माण, पक्की पुल निर्माण तथा एकीकृत जाँच चौकी एवं आन्तरिक कन्टेनर डिपोजस्ता पूर्वाधार निर्माण कार्य अगाडि बढाउनेलगायतका विषयमा छलफल हुनेछ

कमलराज भट्ट / नयाँ पत्रिका

भारत भ्रमणको पूर्वसन्ध्यामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भ्रमणका एजेन्डाबारे संसद्लाई जानकारी गराएका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रचण्डले १७ देखि २० जेठसम्म हुन लागेको भारतको औपचारिक भ्रमणबारे सदनलाई जानकारी गराएका हुन् ।

प्रधानमन्त्री प्रचण्डका अनुसार भारतीय प्रधानमन्त्रीसँग नेपाल-भारत सम्बन्धका विविध पक्षमा वार्ता गर्ने तयारी रहेको छ । 'व्यापार, पारवहन, लगानी प्रवर्द्धन, ऊर्जा क्षेत्रमा व्यापार तथा अन्तरदेशीय विद्युत् प्रशारण लाइन, सिँचाइ, बाढी तथा डुबान नियन्त्रण, कृषि, हवाई प्रवेशमार्ग, एयर रुट, सम्पर्क सञ्जाल निर्माण, पक्की पुल निर्माण तथा एकीकृत जाँच चौकी एवं आन्तरिक कन्टेनर डिपोजस्ता पूर्वाधार निर्माण कार्य अगाडि बढाउनेलगायतका विषयमा छलफल हुनेछ,' उनले भने 'हवाई मार्गको सहजता एवं सुदूरपश्चिम प्रदेशका सीमावर्ती जिल्लालाई भारतसँग जोड्ने मोटरेबल र झोलुंगे पुल निर्माणको सम्बन्धमा समेत यो भ्रमणमा छलफल हुनेछ ।'

नेपालका नदीहरूमा विभिन्न जलविद्युत् आयोजनामा नेपालको हित सुनिश्चित हुने गरी भारतीय लगानी भित्र्याउने, द्विपक्षीय ऊर्जा व्यापारका लागि ट्रान्समिसन लाइनलगायतका संरचनाको निर्माण गर्ने र जलविद्युत् निर्यातका लागि आधार सुनिश्चित गर्ने विषय प्राथमिकतामा रहेको प्रधानमन्त्री प्रचण्डले बताए । भारतको भूमिका हुँदै बंगलादेशसम्म जलविद्युत् निर्यातको विषयमा समेत योपटक ठोस कुराकानी हुने उनले बताए ।

प्रधानमन्त्री प्रचण्डका अनुसार पञ्चेश्वर परियोजनाको डिपिआर टुंग्याउने गरी भारतीय पक्षसँग वार्ता हुनेछ । 'महाकाली-सन्धिपश्चात् २६ वर्षसम्म पनि पञ्चेश्वर परियोजनामा प्रगति हुन सकेको छैन । सिँचाइ र जलविद्युत्का लागि महाकाली नदीको पानीको समान र साझा उपयोग हुने गरी यस परियोजनाको डिपिआरलाई टुंगोमा पुऱ्याउनेतर्फ पनि ठोस छलफल गरिनेछ ।' उनले भने, 'द्विपक्षीय वार्ताको माध्यमबाट तयार गरिएको नयाँ पारवहन सन्धिलाई टुंगोमा पुऱ्याउने प्रयास पनि यस छलफलमा हुनेछ,' उनले भने ।

इतिहासदेखि नै थाँती रहेका सीमा समस्यालगायतका कतिपय विषय सम्बोधन गर्न ठोस विश्वासको वातावरण बनाउने गरी छलफल अगाडि बढाइने उनले बताए ।

प्रधानमन्त्री प्रचण्डले नेपाल-भारत सम्बन्ध र सहकार्यका विभिन्न क्षेत्रका विषयमा हुने छलफल तथा सम्झौता र समझदारीपत्रमा हस्ताक्षर हुने कार्यक्रम रहेकाले सोहीअनुरूप प्रतिनिधिमण्डल गठन गरिएको प्रचण्डले बताए । उनका अनुसार भ्रमण दलमा परराष्ट्रमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री, भौतिक पूर्वाधारमन्त्री, उद्योगमन्त्रीसहित विभिन्न मन्त्रालयका सचिव, अन्य वरिष्ठ सरकारी अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू एवं सञ्चारकर्मी सम्मिलित हुनेछन् ।

'आसन्न भारत भ्रमणका लागि अन्तिम चरणमा तयारी भइरहेको छ । नेपालको राष्ट्रिय हित र छिमेकी मित्रराष्ट्रसँगको मित्रवत् सम्बन्धलाई केन्द्रमा राखी पूर्वप्रधानमन्त्री, पूर्वपरराष्ट्रमन्त्री, विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू, कूटनीतिज्ञ तथा क्षेत्रगत विज्ञहरूलगायतसँग परामर्शसमेत गरी भ्रमणका क्रममा उठान गरिने विषयवस्तुका बारेमा गहिरोसँग बुझ्ने र सारभूत तयारी गर्ने कार्य भएको छ,' उनले भने ।

भ्रमणका क्रममा भारतीय राष्ट्रपति र उपराष्ट्रपतिसँग समेत शिष्टाचार भेटवार्ताको कार्यक्रम तय भएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग हैदराबाद हाउसमा द्विपक्षीय वार्ता हुनेछ । नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघले संयुक्त रूपमा आयोजना गर्ने नेपाल-भारत बिजनेस समिटलाई सम्बोधन गर्नुका साथै दुवै देशका उद्योगी व्यापारीसँग अन्तर्क्रिया गर्ने कार्यक्रमसमेत रहेको छ ।

यसरी महत्त्वपूर्ण विषयमा छलफल, सहमति र समझदारी भइसकेपछि नेपाल फर्किनुअघि मध्यप्रदेशको इन्दोर र उज्जैन भ्रमण गर्ने कार्यक्रमसमेत रहेको छ । इन्दोरमा स्वच्छ भारत अभियानअन्तर्गत सोलिड वेस्ट म्यानेजमेन्ट परियोजना र आइटी पार्कको अवलोकन गर्ने कार्यक्रम रहेको छ ।

■ भ्रमणको गृहकार्यका लागि 'एडभान्स' टोली मंगलबार दिल्ली आउँदै, सहमति तथा सम्झौतालाई अन्तिम रूप दिने

नयाँदिल्लीमा **पर्शुराम काफ्ले**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चारदिने औपचारिक भ्रमणको पूर्वसन्ध्यामा बुधबार दिल्लीमा नेपाल र भारतका अधिकारीहरूबीच द्विपक्षीय एजेन्डामा छलफल हुँदै छ । प्रधानमन्त्री प्रचण्ड आउनु अघिल्लो दिन मंगलबार दुई देशबीच ऊर्जा, वाणिज्य र व्यापारलगायतका एजेन्डामा छलफल गर्न नेपालको 'एडभान्स' टोली दिल्ली आउँदै छ ।

प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीबीच छलफलको एजेन्डा तय गर्न दुई देशका कूटनीतिक अधिकारीहरूबीच छलफल हुन लागेको हो । दुई देशका अधिकारीहरूबीच मुख्यतया कनेक्टिभिटी, विकास साझेदारी र जलविद्युत् विकासबारे छलफल हुनेछ ।

परराष्ट्र मन्त्रालयमा दक्षिण एसिया डिभिजन प्रमुख रामप्रसाद सुवेदीको नेतृत्वमा सरोकारवाला मन्त्रालयका सहसचिवहरूको टोलीले मंगलबार साँझ र बुधबार बिहान भारतीय टोलीसँग छलफल गर्नेछ । नेपाली टोलीमा भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्मा तथा वाणिज्य, ऊर्जा मन्त्रालयका सहसचिवहरू हुनेछन् ।

नेपालले भारतसँग मागेको हवाई रुट, दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह, वीरगन्जको एकीकृत जाँच चौकी (आइसिपी) उद्घाटन, भारतीय सहयोगमा क्रिकेट रंगशाला निर्माण, पानीजहाज, कृषिलगायतका विषयमा पनि छलफल हुनेछ ।

दिल्लीस्थित जानकारहरू के भन्छन् ?

जवाहरलाल नेहरू विश्वविद्यालयकी प्राध्यापक डा. संगीता थपलियाले यो भ्रमणले दुई सरकारबीच ऊर्जा व्यापार, पूर्वाधार, कनेक्टिभिटीमा हुने छलफललले सम्बन्ध थप सुदृढ गर्ने बताउँछिन् ।

'नेपाल र भारतबीचको विद्युत् व्यापार दुई देशको सफलताको कथा हो । गत वर्ष नेपालले भारतलाई विद्युत् बिक्री गरेर ११ अर्ब रुपैयाँ आम्दानी गरेको थियो । यसपटक हुने भनिएको ऊर्जा सम्झौताले ऊर्जा व्यापारलाई थप बढवा दिनेछ । नेपालबाट भारत हुँदै बंगलादेशसँग विद्युत् व्यापार सम्झौता भयो भने यो ऊर्जा व्यापारको क्षेत्रमा गेम चेन्जर हुनेछ,' उनले भनिन् ।

नेपाल-भारत सम्बन्धका जानकार एवं पूर्वराजदूत प्रोफेसर एसडी मुनीले नेपाल-भारत सम्बन्ध सही ठाउँमा रहेको र भारतका लागि पनि अनुकूल नै रहेको बताए । 'नेपालको राजनीतिक परिवेश अस्थिर छ, त्यसकारण यो भ्रमणमा ठूलो फैसला नहोला । प्रधानमन्त्रीको भ्रमणको एउटा पक्ष छँदै छ, अहिले काग्रेसको विश्वसनीयतामा जसरी ह्रास आएको छ, यसले भारतमा चिन्ता थपेको छ जस्तो लाग्छ,' उनले भने ।

नेपाल-भारत सम्बन्धका जानकार पूर्वमेजर जनरल अशोक मेहताको भनाइमा भ्रमणलाई लिएर नेपालमा जति उत्साह छ, भारतमा त्यसअनुसारको उत्साह भने छैन । उनका अनुसार अहिले भारतीय नेतृत्व जी-२० र जी-७ मा बढी व्यस्त छ । 'हाम्रो प्राथमिकतामा छिमेक छँदै छ, तर अहिले राजनीतिक नेतृत्वको व्यस्तता छिमेकभन्दा बाहिर धेरै छ,' उनी भन्छन्, 'नेपालको राजनीतिक स्थिरताका लागि भारतको रुचि र इन्गेजमेन्टको तह राजनीतिक तहमा बढ्नुपर्छ । प्रधानमन्त्री, विदेशमन्त्रीको तहमा भ्रमण भइरहनुपर्छ । यो भ्रमणले राजनीतिक क्रियाकलाप बढाउनेछ, भारतको रुचि पनि देखिनेछ । जसबाट नेपालको स्थिरता र सरकारको स्थिरतामा पनि योगदान पुग्नेछ । भारतले नेपालमा राजनीतिक प्रोफाइल बढाउनुपर्छ ।'

भारतका समाजवादी नेता एवं नेपाल-भारत सम्बन्धका जानकार सुधीन्द्र भदोरियाले प्रधानमन्त्री प्रचण्ड भारतका महत्त्वपूर्ण मित्र मात्र नभएर दक्षिण एसियाकै महत्त्वपूर्ण नेता भएकाले यो भ्रमणले नेपालमा शान्ति, लोकतन्त्र, स्थिरता र आर्थिक समृद्धिका लागि योगदान गर्ने टिप्पणी गरे ।

नेपाल-भारत सम्बन्धका जानकार एवं भारतको चिन्तन संस्था एमपिआइडिएसएका अध्येता डा. निहार नायकको बुझाइमा नेपालका हरेक प्रधानमन्त्रीको भारत भ्रमणको खास महत्त्व हुने गरेको छ ।

भारतका सुरक्षाविज्ञ नरेशकुमार सुद भन्छन्, 'नेपालको उच्चतम विकास र राजनीतिक स्थिरता यहाँको सुरक्षा समुदायको चाहना हो । बलियो र आत्मनिर्भर नेपाललेभारतको सुरक्षा हित सुरक्षित गर्छ । नेपालको पर्यटन, ऊर्जा र पानीको सर्वोत्तम विकासमा दुई देशबीच सहकार्य बढ्नुपर्छ । खुला सिमाना गलत तत्त्वहरूले दुरुपयोग नगरुन् भन्ने भारतको चासो पहिला पनि थियो, अहिले पनि छँदै छ ।'

■ भ्रमणको पूर्वसन्ध्यामा भारतीय संसद्मा नेपाललाई झस्काउने नक्सा

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार उद्घाटन गरेको नयाँ संसद् भवनमा अंकित अखण्ड भारतको नक्सामा नेपालको लुम्बिनी र कपिलवस्तु


हलमा फर्कियो 'हल्कारा'

रिलिजको तेस्रो हप्ताको सोमबारदेखि विश्वज्योति हलमा चलचित्र 'हल्कारा'को सो थपिएको छ। विश्वज्योति हलका म्यानेजर रविन पौडेलले दर्शकको डिमान्डका कारण सोमबार साँझ ६ बजेको सो राखिएको बताए। चलचित्रमा महेश त्रिपाठी, विनिता थापामगर, प्रकाश दाहाल, स्व. दीपक क्षेत्री, शारदा गिरी, पशुपति राईलगायतको अभिनय छ।

'राधा'को विशेष प्रदर्शन हुने

नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा 'द सेक्रेट अफ राधा' विशेष प्रदर्शनीमा राखिने भएको छ। महोत्सव असार ६ देखि १० गतेसम्म वासिङ्टन डिसीमा हुनेछ। चलचित्रमा सौगात मल्ल र सृष्टि श्रेष्ठको मुख्य भूमिका छ।

मिर्गौलाको पत्थरीबाट बच्ने उपाय





डा. अनिल शाह
कन्सल्टेन्ट युरोलोजिस्ट
नेपाल मेडिसिटी वयोधा अस्पताल
वीरगन्ज

पिसाबमा रहेका विभिन्न विकार र खनिज पदार्थको सम्मिश्रणबाट बनेको ठोस पदार्थ मूत्र प्रणालीमा बन्ने पत्थरी (स्टोन) हो। प्रायः पिसाबमा भएको पानीको मात्राले नै उक्त विकार पदार्थलाई पखालेर शरीरबाट बाहिर फाल्ने गर्छ। तर, पिसाबमा पानीको मात्रा कम भएको वेला ती खनिज पदार्थ एकअर्कासँग टाँसिएर ढुंगा बन्ने प्रक्रिया सुरु हुन्छ। नेसनल किड्नी फाउन्डेसनका अनुसार प्रत्येक १० जनामध्ये एकमा मूत्र प्रणालीमा पत्थरी बन्न सक्ने सम्भावना हुन्छ। महिलाभन्दा पुरुषमा दुईगुणा बढीले यो समस्या देखा पर्छ। पुरुषमा प्रायः ३० वर्षको उमेरपछि देखा पर्छ। यद्यपि, यो जुनसुकै उमेरमा पनि हुन सक्छ।

लक्षण

प्रायः सानो पत्थरीले कुनै प्रकारको लक्षण नदिन सक्छ र त्यो पिसाब गर्दा यत्तिकै बगेर जाने गर्छ। मध्यम तथा ठूलो साइजका पत्थरीले सामान्यतया दुःख दिन्छ।

पेट दुख्नु (कोखा दुख्नु, तल्लो पेट दुख्नु), पिसाबमा रगत जानु, वाकवाकी लाग्नु, बान्ता हुनु (दुखाइले), कामज्वरो आउनु आदि पत्थरीका प्रमुख लक्षण हुन्।

के खाने, के नखाने ?

- पत्थरीको मुख्य कारण पानी कम पिउनु हो। पिसाबमा पानीको मात्रा अत्यधिक भएको वेला पत्थरी बनाउने खनिज पदार्थ त्यसमा घोलिएर सजिलै पखालिन्छन्। सामान्यतया पिसाबको रङ हल्का पहेँलो हुनुपर्छ। कडा पहेँलो रङको पिसाब आउनुले शरीरमा पानी कम भएको संकेत गर्छ। पत्थरी बन्न नदिनका लागि कम्तीमा दैनिक दुईदेखि दुई दशमलव पाँच लिटर पिसाब फेर्न जरुरी हुन्छ। यसका लागि एक वयस्क व्यक्तिले दिनभरमा कम्तीमा दुई दशमलव पाँचदेखि तीन लिटर पानी पिउन आवश्यक छ।
- धेरै प्रोटिन भएका र नुनिला खानेकुराको सेवन घटाउनुपर्छ। एउटा वयस्क मानिसको दैनिक आहारमा बढीमा २३ सय मिलिग्राम नुन हुनुपर्छ। यो सालाखाला एक चम्चाबराबर हो। सेकुवा, प्याकिङ गरिएका खानेकुरा, आलु चिप्स, क्यान जुस, चाउचाउ र विभिन्न किसिमका अचारमा अत्यधिक मात्रामा नुन पाइन्छ। त्यसैले यस्ता खानेकुरा सकभर कम खानुपर्छ।
- अत्यधिक मोटोपनले यतिकै पनि मिर्गौलालाई तनावमा राख्ने गर्छ। यद्यपि, आफ्नो तौल सुरक्षित तरिकाले घटाउनुपर्छ। दैनिक आहारलाई एक्कासि नियन्त्रण गर्न खोज्नु हुँदैन। एकाएक कार्बोहाइड्रेटयुक्त खानेकुराको अत्यधिक कम सेवन र प्रोटिनयुक्त पदार्थको बढी सेवन गर्नुले मिर्गौलामा पत्थरी बनाउने प्रक्रियालाई बढावा दिन्छ।
- सन् २०१४ मा अमेरिकामा गरिएको एक अनुसन्धानबाट मिर्गौलामा पाइने पत्थरीमध्ये क्याल्सियम अग्जालेट स्टोन सर्वाधिक मात्रामा (६७ प्रतिशत) पाइएको तथ्यांक छ। पालुंगो साग, सलगम, चकलेट, काजु, बदाम, चिया, आँटा, ऐँसेलु, अंगुर, आलु आदिमा अत्यधिक अग्जालेट पाइन्छ। यद्यपि, एकपटक मिर्गौलामा पत्थरी देखा परिसकेका व्यक्तिले मात्र उल्लेखित खानेकुरा खानुहुँदैन। तर, स्वस्थ मानिसका लागि यी खानेकुरा दैनिक पोषणका स्रोत हुन्।
- क्याल्सियमयुक्त खानेकुराको सेवन बढाउनुपर्छ। दूध र यसबाट बनेका परिकार, प्याकिङ गरिएका फलफूलका जुस, सोया सस, क्यान गरिएका माछा र केही गेडागुडी आदि क्याल्सियमयुक्त खानेकुरा हुन्।
- अमेरिकामा सन् २०१४ मा गरिएको एक सर्वेक्षणले ६० प्रतिशत मिर्गौलाको पत्थरी भएका बिरामीको रगत र पिसाबमा साइट्रिक एसिडको मात्रा कम भएको देखाएको थियो। तसर्थ, कागतीपानी, सुन्तला, आँप, खरबुजाको रस आदिजस्ता साइट्रिक एसिड पर्याप्त मात्रामा पाइने खानेकुरा सेवन गर्न आवश्यक छ।
- अल्कोहल सेवन बन्द गर्नुपर्छ। मानिसलाई बियर पिउँदा पत्थरी बगेर जान्छ भन्ने भ्रम पनि छ। तर, बियर वा अन्य मदिराले पत्थरी बनाउने काम गर्छ।
- समस्या देखिएमा मूत्ररोग विशेषज्ञ (युरोलोजिस्ट) सँग परामर्श गर्नुस्।

होम गार्डेनिङ थाल्नुअघि यी कुरामा ख्याल राखौं





प्रदीप सिम्खडा
निर्देशक
एसएस एग्रिकल्चर फार्म, थली

असहज नहोस्। गमलालाई तेज हावा र गर्मीको समयमा चर्को प्रकाशबाट पनि जोगाउन जरुरी छ। किनकि, तेज हावा र चर्को प्रकाशले बिरुवालाई नष्ट गर्न सक्छ।

- राम्रो गुणस्तरको बिउ चयन गर्नुस्। जसकारण, भविष्यमा राम्रो र स्वस्थ बिरुवा हुर्किंयोस्।
- वजन हल्का भएका गमला चयन गर्नुस्। यसलाई एक ठाउँबाट अर्को ठाउँमा लैजान सहज हुन्छ। तपाईंले घरमा प्रयोग नभएका भाँडामा पनि माटो र बिउ हालेर बिरुवा रोप्न सक्नुहुन्छ। बजारमा कम मूल्यमा पनि आकर्षक गमला पाइन्छन्।
- तपाईंले राम्रो गुणस्तरीय माटोको चयन गर्नुपर्ने हुन्छ। यसमा विभिन्न प्रांगारिक मल तथा पातपतिंगर मिसाउन सकिन्छ। यसका लागि नर्सरी वा कृषिविज्ञसँग परामर्श गर्न सक्नुहुन्छ।
- सबैभन्दा पहिले सही स्थान चयन गर्नुस्। कम्तीमा बिरुवालाई पाँच वा ६ घन्टासम्म प्रकाश मिल्ने खालको स्थान चयन गरेर गमला राख्नु राम्रो हुन्छ। बिरुवाका लागि पर्याप्त पानी आवश्यक पर्ने भएकाले सहजै पानी पुऱ्याउन सकिने ठाउँमा गमला राख्नुस्।
- खुला स्पेसमा गमला राख्नुभयो भने राम्रो हुन्छ। जसकारण, गमलामा पानी हाल्न

कुकुर पाल्नुअघि ध्यान दिऔं



पछिल्लो समय कुकुर पाल्ने सहरिया जमात बढ्दो छ। तर, कतिपयले कुन जातको कुकुर पाल्ने भन्ने कुराको ज्ञान नलिई कुकुर पाल्न थाल्छन्। सानोमा कुकुर राम्रो लागे पनि ठूलो हुँदै गएपछि स्याहार गर्न सक्दैनन् र बाटोमा लगेर छाडिदिने गर्छन्। यस्तो हुँदा कुकुरले धेरै दुःख पाउँछ र कतिपय अवस्थामा भोकै त कतिपय अवस्थामा दुर्घटनामा परेर ज्यान गुमाइरहेका हुन्छन्।

तपाईंले कुकुरको आवश्यक स्याहार गर्न सक्नुहुन्छ भने पाल्दा हुन्छ। तर, केही समय पालेर सडकमा लगेर छाड्नु कुकुर र समाजका लागि पनि राम्रो हुँदैन। त्यसैले कुकुर पाल्नुअघि त्यसलाई आवश्यक वातावरण दिन सकिन्छ कि सकिँदैन भनेर तपाईंले सोच्नुपर्छ।



रमेश बस्ताकोटी
अन्नपूर्ण भेट क्लिनिक एन्ड पेट सप
चुच्चेपाटी, काठमाडौं

तपाईंसँग सानो ठाउँ छ भने सानो जातका कुकुर पाल्दा हुन्छ। सानो स्पेस ठूलो ब्रिडका कुकुरका लागि पर्याप्त हुँदैन।

सन्तुलित आहार तथा उमेरअनुसार भिटामिन र क्याल्सियमको मात्रा मिलाएर दिनुपर्छ। कुकुरको शरीर वृद्धिविकासका लागि हाइजेनिक खानेकुरा दिनुपर्छ।

कुकुर बेच्नेले पनि किन्ने मान्छेको घरमा कति ठाउँ छ र त्यो ठाउँ कुन जातको कुकुरलाई ठीक हुन्छ, सोधेर मात्रै बेच्नुपर्छ।

डोय ब्रिड भन्नाले साना जातका कुकुर भनेर बुझिन्छ। यी जातका कुकुरलाई 'रुम' भए पुग्छ। रुमकै स्पेस भए पनि पुग्छ। तर, लार्ज ब्रिड (ठूला जातका कुकुर) पाल्न कम्तीमा चार-पाँच आना भएको जमिन आवश्यक पर्छ। उसलाई खेल्न र हुर्कन कम्तीमा यति ठाउँ आवश्यक पर्छ।

कतिपयले कौसीमा कुकुर पालेका देख्छौं। कौसीमा कुकुर पाल्नु राम्रो होइन। यसका थुप्रै कारण छन्। कौसीमा विभिन्न कारणले स्वास्थ्यमा समस्या आउँछ। चराहरूले विभिन्न पोइजनस खानेकुरा ल्याउँछन्। त्यो खायो भने रोग लाग्न सक्छ। त्यसैले कौसी कुकुरका लागि राम्रो होइन। जाडो तथा गर्मीमा लाग्ने सम्भावित रोगबाट जोगाउन तपाईंले विशेष ख्याल गर्नुपर्छ। त्यस्तै, आवश्यक भ्याक्सिनहरू निश्चित समयमा अनिवार्य रूपमा लगाइदिनुपर्छ।

गणतन्त्र दिवसमा कला र विज्ञान प्रदर्शनी

गोंगबुको बानियाँटारस्थित काठमाडौं युरो स्कुलले गणतन्त्र दिवसका अवसरमा सोमबार कला, विज्ञान र प्रविधि प्रदर्शनी-२०२३ आयोजना गरेको छ। प्रदर्शनीमा विभिन्न कलात्मक रचना तथा विज्ञान-प्रविधिसँग करिब दुई सय विद्यार्थीले ती सामग्री तयार गरेका हुन्।

चित्रकला, विद्युतीय सेन्सर डस्टबिन, ग्यास लिक भएको संकेत दिने साइरन, ट्यांकीमा पानी भरिन लागेको संकेत दिने मेसिनलगायत सामग्री प्रदर्शनीमा अवलोकनका लागि राखिएका थिए। एकदिने प्रदर्शनीको काठमाडौं युरो स्कुलका अध्यक्ष प्रमोद पाण्डेले उद्घाटन गरे। काठमाडौं युरो स्कुलका शैक्षिक निर्देशक डा. दीपक गुप्ताले विद्यार्थी आफैंले तयार गरेका सामग्री आफैंले प्रस्तुतीकरण गर्दा विद्यार्थीहरूको शैक्षिक गुणस्तर तथा अनुसन्धानमूलक सीपको विकास हुने विश्वास व्यक्त गरे।



जोडिएका सामाग्रीहरू ४० भन्दा बढी स्टलमा अवलोकनका लागि राखिएका थिए। काठमाडौं युरोमा कक्षा १ देखि १० सम्म अध्ययनरत

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०२/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

जीतपुर शाखा, बारा

ऋणीको विवरण

१. जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारामा दर्ता नं. १७६ अन्तर्गत मिति २०७४/०८/०३ मा दर्ता कायम भएको **दिपा इन्टरप्राइजेज**
फर्म दर्ता ठेगाना : जितपुरसिमरा उ.म.न.पा. - ०७, बारा
स्थायी लेखा नं. ६०७१८००९३, मिति २०७४/०८/०३
प्रोप्राईटर तथा जमानतकर्ता : राजेन्द्र गिरी
ना.प्र.नं. १८३१/२३८२ जारी मिति २०४०/०८/१४, जि.प्र.का. बारा
बाबुको नाम : फकिरा गिरी
बाजेको नाम : पोषण गिरी
स्थायी ठेगाना : जि. भवानीपुर ०३, बारा
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

रवि राज गिरी
ना.प्र.नं. ३३२०७९/३५१७८
जारी मिति २०६९/०२/३१, जि.प्र.का. बारा
बाबुको नाम : राजेन्द्र गिरी
बाजेको नाम : फकिरा गिरी
स्थायी ठेगाना : भवानीपुर जितपुर ०३, बारा

दिपा गिरी
ना.प्र.नं. ३३-०२-७५-०१४१३
जारी मिति २०७५/०४/२०, जि.प्र.का. बारा
बाबुको नाम : राजेन्द्र गिर
बाजेको नाम : फकिरा गिरी
स्थायी ठेगाना : जितपुरसिमरा उ.म.न.पा. - ०७, बारा

शालिनी गिरी
ना.प्र.नं. ३३२०७९/३७५५३ जारी मिति २०७०/०१/०५, जि.प्र.का. बारा
बाबुको नाम : राजेन्द्र गिरी
पतिको नाम : फकिरा गिरी
ससुराको नाम : पोषण गिरी
स्थायी ठेगाना : भवानीपुर जितपुर ०३, बारा

ऋणीको विवरण

२. राजेन्द्र गिरी
ना.प्र.नं. १८३१/२३८२
जारी मिति २०४०/०८/१४, जि.प्र.का. बारा
बाबुको नाम : फकिरा गिरी
बाजेको नाम : पोषण गिरी
स्थायी ठेगाना : जि. भवानीपुर ०३, बारा
कर्जा शिर्षक : आवधिक कर्जा

संस्थागत जमानत दिनेको विवरण

जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारामा दर्ता नं. १७६ अन्तर्गत मिति २०७४/०८/०३ मा दर्ता कायम भएको **दिपा इन्टर प्राइजेज**
फर्म दर्ता ठेगाना : जितपुरसिमरा उ.म.न.पा.- ०७, बारा
स्थायी लेखा नं. ६०७१८००९३, मिति २०७४/०८/०३
प्रोप्राईटर : राजेन्द्र गिरी

व्यक्तिगत जमानत दिनेको विवरण

शालिनी गिरी
ना.प्र.नं. ३३२०७९/३७५५३
जारी मिति २०७०/०१/०५, जि.प्र.का. बारा
बाबुको नाम : राजेन्द्र गिरी
पतिको नाम : फकिरा गिरी
ससुराको नाम : पोषण गिरी
स्थायी ठेगाना : भवानीपुर जितपुर ०३, बारा

दिपा गिरी
ना.प्र.नं. ३३-०२-७५-०१४१३
जारी मिति २०७५/०४/२०, जि.प्र.का. बारा
बाबुको नाम : राजेन्द्र गिर
बाजेको नाम : फकिरा गिरी
स्थायी ठेगाना : जितपुरसिमरा उ.म.न.पा. - ०७, बारा

अनामनगर शाखा, काठमाडौं

ऋणीको विवरण

१. मनीष चन्द्र लाल
ना.प्र.नं. ९०४२२२४४
जारी मिति २०४५/१२/०३, जि.प्र.का. महोत्तरी
बाबुको नाम : उदित नारायण लाल
बाजेको नाम : राज किशोर लाल
स्थायी ठेगाना : सुगाभवानीपट्टी -५, महोत्तरी
हालको ठेगाना : धोवीघाट -४, ललितपुर
कर्जा शिर्षक : सवारी साधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

बवीता कुमारी कर्ण
ना.प्र.नं. ५६१५२२८१
जारी मिति २०४८/११/१, जि.प्र.का. सर्लाही
बाबुको नाम : राजेन्द्र प्रसाद कर्ण
पतिको नाम : मनीष चन्द्र लाल
ससुराको नाम : उदित नारायण लाल
स्थायी ठेगाना : मलंगवा -९, सर्लाही
हालको ठेगाना : धोवीघाट -४, ललितपुर

ऋणीको विवरण

२. सुनिल पौडेल
ना.प्र.नं. २०५८४/१०५३४८
जारी मिति २०५८/०३/१७, जि.प्र.का. सिन्धुपाल्चोक
बाबुको नाम : पूर्ण भद्र पौडेल
बाजेको नाम : यदु नाथ पौडेल
स्थायी ठेगाना : भोटेचौर -०२, सिन्धुपाल्चोक
हालको ठेगाना : ब्रम्हखेल, कागेश्वरी मनहरा-१, काठमाडौं
कर्जा शिर्षक : सवारी साधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

इश्वरी मैनाली (पौडेल)
ना.प्र.नं. २४-०१-७३-०४१३८
जारी मिति २०७३/०४/३१, जि.प्र.का. सिन्धुपाल्चोक
बाबुको नाम : राम प्रसाद मैनाली
पतिको नाम : सुनिल पौडेल
ससुराको नाम : पूर्ण भद्र पौडेल
स्थायी ठेगाना : भोटेचौर -०२, सिन्धुपाल्चोक
हालको ठेगाना : ब्रम्हखेल, कागेश्वरी मनहरा-१, काठमाडौं

धापासी शाखा, काठमाडौं

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यलय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. १६६३७२/०७३/०७४ अन्तर्गत मिति २०७३/१२/१७ मा दर्ता कायम भएको **जीवन निर्माण सेवा प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : काठमाडौं.म.न.पा. - २९, काठमाडौं
स्थायी लेखा नं. ६०५९७१८२४, मिति २०७३/१२/२८
संचानक तथा जमानतकर्ता : राज कुमार लामा
ना.प्र.नं. ८०५४७ जारी मिति २०५९/०८/१६, जि.प्र.का. नुवाकोट
बाबुको नाम : छत्र बहादुर लामा
बाजेको नाम : पुड्के लामा
स्थायी ठेगाना : थानसिङ्ग - ८, नुवाकोट

कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

जीवन लामा
ना.प्र.नं. ९४१७५
जारी मिति २०६१/०३/२१, जि.प्र.का. नुवाकोट
बाबुको नाम : रेशम बहादुर तमाङ
बाजेको नाम : दबई सिहं लामा
स्थायी ठेगाना : ककनी -०४, नुवाकोट

सरोज अधिकारी
ना.प्र.नं. १३५७७४
जारी मिति २०६१/०२/१४, जि.प्र.का. सिन्धुपाल्चोक
बाबुको नाम : श्याम कृष्ण पाध्या
बाजेको नाम : पदम नाथ अधिकारी
स्थायी ठेगाना : घुम्याङ -८ सिन्धुपाल्चोक

राजा राम लामा
ना.प्र.नं. ९४२ जारी मिति २०३७/०४/१०, जि.प्र.का. काठमाडौं
बाबुको नाम : हेम बहादुर लामा
बाजेको नाम : धन बहादुर लामा
स्थायी ठेगाना : काठमाडौं म.न.पा. १६, काठमाडौं

गोगंबु शाखा, काठमाडौं

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यलय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता.नं. २२१६१५/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/०१ मा दर्ता कायम भएको **त्रिशुली डोल्मा वाईबा कृषि फार्म एण्ड रिसोर्ट प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : तारकेश्वर न.पा. - ६ काठमाडौं
स्थायी लेखा नं. ६०९५९९७९२ मिति २०७६/०५/०१
संचालक तथा जमानतकर्ता : तुल बहादुर तामाङ

कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा आवधिक कर्जा

२) तुल बहादुर तामाङ
ना.प्र.नं. ७४२४८
जारी मिति २०५८/१०/०१ जि.प्र.का. नुवाकोट
बाबुको नाम : सम्वा सिं तामाङ
बाजेको नाम : वाङ छिरिङ तामाङ
स्थायी ठेगाना : विदुर न.पा. - १३, नुवाकोट
कर्जा शिर्षक : घर कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सविना तामाङ
ना.प्र.नं. २५३००९/२१६ जारी मिति २०६९/११/२४, जि.प्र.का. नुवाकोट
बाबुको नाम : राम बहादुर तमाङ
पतिको नाम : तुल बहादुर तामाङ
ससुराको नाम : सम्वा सिं तामाङ
स्थायी ठेगाना : कल्याणपुर - ७, नुवाकोट

बिराटनगर शाखा, मोरङ

ऋणीको विवरण

रन्जिता खनाल
ना.प्र.प.नं : ६४३८१६१९
जारी मिति : २०६०/०४/२३, जि.प्र.का. झापा
बाबुको नाम : कृष्ण प्रसाद उपाध्याय खनाल
पतिको नाम : भीम पराजुली
ससुराको नाम : तुलसीराम पराजुली
स्थायी ठेगाना : मेची - ११, झापा
हालको ठेगाना : बिराटनगर म.न.पा. -४, मोरङ

कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

भीम पराजुली
ना.प्र.नं. ४८७०
जारी मिति २०४९/११/०४, जि.प्र.का. मोरङ
बाबुको नाम : तुलसीराम पराजुली
बाजेका नाम : जयलाल पराजुली
स्थायी ठेगाना : बिराटनगर -४, मोरङ

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

बजेटले करमा गरेको संशोधन र प्रभाव

करमा ठूला सैद्धान्तिक परिवर्तन नगरी सानासाना विषयहरूलाई मिहीन ढंगले केलाएर कर कानुन संशोधन गरेको छ, तर सरकारको कर नीति अस्थिर देखिन्छ



● शेषमणि दाहाल

सरकारले आर्थिक विधेयक, २०८० मार्फत करमा व्यापक परिवर्तन गरेको छ। करमा ठूला सैद्धान्तिक परिवर्तन नगरी एकदमै सानासाना विषयहरूलाई मिहीन ढंगले केलाएर कर कानुन संशोधन गरेको देखिन्छ। त्यसो गर्दैगर्दा सरकारको विगत र अहिलेको कर नीति हेर्दा एकदमै अस्थिरसमेत देखिन्छ। एउटै विषयमा पटक-पटकको संशोधनले यो तर्कलाई अझ बल पुऱ्याएको देखिन्छ, तर करदाताका टाउकोमा तरबारको रूपमा झुन्डिएर बसेका ससाना समस्यालाई ऐनमार्फत सम्बोधन गरेको प्रयासलाई भने प्रशंसा गर्नैपर्ने हुन्छ। त्यस्तै, संशोधनको अध्ययन गर्दा कुनै कुनै संशोधन गहिराइमा गएर अध्ययन गरेर संशोधन गरेको देखिन्छ भने केही सतही अध्ययनबाट मात्र संशोधन गरेकोसमेत अनुभव गर्न सकिन्छ। सरकारले गरेको महत्त्वपूर्ण संशोधनलाई यस लेखमा प्रस्तुत गरिएको छ।

एफपिओमा तथा बार्गेन पर्चेजमा कर : कुनै निकायले फर्दर पब्लिक अफरिङ (एफपिओ)बाट संकलन भएको प्रिमियमबाट बोनस सेयर वितरण भए पनि आयकर ऐनको दफा ५६ अनुसारको आयमा समावेश नगरी कर गणना गरेको भए त्यस्तो रकममा लाग्ने कर ०८० मंसिरभित्र तिरेमा त्यसमा लाग्ने शुल्क तथा ब्याज मिनाहा गरिएको छ। कम्पनीले हकप्रद सेयर जारी गर्दा बिक्री नभई त्यसलाई लिलामी प्रक्रियाबाट बिक्री गर्दा वा प्राइभेट कम्पनीले प्रिमियममा सेयर जारी गरी संकलन गरेको प्रिमियमबाट बोनस दिएमा के हुने भन्ने विषयलाई सम्बोधन गरेको देखिएन। यस्तो रकम वित्तीय प्रणालीमा निकै ठूलो भएकाले यस विषयले थप विवाद बढाउने सम्भावना देखिन्छ। त्यस्तै, निकायहरू मर्जरमा सौदाबाजी गर्दा प्राप्त लाभ (बार्गेन पर्चेज गेन)मा कर विगतमा कर नतिरेको भए सोमा हाल कर तिरेमा शुल्क तथा ब्याज मिनाहा गरिएको छ।

कर छुट सहुलियत : मिडिया हाउसको आय ०७९/८० को आयमा लाग्ने करमा २५ प्रतिशत छुट गरी १८.७५ प्रतिशत कर मात्र लाग्ने व्यवस्था गरिएको छ। त्यस्तै, वैदेशिक रोजगार वा शैक्षिक परामर्श सेवाको व्यवसाय गर्नेले वास्तविक आय घोषणा गरी कर मात्र तिरेमा बाँकी शुल्क तथा ब्याज मिनाहा हुने व्यवस्था गरिएको छ। त्यस्तै, प्राकृतिक व्यक्तिले नियमित व्यवसायको रूपमा धितोपत्र, जग्गा तथा घरजग्गाको कारोबार गर्नेले आय विवरण र कर दाखिला गर्न बाँकी रहेको भए, सो पेस गरी लाग्ने करको ५० प्रतिशत तिरेमा बाँकी कर, शुल्क र ब्याज मिनाहा गरिएको छ। कस्तो कारोबारलाई नियमित व्यवसायका रूपमा लिने भन्ने विषय कानुनी रूपमा स्पष्ट नभएकाले यसले थप विवाद निम्त्याउन सक्ने देखिन्छ।

मूल्य अभिवृद्धि करमा छुट सहुलियत : आँखा अस्पताल वा सुजीको कारोबार गर्नेले वा ढुवानी व्यवसायीले वा जडीबुटीमा आधारित उद्योगले विगतमा मूअकर लाग्ने कारोबार गरेको, तर कर संकलन र दाखिला नगरेको भएमा कारोबार रकमको पाँच प्रतिशत रकम मूल्य अभिवृद्धि करबापत जम्मा गरेमा वाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा गरिएको छ। त्यस्तै, हायरपर्चेज कारोबार गर्ने व्यवसाय मूअकरमा दर्ता नभई विगतमा कारोबार गरेको भएमा कारोबारको दुई प्रतिशत रकम भुक्तानी गरेमा सोमा लाग्ने मूल्य अभिवृद्धि कर, जरिवाना र ब्याज मिनाहा गरिएको छ। यी सबै विषय न्यायिक प्रक्रियामा भए पनि सो मुद्दा फिर्ता लिएमा यो सुविधा उपयोग गर्न पाउने व्यवस्था गरिएको छ।

गैरसरकारी संस्थाले पाउने चन्दा तथा अनुदानमा मूअकर : गैरसरकारी संस्थाहरूले पाउने चन्दा तथा अनुदानमा विगत केही समयदेखि कर कार्यालयले मूअकर लगाउन थालेकामा सो निर्णयबमोजिम कर तिर्न बाँकी रहेको वा करदाताहरू असन्तुष्ट भई कुनै पनि न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा सो मुद्दा फिर्ता लिई मिति २०८० मंसिर मसान्तभित्र निवेदन दिएमा सो कर र त्यसमा थप लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुने व्यवस्था गरिएको छ।

समयमा कर नतिरेमा सहुलियत : निर्माण व्यवसायीले २०७९ चैत्र मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण र कर बुझाएको वा नबुझाएको भएमा सो कर र त्यसमा लाग्ने ब्याजको ५० प्रतिशत रकम ०८० पुस मसान्तभित्र बुझाएमा ऐनबमोजिम लाग्ने जरिवाना, थप दस्तुर र बाँकी ब्याज मिनाहा हुने व्यवस्था गरिएको छ।

अन्तः शुल्कमा सहुलियत : दूधमा आधारित सुवासयुक्त पेय पदार्थ उत्पादन गर्ने उद्योगले अन्तःशुल्क इजाजतपत्र नलिएको भए इजाजतपत्र लिई ०७९ चैत्र मसान्तसम्मको कारोबारमा बुझाउनुपर्ने अन्तःशुल्क विवरण र सोबमोजिम लाग्ने कर ०८० आश्विन मसान्तभित्र दाखिला गरेमा जरिवाना र विलम्ब शुल्क मिनाहा हुने व्यवस्था गरिएको छ। करदाता न्यायिक प्रक्रियामा भए पनि सो मुद्दा फिर्ता लिएमा यो सुविधा उपयोग गर्न पाउने व्यवस्था गरिएको छ।

ढुवानी सेवामा फरक तरिकाले मूअकर लाग्यो : ढुवानी सेवा प्रदायक व्यवसायलाई विगतमा लगाई हटाइसकेको मूअकर पुनः लगाइएको छ। संशोधन अध्ययन गर्दा ढुवानी सेवालाई अरू व्यवसायभन्दा केही फरक हुने गरी मूअकर लगाएको अनुमान गर्न सकिन्छ। त्यस्तै, कसैले ढुवानी सेवा मूअकरमा दर्ता नभएको व्यक्तिबाट लिएको भएमा सेवा लिने व्यक्तिले सो रकममा आफैंले निर्धारण गरी कर निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी तिरेको कर सेवा खरिदकर्तालि दाबी गर्न पाउने व्यवस्था गरिएको छ। यस विषयमा सरकारले जारी गर्ने मूल्य अभिवृद्धि कर नियमावली अध्ययन नगरी थप व्याख्या अपूर्ण हुन जान्छ।

हवाई सेवामा मूअकर लाग्यो : हवाई यात्रामा नेपालमा



पहिलोपटक मूल्य अभिवृद्धि कर लगाइएको छ। कार्गो सेवामा मूअकर नलाग्ने गरेकोमा अब निर्यात प्रयोजनको कार्गो सेवामा बाहेक अन्य कार्गो सेवामा मूअकर लाग्ने व्यवस्था गरिएको छ। त्यस्तै, ऊनी गलैँचा तथा गलैँचाको ऊनी धागो कताई, रंगाइ, धुलाइ र बुनाइमा समेत मूअकर लाग्ने गरी ऐन संशोधन गरिएको छ। ट्रेकिङ तथा टुर प्याकेजसम्बन्धी सेवामा गत वर्ष मूअकर छुट दिएकोमा यस वर्ष पुनः मूअकर लगाउने व्यवस्था गरिएको छ।

आयकर बढ्यो : कृषि व्यवसायमा चालू आवबाट दिन थालिएको शतप्रतिशत कर छुटलाई पुनः पहिलेकै अवस्थामा पुऱ्याइएको छ, अर्थात् त्यस्तो व्यवसायमा पुनः दश प्रतिशत कर लाग्ने व्यवस्था गरिएको छ। त्यस्तै, नेपालमा उत्पादन भएका वस्तु निर्यात गरी प्राप्त गरेको आयमा लाग्ने करमा ५० प्रतिशत छुट विगतमा दिइएकोमा सो छुट आगामी आवबाट लागू हुने गरी खोसिएको छ। त्यस्तै आव ०७९/८० मा बिजनेस प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ गरी विदेशी मुद्रा ल्याउँदा जम्मा एक प्रतिशत कर लाग्ने गरेकोमा अबदेखि दश प्रतिशत कर लाग्ने व्यवस्था गरिएको छ।

बैंक ब्याजमा लाग्ने कर बढ्यो : बैंक, वित्तीय संस्था तथा सहकारीमा राखेको निक्षेपबाट सर्वसाधारणले पाउने ब्याजमा विगतमा लाग्दै आएको पाँच प्रतिशत करलाई वृद्धि गरी ६ प्रतिशत लाग्ने गरी संशोधन गरिएको छ। त्यस्तै, मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा दिने वा ढुवानी साधन भाडामा दिने व्यक्तिलाई १.५ प्रतिशतका दरले स्रोतमा करकट्टी गर्नुपर्ने व्यवस्था थप गरिएको छ। ०८२ चैत्र महिनाभित्र वित्तीय व्यवस्थापन सम्पन्न हुने दुई सय मेगावाटभन्दा बढीका जलाशय तथा अर्धजलाशययुक्त आयोजनाले विदेशी बैंक तथा वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋणबापतको ब्याज भुक्तानी गर्दा विगतमा कर छुट दिइएकोमा अबदेखि पाँच प्रतिशत कर लाग्ने व्यवस्था गरिएको छ।

फेसबुक, युट्युबबाट पाउने आम्दानीमा कर बढ्यो : व्यवसाय सञ्चालन नगर्ने प्राकृतिक व्यक्तिले नेपालबाहिर सफ्टवेयर, वा यस्तै विद्युतीय सेवा उपलब्ध गराएबापत वा नेपालबाहिर परामर्श सेवा उपलब्ध गराए वा सामाजिक सञ्जालमा श्रव्यदृश्य सामग्री अपलोड गरेबापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गर्दा विगतमा बैंकले एक प्रतिशत करकट्टी गरी जम्मा गर्ने व्यवस्था रहेकोमा अब त्यसलाई वृद्धि गरी पाँच प्रतिशत कायम गरिएको छ। त्यस्तै, इकमर्स अपरेटरमार्फत बिक्री गरेको वस्तु तथा सेवा बिक्री गरी सोबापतको रकम इकमर्स अपरेटरले वस्तु वा सेवाधनीलाई भुक्तानी गर्दा सो रकममा एक प्रतिशत अग्रिम करकट्टी गर्नुपर्ने नयाँ व्यवस्था थप गरिएको छ। त्यस्तै, कृषि उत्पादन आयात गर्दा विगतमा सामानअनुसार पाँच र दुई दशमलव पाँच प्रतिशत कर भन्सार कार्यालयमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा यदि सो उत्पादनमा मूअकर लाग्नेरहेछ भने एक दशमलव पाँच प्रतिशत मात्र अग्रिम आयकरको रूपमा भन्सार कार्यालयमा जम्मा गर्नुपर्ने व्यवस्था थप गरिएको छ।

५० लाखभन्दा बढी आय हुनेलाई कर बढ्यो : वार्षिक ५० लाखभन्दा बढी आय गर्ने प्राकृतिक व्यक्तिलाई विगतमा २० लाखभन्दा बढीको आयमा लाग्दै आएको ३६ प्रतिशत आयकरलाई २० देखि ५० लाख सम्म ३६ प्रतिशत नै कायम गरी ५० लाखभन्दा बढीको आयमा करको दर वृद्धि गरी अब ३९ प्रतिशत आयकर लाग्ने व्यवस्था गरिएको छ।

भाडाका सवारीसाधनमा लाग्ने आयकर बढ्यो : भाडाका सवारीधनीले सो साधन सञ्चालनबाट प्राप्त आयमा एकमुष्ट कर लाग्दै आएकोमा सबै किसिमका सवारीसाधनमा सो कर वृद्धि गरिएको छ। उदाहरणका लागि विगतमा १३०० सिसीसम्मको कार, भ्यानलाई रुपैयाँ चार हजार कर लाग्दै आएकोमा त्यसलाई वृद्धि गरी पाँच हजार पाँच सय पुऱ्याइएको छ।

सहकारीको कर बढ्यो : बचत तथा ऋणको कारोबार गर्ने सहकारीको करको दरमा वृद्धि गरिएको छ। अन्य सहकारीको हकमा भने विगतको करको दरलाई नै निरन्तरता दिइएको छ। बचत तथा ऋणको कारोबार गर्ने नगरपालिकामा सञ्चालित सहकारीलाई दश प्रतिशत, उपमहानगरपालिकामा सञ्चालित सहकारीलाई १५ प्रतिशत र महानगरपालिकामा सञ्चालित सहकारीलाई २० प्रतिशत करको दर निर्धारण गरिएको छ।

शिक्षा सेवा शुल्क बढ्यो : विगतमा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई विदेशी मुद्रा सटही गर्दा दुई प्रतिशत लाग्दै आएको शिक्षा सेवा शुल्कलाई वृद्धि गरी तीन प्रतिशत कायम गरिएको छ।

विलासिता शुल्क : नेपालमा उपभोग हुने पाँचतारे र सोभन्दा बढीका होटेलको सेवा प्रदान गर्दा, मदिरा आयात गर्दा र दश लाख रुपैयाँ बढी मूल्यका हीरा, मोती, पत्थरजडित सुन वा बहुमूल्य धातुका गरगहना बिक्री गर्दा बिक्री मूल्यमा दुई प्रतिशत सेवा शुल्क लाग्ने गरी नेपालमा पहिलोपटक विलासिता शुल्ककको सुरुवात गरिएको छ।

वैदेशिक पर्यटन शुल्क : ट्राभल एजेन्सीले वैदेशिक भ्रमणको प्याकेज बिक्री गर्दा वा फर्म वा कम्पनीले व्यवसाय प्रवर्द्धनका लागि आफूसम्बद्ध व्यक्तिलाई वैदेशिक भ्रमणमा लैजाँदा भ्रमणमा लाग्ने खर्च लेखांकन गर्दा भुक्तानी रकममा पाँच प्रतिशत वैदेशिक पर्यटन शुल्क लाग्ने व्यवस्था गरिएको छ। कानुनको व्यवस्था हेर्दा कम्पनीले प्याकेज किनेर आफ्ना व्यक्ति पठाउँदा दोहोरो कर लाग्न सक्ने अवस्था सिर्जना भएको छ।

वैदेशिक रोजगार सेवा शुल्क : मेनपावर कम्पनीले वैदेशिक रोजगारमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशत रकम वैदेशिक रोजगार सेवाशुल्कका रूपमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

मोबाइल दर्ता शुल्क : ०८० जेठ १५ सम्म नेपालमा आई सञ्चालन भएको, तर मोबाइल डिभाइस म्यानेजमेन्ट प्रणालीमा आबद्ध नभएका मोबाइल फोनको हकमा आइफोन र एक लाखभन्दा बढी मूल्यका फोनलाई दश हजार, अन्य स्मार्ट फोनलाई तीन हजार रुपैयाँ, अन्य साधारण फोनका लागि दुई सय रुपैयाँ दर्ता शुल्क तिरी ०८० असार मसान्तभित्र मोबाइल दर्ता गर्न सकिने व्यवस्था गरिएको छ।

विदेशबाट आउँदा ल्याउने सुनमा नयाँ व्यवस्था : विदेशबाट फर्केका यात्रुले आफ्नो साथमा सुनको गहना ल्याउँदा विगतमा ५० ग्रामसम्म कर नलाग्ने गरेकोमा अबदेखि पुरुषको हकमा २५ ग्राम र महिलाको हकमा ५० ग्रामसम्मको सुनका गहना कर नतिरी ल्याउन पाउने व्यवस्था गरेको छ। त्यस्तै, सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका बेरुवा औंठी, बाला, सिक्रीजस्ता रसायन प्रयोग नगरेको वस्तुलाई गहनाको रूपमा मान्यता नदिने गरी कानुन संशोधन गरिएको छ।

र अन्त्यमा : सरकारले आर्थिक आदेशमार्फत करका व्यवस्था परिवर्तन गर्दैगर्दा यसलाई सम्बन्धित ऐनको नियमावलीले मात्र पूर्ण गर्न सक्थ्यो। तर, विगतको सरकारी पारा हेर्दा यसलाई झन्डै १५ दिनपछि आजकै मिति राखेर जारी हुने नियमावलीले पूर्णता दिँदै आएको छ। यसपालिको संशोधनसमेत हेर्दा नियमावली नआई गरिएको यो अपूर्ण विश्लेषण मात्र हो र पूर्ण विश्लेषण कहिले गर्न सकिन्छ विगतको चलन हेर्दा अनुमान गर्न गाह्रै छ।

सरकारले आर्थिक आदेशमार्फत करका व्यवस्था परिवर्तन गर्दैगर्दा यसलाई सम्बन्धित ऐनको नियमावलीले मात्र पूर्ण गर्न सक्थ्यो। तर, विगतको सरकारी पारा हेर्दा यसलाई झन्डै १५ दिनपछि आजकै मिति राखेर जारी हुने नियमावलीले पूर्णता दिँदै आएको छ।

३ प्रश्न

पूर्वअर्थसचिव डा. **विमल कोइरालालाई**



आगामी आर्थिक वर्षको बजेट कस्तो लाग्यो ?

समग्रमा बजेटको आकार बढाइएन। बजेटको आकार नबढ्नु सकारात्मक छ। त्यसबाहेक तीन, साढे तीन घन्टा लगाएर पढेको बजेट यसअघि विष्णु पौडेल, जनार्दन शर्मालगायत अर्थमन्त्री हुँदा पढिएकोभन्दा खासै फरक देखिन्न। यसले अहिलेको वित्त संकटबाट देशलाई मुक्त गर्ने सन्दर्भमा कुनै ठोस योजना ल्याउन सकेको छैन। सामान्य योजना र कार्यक्रम थपघट मात्र गरिएका छन्। नयाँ र उल्लेख्य कार्यक्रम खासै छैनन्।

यस बजेटका सबले पक्ष के-के हुन् ?

बजेटको आकार धेरै नबढ्नु यसको सबल पक्ष हो। यो बजेट धेरै हावादारी छैन। हुन त अहिले १७ खर्ब ५१ अर्बको बजेट भनिए पनि पछि यो संशोधित अनुमानमा १५ खर्बमा झर्छ। किनकि, राजस्व र वैदेशिक सहायताको लक्ष्य पूरा हुने विश्वसनीय आधार देखिँदैन।

बजेटका दुर्बल पक्ष के-के हुन् ?

यो बजेटले संघीयताको प्रावधान र मर्मविपरीत मरिसकेको सांसद् विकास कोषलाई पुनः ब्युँताएको छ। यो यसको सबैभन्दा ठूलो दुर्बल पक्ष हो। साधारण खर्च घटाउने भनिए पनि त्यसलाई उल्टै बढाउने काम गरिएको छ। अनुत्पादक र ऋण संस्थान खारेज गर्ने भनिए पनि बजेटमा त्यसबारे ठोस प्रस्ताव देखिन्न। खर्च र राजस्वको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा पनि बजेट अलमलमै देखिन्छ। बजेटमा समावेश विभिन्न योजना कार्यान्वयन कसरी गर्ने भन्नेबारे पनि बजेट प्रस्ट देखिन्न।


प्रेरक प्रसंग

देशभक्तको खाँचो

एकपटक अमेरिकाका राष्ट्रपति अब्राहम लिंकनले रक्षामन्त्रीमा आफ्ना कट्टर आलोचकलाई रोजे, जो जहिले पनि उनीविरुद्ध केही न केही बोलिरहन्थे। एक दिन राष्ट्रपति लिंकनका एक साथी उनलाई भेट्न आए र रक्षामन्त्रीको कुरा गर्दै उनले सोधे, 'तपाईंले जुन मानिसलाई रक्षा मन्त्रालय सुम्पिनुभएको छ, उसका बारे के तपाईंलाई राम्रोसँग थाहा छ ?'

'हो थाहा छ, किन, के भयो र ?' राष्ट्रपतिले आश्चर्य मान्दै सोधे। तब ती सज्जनले भने, 'हिजो एउटा सभामा उनले तपाईंमाथि व्यंग्य गर्दै भने, तपाईं हेर्दा दुब्लो-पातलो गुरिल्लाजस्तो देखिनुहुन्छ।'

'हो यो सब मैले आज बिहानको समाचारपत्रमा पढिसकेँ।' योभन्दा पहिलेको सभामा उनले तपाईंलाई भाँडको उपाधि दिएका थिए।' ती सज्जनले लिंकनलाई उकास्ने स्वरमा भने। 'हो, यो पनि मलाई थाहा छ,' राष्ट्रपतिले मुस्कुराउँदै भने। यो सब सुनेपछि ती सज्जनले केही दिक्क मान्दै बोले, 'उनले अनकौंपटक यसरी तपाईंको अपमान गरिसकेका छन् र यो सब तपाईंलाई राम्ररी थाहा भएर पनि तपाईंले उनलाई यति महत्त्वपूर्ण पद किन सुम्पिनुभयो त।' 'अरे साथी, महत्त्वपूर्ण पदमा न बसाएको हो, कुनै गलत स्थानमा त होइन नि,' राष्ट्रपतिले मुस्कुराउँदै भने। तर, ती सज्जन नराम्रोसँग रिसाउँदै बोले, 'तर तपाईं किन बुझ्नुहुन्न कि यसले तपाईंको प्रतिष्ठा खराब हुन्छ।'



'मैले केही बुझ्नुअगाडि तपाईं यो किन बुझ्नुहुन्न कि उनी एउटा योग्य प्रशासक हुन्। आफ्नो काम पूरा इमानदारी र निष्ठाले गर्छन्। रह्यो मेरो प्रतिष्ठाको कुरा, यो त मेरो देशलाई मेरा बारेमा राम्रोसँग थाहा छ। अनि म यस्ता सानातिना कुराका कारण देशलाई एउटा कुशल रक्षामन्त्रीको सेवाबाट किन वञ्चित गरौं ? मलाई निजी भक्त होइन, देशभक्तको आवश्यकता छ,' राष्ट्रपतिले ती सज्जनलाई बुझाउँदै भने। यो सुनेर ती सज्जन त्यहाँबाट चुपचाप हिँडे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पोषण कार्यक्रम प्रभावकारी बनाऊ

'दार्चुलामा प्रभावकारी भएन पोषण कार्यक्रम, २४ हजार पाँच सय ६६ मध्ये पाँच सय ८३ बालबालिकामा कुपोषण' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। गाउँघरमै पाइने खाद्यान्न, तरकारी तथा फलफूल मात्र सन्तुलित रूपमा सेवन गर्न सकेमा नेपालमा कोही पनि कुपोषित भइरहनुपर्दैन। तर, गाउँघरमै उपलब्ध खाद्य सामग्रीसमेत प्रयोग गर्न नसक्ने या सक्ने भए पनि त्यस्ता पौष्टिक खाद्यवस्तु खेर फालेर चाउचाउलगायत 'जंक फुड' खाने बानीले पनि यस्तो भएको हुन सक्छ।

त्यसैले, अब स्थानीय तहमार्फत यसतर्फ सरकारले अविलम्ब ध्यान पुऱ्याओस्। आगामी दिनमा कोही पनि कुनै पनि कारणबाट कुपोषित हुनुनपरोस् भन्नेमा सबैको ध्यान जानु जरुरी छ। यस कार्यमा विशेषगरी स्थानीय र प्रदेश सरकारले बढी काम गर्न सक्छन्।

● **भूमिका कठायत**, पुतलीसडक, काठमाडौं

अनुसन्धान छिटो सुरु गर

सरकारी वकिलको कार्यालयले नक्कली शरणार्थी प्रकरणमा संलग्न भएको भनी आरोपित बाँकी सबैविरुद्ध दोस्रो चरणको अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएको समाचार सुन्दा खुसी लाग्यो। अब प्रहरीले कुनै दबाब महसुस नगरी तत्काल दोस्रो चरणको अनुसन्धान सुरु गर्नुपर्छ। साथै, सरकारले पनि प्रहरीलाई निष्पक्ष ढंगले अनुसन्धान गर्न निर्देशन दिनुका साथै आवश्यक सहयोगसमेत गर्नुपर्छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा सयौं सोझासीधा सर्वसाधारण ठगिएका छन्। यस घटनाको दोस्रो चरणको अनुसन्धान थप प्रभावकारी बनोस्।

● **सपना पुलामी मगर**
सीतापाइला, काठमाडौं

ठगहरू उम्किन नपाऊन्

'कबाडी व्यवसायमा ठूलो राजस्व छली, एक करोडको सामान, १० हजारको बिल बनाएर १२ लाख कर छली' शीर्षकको समाचार पढियो। यो देशमा यस्ता ठगको कुनै कमी छैन। यहाँ सामान आयात या निर्यात जे गर्दा पनि कर छली गर्नेहरूको संख्या निकै ठूलो छ। यहाँ विदेशबाट आयात गरिएका महँगा सामानमा निकै कम मूल्य देखाएर थोरै कर तिर्ने र उपभोक्ताबाट भने निकै चर्को मूल्य असुल्ने व्यापारी धेरै छन्। सबैलाई कारबाही गरियोस्।

● **रमेश गुरुङ**
सानेपा, ललितपुर

नतिजा देखिने काम गरौं

१४ जेठको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित 'सबै मिलेर जाऔं : पूर्वराजा शाह' शीर्षकको समाचार पढियो। पूर्वराजा ज्ञानेन्द्र शाहले सबै एक हुनुपर्छ भनेको सुन्दा खुसी लाग्ने नै भयो। देशमा लोकतान्त्रिक गणतन्त्र आएको १६-१७ वर्ष भइसक्दा पनि राजनीतिक दलले देश र जनताका लागि विकास र समृद्धिको विश्वासलाग्दो 'भिजन' दिन सकेका छैनन्।

निरन्तर नेतृत्वमा रहेका या नरहेका राजनीतिक दलले आआफ्नो तहबाट काम गरिरहँदा जति विकास र समृद्धिको महसुस जनताले गर्नुपर्ने थियो, त्यति गरेका छैनन्। राजनीतिक दलले देश र जनताको समृद्धिका लागि सत्तामा दलीय भागबन्डाभन्दा माथि उठेर काम गर्न सकेका छैनन्। राजनीतिक दलले तेरो र मेरो तथा उसको र त्यसको नभनी एकजुट भएर एकताबद्ध भई इमानदारीपूर्वक काम गर्नुपर्छ।

कुनै पनि काममा भोलि नभनी आजैदेखि देश र जनताको आवश्यकताका लागि काम गर्नुपर्छ। आयातभन्दा निर्यात गर्न सक्ने उत्पादनले नै आर्थिक उन्नतिको नतिजा आउन सक्छ।

त्यसैले, जनतालाई लोकतान्त्रिक शासनको महसुस गराउन राजनीतिक दलले विशेष सक्रियता देखाई एकजुट भएर नतिजा दिनेछन् भन्ने जनताले अपेक्षा गरेका छन्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

विकसित मुलुकमा बदलिँदो श्रम अवस्था

महामारीपश्चात्का परिवर्तनले कृषियुगदेखि औद्योगिक युगमा भएको रुपान्तरणको झल्को दिने गरी श्रमबजारका कार्यस्थल, कार्यतालिका र ज्यालामा क्रान्ति ल्याउन सक्छन्



देश/विदेश

● एन्नी-मेरी स्लटर ● अटम मेकडोनाल्ड

कोभिड-१९ महामारी औपचारिक रूपमा अन्त्य भए पनि यसले असंख्य जीवनलाई भिन्न-भिन्न गन्तव्यतर्फ डोऱ्याएको छ। करोडौं मानिस महामारीपूर्वको कामकाजमा फर्किन सक्नेछैनन्। यसकारण रोजगारदाता र श्रमिक-कर्मचारी समयको आवश्यकतालाई पूर्ति गर्ने नयाँ मोडेलको खोजीमा छन्। हाल प्रयोगमा ल्याउन खोजिएको 'हाइब्रिड' मोडेलमा हामीले एउटा प्रश्नको सामना गरिरहेका छौं अर्थात् 'कति काम गर्दा पर्याप्त हुन्छ ?'

कम्तीमा विकसित मुलुकमा महामारीपश्चात्का परिवर्तनले कृषियुगदेखि औद्योगिक युगमा भएको रुपान्तरणको झल्को दिनेगरी श्रमबजारका कार्यस्थल, कार्यतालिका र ज्यालाजस्ता अवयवमा ठूलो क्रान्ति निम्त्याउन सक्छ। यी परिवर्तनलाई दुई ढंगले हेर्न सकिन्छ। पहिलो, बृहत् अर्थतन्त्रमा कानुनी रूपमै दिनको आठ घन्टा र साताको ४० घन्टाको श्रम पनि प्रतिस्थापित हुने देखिन्छ। तर, यसले समय भने लिनेछ, किनभने अमेरिकामा दिनको १४ घन्टाको र साताको सातै दिनको श्रमबाट बाध्यकारी रूपमा दिनको आठ घन्टा र साताको ४० घन्टाको श्रमको व्यवस्था आधा शताब्दीको मजदुर आन्दोलन, युनियनका पहलकदमी र कर्पोरेट परीक्षणका कारण सम्भव भएको हो। अहिले साताको ३२ घन्टाको श्रमको प्रावधान लागू गरेका केही परीक्षणले न्यून थकान, मानसिक स्वास्थ्यमा सुधार र जीवनप्रतिको सन्तुष्टि बढेको देखाएको छ। यो परीक्षणमा सहभागी अधिकांशले श्रमसम्बन्धी पुरानो मोडेलमा नफर्किने बताएका छन्।

दोस्रो, सूक्ष्म अर्थतन्त्रका तहमा पछिल्लो तीन वर्षलाई करोडौं मानिसले समय र पैसामा के छनोट गर्ने भन्नेबारे पुनर्विचार गर्न प्रयोग गरेका छन्। महामारीका वेला लकडाउनमा कैयौं मजदुरले श्रम व्यवहारको नयाँ अभ्यास गरेका छन्, विश्राम लिने छुट पाएका छन्, आफ्ना प्रियजनसँग बढी समय बिताउने मौका पाएका छन् वा यातायात साधन र कार्यस्थलको तनावविनै आराम, व्यायाम गर्न पाएका छन्। सम्भवतः यिनै अनुभवका कारण अमेरिकामा आमराजीनामा 'ग्रेट रेजिग्नेसन' वा नियमले तोकेभन्दा बढी काम नगर्ने श्रम संस्कृति 'क्वाइट क्विटिङ' बढेको हुनुपर्छ।

जब महामारीपूर्वकै अवस्थामा भर्नै कम्पनीले श्रमिक फिर्ताको माग गरे, तब 'कति काम गर्दा पर्याप्त हुन्छ ?' भन्ने प्रश्नले 'केका लागि पर्याप्त ? जीविका, रोजगारदाताको अपेक्षा पूरा गर्न ? आनन्दका लागि वा अवकाशका लागि ?' जस्ता प्रश्न उब्जाइदिएको छ। यी प्रश्नका उत्तर प्रश्न गर्ने र जवाफ दिनेमा भर पर्छ। तर, करोडौं न्यून आय भएकाका लागि 'पर्याप्त' भनेको आफ्नो घर-परिवार चलाउन पुग्ने आम्दानी हो। समय र पैसामा छनोट गर्ने सुविधा भएका दुई समूहका मानिसले 'पर्याप्त मात्राको श्रम'सम्बन्धी बहसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

पहिलो समूहमा हेरचाह गर्ने रहेका छन्। उसो त यो श्रम महिला प्रधान श्रम हो, तर अहिले यसप्रति पुरुषको सहभागिता पनि बढ्दो छ। श्रम अर्थशास्त्रमा 'काम'लाई परम्परागत रूपमा वैतनिक श्रमका रूपमा बुझिन्छ, जहाँ वस्तुको उत्पादन वा सेवाबापत मौद्रिक ज्याला उपलब्ध गराइन्छ। तर, श्रम बजारमा महिलाको सहभागिताले श्रम अर्थशास्त्रमा अवैतनिक श्रम पनि समेटिन थालेको छ। यसमा परिवारको पालनपोषण, घर चलाउनु र घरका अशक्तको हेरचाह गर्नुजस्ता काम पर्छन्।

यदि हामीले दुवै वैतनिक एवं अवैतनिक श्रमका सन्दर्भमा 'कति काम गर्दा पर्याप्त हुन्छ ?' लाई अलिक फराकिलो पार्ने हो भने हेरचाह जिम्मेवारी एवं वैतनिक श्रम गर्नेले परम्परागत आठ घन्टाको



तस्बिर : मिगेल पेरेरा/गेट्टी

श्रमभन्दा बढी श्रम खर्च गर्छन्। यस अवस्थामा मौका मिल्नासाथ धेरैले वैतनिक श्रम अवधि घटाएर हेरचाहमा ध्यान दिनु अनौठो हुनेछैन। हेरचाहको सामाजिक महत्त्वलाई मध्यनजर गर्दै अर्थशास्त्रीय तथ्यांक र सरकारी लाभ योजनाले यो गम्भीर अवैतनिक श्रममा ध्यान दिनु जरुरी छ।

'कति काम गर्दा पर्याप्त हुन्छ ?' को उत्तर खोज्ने दोस्रो महत्त्वपूर्ण समूह भनेको महामारीका वेला श्रम बजारमा प्रवेश गरेका विशेषतः २४-२५ वर्षमुनिका युवा पर्छन्। यिनले सन् १९६० का युवाले झैं प्रतिसांस्कृतिक अभियानको पुनरावृत्ति गरिरहेका छन् अर्थात् चलिआएको काम गर्ने, कमाउने र निरन्तर काम मात्रै गरिरहने 'हसल संस्कृति' अस्वीकार गर्दै छन्। यिनले ९-११ को आतंककारी आक्रमण देखेका, सन् २००८ को आर्थिक मन्दी व्यहोरेका, स्मार्टफोनमा पहुँच पाएका र महामारी झेलेका छन्। यति मात्रै नभई खस्किँदो लोकतन्त्र, बढ्दो राजनीतिक ध्रुवीकरण, वातावरणीय विनाशका कारण यी युवा घट्दो सामाजिक गतिका साक्षी बनिरहेका छन्। यस अवस्थामा आफ्ना अभिभावकलाई प्रश्न गर्नु र आफ्नो मानसिक एवं शारीरिक स्वास्थ्यमा ध्यान दिनु स्वाभाविक हो।

सिमोन बाइल्स, नाओमी ओसाका जस्ता विश्वविख्यात युवा खेलाडीले आफ

टर्कीको राष्ट्रपतिमा पुनः एर्दोगान विजयी



अंकारा/ टर्कीको राष्ट्रपतिमा रेसेप तैयप एर्दोगान पुनः निर्वाचित भएका छन् । एर्दोगानले आइतबार भएको मतदानमा विपक्षी नेता केमाल किलिचदारोग्लुलाई पराजित गरेका हुन् । टर्कीको भन्डा फहराउँदै उत्साही समर्थकको ठूलो भिडलाई सम्बोधन गर्दै उहाँले राष्ट्र र जनतालाई धन्यवाद दिएका छन् । उनले भने, 'हामीले हाम्रो राष्ट्रको पक्षमा राष्ट्रपति चुनावको दोस्रो चरण पूरा गर्‍यौं । म यस किसिमको प्रजातान्त्रिक अभ्यास भएकोमा मेरो राष्ट्रप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।' 'मे १४ र मे २८ को दुवै निर्वाचनका विजेता हाम्रा आठ करोड ५० लाख नागरिक हुन्,' उनले दुई चरणको निर्वाचनलाई उल्लेख गर्दै भने । उता निर्वाचितमा पाराजित प्रतिद्वन्द्वी किलिचदारोग्लुले राजधानी अंकारामा रहेको आफ्नो पार्टीको मुख्यालयमा बोल्दै टर्कीमा 'वास्तविक प्रजातन्त्र' नआएसम्म लडाइँ जारी राख्ने बताएका छन् ।

मणिपुर हिंसामा पाँचजनाको मृत्यु

मणिपुर/ भारतको उत्तरपूर्वी राज्य मणिपुरमा भएको पछिल्लो हिंसामा एक प्रहरीसहित कम्तीमा पाँचजनाको मृत्यु भएको छ । हिंसामा अन्य १२ जना घाइते भएका छन् । आइतबार राज्यका विभिन्न भागमा भएका हिंसात्मक घटनामा पाँचजनाले ज्यान गुमाएका हुन् । स्थानीय सञ्चार माध्यमका अनुसार सेरो र सुगु क्षेत्रमा आगजनीका घटना भएका थिए । परिस्थितिलाई नियन्त्रणबाहिर जान नदिन निषेधाज्ञा जारी गरिए पनि हिंसात्मक घटना भएका हुन् । गैरआदिवासी मेइती समुदायलाई अनुसूचित जनजाति (एसटी) मा समावेश गरेकोमा आदिवासी विरोध प्रदर्शनका क्रममा यो महिनाको सुरुमा राज्यका विभिन्न भागमा हिंसात्मक दंगा भएका थिए ।

श्रीलंकालाई एडिबीको ३५ करोड ऋण

कोलम्बो/ एसियाली विकास बैंक (एडिबी)ले श्रीलंकाको आर्थिक स्थायित्व तथा पुनरुत्थानका लागि ३५ करोड अमेरिकी डलर ऋण प्रदान गर्ने भएको छ । बैंकले उक्त रकम ऋणस्वरूप प्रदान गर्ने निर्णय गरेको एडिबीले जारी गरेको प्रेस विज्ञप्तिमा जनाएको छ । श्रीलंकालाई आर्थिक स्थायित्वका लागि बजेट सहयोग आवश्यक भएकाले विशेष नीतिमा आधारित भएर बैंकले ऋण रकम स्वीकृत गरेको हो । यो ऋण कार्यक्रम अन्तर्राष्ट्रिय मुद्रा कोषको विस्तारित कोष सुविधाले देशको अर्थतन्त्रलाई स्थायित्व प्रदान गर्न, आर्थिक पुनरुत्थान एवं दिगो वृद्धिको आधार तयार गर्ने उद्देश्यले प्रदान गरेको वित्तीय सहायताको विस्तारित 'प्याकेज'को हिस्सा भएको बैंकले जनाएको छ ।

च्यालीमा गोली चल्दा तीनको मृत्यु

न्युयोर्क/ अमेरिकाको न्यु मेक्सिको राज्यको रेड रिभर सहरमा आयोजित वार्षिक मोटरसाइकल च्यालीमा गोली चल्दा तीनजनाको मृत्यु भएको छ भने अन्य पाँचजना घाइते भएका छन् । गोलाबारी गिरोहसँग सम्बन्धित भएको रेड रिभरका मेयर लिन्डा काल्हौनले बताए । गोली लागेर तीनजनाको मृत्यु र पाँचजना घाइते भएको उनले पुष्टि गरेका छन् ।

सांघाईमा सय वर्षयताकै गर्मी

बेइजिङ/ चीनको औद्योगिक महानगर सांघाईमा सोमबार सय वर्षपछि अधिक गर्मी भएको छ । मौसम विज्ञान विभागले सय वर्षमा सोमबार सबैभन्दा तातो दिन अभिलेखीकरण गरिएको जनाएको छ । वैज्ञानिकहरूले विश्व तापक्रम वृद्धिका कारण मौसम प्रतिकूल बन्दै गएको, धेरै देशमा ताप लहर आएको र बढ्दो तापक्रमले दक्षिणपूर्व र दक्षिण एसियाली देशमा पछिल्ला सातामा विगतका 'रेकर्ड' तोडेको छ । सोमबार सांघाईको अधिकतम तापक्रम ३६.७ डिग्री सेल्सियस रेकर्ड गरिएको मौसम विज्ञान विभागले जनाएको छ ।

इतिहासमा आज

मे ३०

सन् २०११ : जर्मनीद्वारा आणविक ऊर्जा परित्यागको घोषणा । जापानको फुकुसिमा आणविक भट्टी जर्मनीको आणविकविरोधी आन्दोलनपछि सरकारले उक्त घोषणा गरेको थियो ।



सन् १९६७ : गणतन्त्र बिअफ्रा स्थापना गरिएको घोषणा । सानो अवधिको उक्त देशले पूर्वी नाइजेरियालाई समेटेको थियो । अल्पकालीन उक्त राज्यमा नाइजेरियाको पूर्वी क्षेत्र समावेश थियो । यसको पृथक्तालै नाइजेरियाको गृहयुद्धतर्फ धकेलेको थियो, जुन सन् १९७० सम्म चल्यो । पछि उक्त क्षेत्र नाइजेरियामा पुनः गाभिएको थियो ।

सन् १९६१ : डोमिनिकन तानाशाह राफेल ट्रुजिलोको हत्या । इल जेफीसमेत भनिने ट्रुजिलो ३१ वर्षसम्म डोमिनिकन रिपब्लिकका राष्ट्रपति बनेका थिए । राफेलको हत्यापछि उनकै छोरा रामफिस ट्रुजिलो बाबुको पथमा हिँडेका थिए ।

सन् १९४२ : दोस्रो विश्वयुद्धको समयमा ब्रिटिस रोयल एयर फोर्सले जर्मनीको क्लोजेनमा एक हजारभन्दा बढी बम्बर पठाएको थियो ।

सन् १८१४ : पेरिस सन्धिमा हस्ताक्षरपछि नेपोलियन युद्धको अन्त्य ।

३०औँ जलवायु सम्मेलन ब्राजिलमा हुने

न्युयोर्क/ संयुक्त राष्ट्रसंघले सन् २०२५ मा आयोजना हुने अन्तर्राष्ट्रिय जलवायु सम्मेलन (कोप- ३०)का लागि ब्राजिललाई छनोट गरेको छ । ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले अमेजोनियन सहर बेलेमडो पारामा ३०औँ कोप आयोजना गरिने घोषणा गरे । सिएनएका अनुसार राष्ट्रपति लुलाले ट्विटरमा पोस्ट गरेको एउटा भिडियोमा आफूले इजिप्ट, पेरिस, कोपेनहेगनमा जलवायु सम्मेलनमा भाग लिएको र सम्मेलनमा उपस्थित प्रायः सबैले अमेजनबारेमा कुरा गरेकाले उक्त क्षेत्रलाई चिनाउन सम्मेलन गर्न लागिएको बताए । ब्राजिलका विदेश मामिलामन्त्री माउरो भिइराले संयुक्त राष्ट्रसंघले गत वर्ष इजिप्टमा भएको जलवायु सम्मेलनमा ब्राजिलका राष्ट्रपति लुलाको अनुरोधलाई स्वीकार गर्दै ब्राजिलको प्रस्तावलाई हालै अनुमोदन गरेको बताएका छन् । बेलेमडो पारा अमेजन जंगलको किनारमा अवस्थित उत्तरी ब्राजिलको सहर हो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्रा.फ.रजि.न. १५०१/०५६/०५७ अन्तर्गत मिति २०५६/१२/२७ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको डाङ जिल्ला, तुल्सीपुर न.पा वडा नं. ६ स्थित गंगा ईट्टा उद्योग प्रोप्राईटर तथा जमानीकर्ता : प्रेम बहादुर शाह

जमानीकर्ताको विवरण

१) प्रेम बहादुर शाह स्थायी ठेगाना : डाङ, जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा वडा नं. १२ बाबु : क्षेत्र बहादुर शाह बाजे : ओपिन्द्र बहादुर शाह	**२) गणेश कुमारी शाह** स्थायी ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : दुर्गा बहादुर हमाल ससुरा : ओपिन्द्र बहादुर शाह पति : क्षेत्र बहादुर शाह	**३) लक्ष्मी शाह** ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ बाबु : गजान बहादुर शाही ससुरा : क्षेत्र बहादुर शाह पति : प्रकाश शाह	**४) प्रकाश शाह** स्थायी ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : क्षेत्र बहादुर शाह बाजे : ओपिन्द्र बहादुर शाह
५) पदमा शाह स्थायी ठेगाना : डाङ जिल्ला, तुल्सीपुर न.पा. वडा नं. ६ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : कृष्ण बहादुर मल्ल ससुरा : क्षेत्र बहादुर शाह पति : प्रेम बहादुर शाह	**६) कविता शाह** स्थायी ठेगाना : डाङ जिल्ला, तुलसीपुर न.पा. वडा नं. ६ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : वीर सिंह हमाल ससुरा : क्षेत्र बहादुर शाह पति : प्रहलाद शाह	**७) प्रहलाद शाह** स्थायी ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : क्षेत्र बहादुर शाह बाजे : ओपिन्द्र बहादुर शाह	**८) प्रेमित शाह** ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १० बाबु : प्रकाश शाह बाजे : क्षेत्र बहादुर शाह

धितोको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रा.फ.र.न. १५०१/०५६/०५७ अन्तर्गत मिति २०५६/१२/२७ मा दर्ता भएको डाङ जिल्ला, तुल्सीपुर न.पा. वडा नं. ६ स्थित गंगा ईट्टा उद्योगको नाममा मालपोत कार्यालय तुल्सीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ, जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. २/ख (हाल तुलसीपुर न.पा. वडा नं. १२) स्थित कित्ता नं. १९३, १९९, २०० र २६६ को क्षेत्रफल क्रमशः ०-१८-१७-०, ३-०-१३-०, १-१६-३-० र ०-०-१८-० (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत ।
२) दुर्गा बहादुर हमालकी छोरी, ओपिन्द्र बहादुर शाहकी बुहारी, क्षेत्र बहादुर शाहकी पत्नी, डाङ जिल्ला, ठरीगाँउ गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा वडा नं. १२ मा बस्ने गणेश कुमारी शाहको नाममा मालपोत कार्यालय तुल्सीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९/ख स्थित कित्ता नं. १०८ को क्षेत्रफल २-१-११-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत ।
३) वीर सिंह हमालकी छोरी, क्षेत्र बहादुर शाहकी बुहारी, प्रहलाद शाहकी पत्नी, डाङ जिल्ला, तुल्सीपुर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ मा बस्ने कविता शाहको नाममा मालपोत कार्यालय तुल्सीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. १/ग (हाल तुल्सीपुर उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. २३६५ को क्षेत्रफल ३४९.३० (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत।
४) वीर सिंह हमालकी छोरी, क्षेत्र बहादुर शाहकी बुहारी, प्रहलाद शाहकी पत्नी, डाङ जिल्ला, तुल्सीपुर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ मा बस्ने कविता शाहको नाममा मालपोत कार्यालय तुल्सीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ जिल्ला, तुल्सीपुर न.पा. वडा नं. ९/क (हाल तुल्सीपुर उ.म.न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६३७० को क्षेत्रफल ६१०.८६ (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत।
५) गंगा ईट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

२) प्रेम बहादुर शाह
स्थायी ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९
हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा वडा नं. १२
बाबु : क्षेत्र बहादुर शाह
बाजे : ओपिन्द्र बहादुर शाह

जमानीकर्ताको विवरण

१) गणेश कुमारी शाह स्थायी ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : दुर्गा बहादुर हमाल ससुरा : ओपिन्द्र बहादुर शाह पति : क्षेत्र बहादुर शाह	**२) लक्ष्मी शाह** ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ बाबु : गजान बहादुर शाही ससुरा : क्षेत्र बहादुर शाह पति : प्रकाश शाह	**३) प्रकाश शाह** स्थायी ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : क्षेत्र बहादुर शाह बाजे : ओपिन्द्र बहादुर शाह
४) पदमा शाह स्थायी ठेगाना : डाङ जिल्ला, तुल्सीपुर न.पा. वडा नं. ६ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : कृष्ण बहादुर मल्ल ससुरा : क्षेत्र बहादुर शाह पति : प्रेम बहादुर शाह	**५) कविता शाह** स्थायी ठेगाना : डाङ जिल्ला, तुलसीपुर न.पा. वडा नं. ६ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : वीर सिंह हमाल ससुरा : क्षेत्र बहादुर शाह पति : प्रहलाद शाह	**६) प्रहलाद शाह** स्थायी ठेगाना : डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ हालको ठेगाना : डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ बाबु : क्षेत्र बहादुर शाह बाजे : ओपिन्द्र बहादुर शाह

धितोको विवरण

७) दुर्गा बहादुर हमालकी छोरी, ओपिन्द्र बहादुर शाहकी बुहारी, क्षेत्र बहादुर शाहकी पत्नी, डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ स्थायी भई ठेगाना हाल डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ मा बस्ने गणेश कुमारी शाहको नाममा मालपोत कार्यालय तुलसीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९/ख स्थित कित्ता नं. ३३०, ४४२, ४४१, ४५३, २४३, ३२ ९ र ३३१ को क्षेत्रफल क्रमश : ४५११.६२, ९८१.८९, ४७४.०२, २१५०.००, २२१७.७२, २०४८.७७ र ४५७.०९ (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत ।
२) ओपिन्द्र बहादुर शाहको नाती, क्षेत्र बहादुर शाहको छोरा, डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ मा बस्ने कविता शाहको नाममा मालपोत कार्यालय तुल्सीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ जिल्ला, तुलसीपुर न.पा. वडा नं. ८/ग स्थित कित्ता नं. ९५९, ९६२, ९६०, ९६१, ९६३, ९६४, ९६५, ९६६, ९६७ र ९६८ को क्षेत्रफल क्रमशः ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-१-०-०, ०-०-१०-०, ०-०-१५-०, ०-०-६-०, ०-०-११-०, ०-०-५-० र ०-०-६-० (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत ।
३) ओपिन्द्र बहादुर शाहको नाती, क्षेत्र बहादुर शाहको छोरा, डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ मा बस्ने मा बस्ने प्रेम बहादुर शाहको नाममा मालपोत कार्यालय तुल्सीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९/ख स्थित कित्ता नं. ३१४ र ७१ को क्षेत्रफल क्रमशः ०-९-१-० र ०-११-१३-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत ।
४) ओपिन्द्र बहादुर शाहको नाती, क्षेत्र बहादुर शाहको छोरा, डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ मा बस्ने मा बस्ने प्रेम बहादुर शाहको नाममा मालपोत कार्यालय तुल्सीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ जिल्ला, तुलसीपुर न.पा. वडा नं. ९/क स्थित कित्ता नं. ४१९२ को क्षेत्रफल ७६१.९२ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत ।
५) ओपिन्द्र बहादुर शाहको नाती, क्षेत्र बहादुर शाहको छोरा, डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल डाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १२ मा बस्ने मा बस्ने प्रेम बहादुर शाहको नाममा मालपोत कार्यालय तुल्सीपुर, डाङको लगतमा दर्ता कायम रहेको डाङ जिल्ला, ठरीगाँउ गा.वि.स. वडा नं. ७/क स्थित कित्ता नं. १७६९ को क्षेत्रफल १८०.९६ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालागात समेत ।
६) सवारी मोडल: Ford Ecosport 1.5L Petrol Ambiente | च्यासिस नं.: MAJAXXMRKAHP46004 | ईन्जिन नं. : HPH6004 | सवारी दर्ता नं. : बा १८ च ३४८१

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय तुल्सीपुर, दाङको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय तुल्सीपुर, दाङबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५** (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

१. **ऋणीहरुको विवरण:**

क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७४/०५/१५ मा दर्ता नं. १७४२३२/०७४/०७५ कायम भई दर्ता रहेको सल्यान जिल्ला, रिम गा.वि.स. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेको **डि.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** ।

ख. जोगी घर्ती/तिर्था घर्तीको नाति, तेज बहादुर घर्ति/सुन्तली घर्तीको छोरा, दुर्गा देवी घर्तीको पति, सल्यान जिल्ला, कपुरकोट गा.पा., वडा नं. ०२ (साबिक सल्यान जिल्ला गर्पा गा.वि.स वडा नं. ०६,) बस्ने **शन्त सिं घर्ती** (ना.प्र.नं. ३४५/१९३६२, जारी मिति २०५९/०६/१३, जिल्ला प्रशासन कार्यालय सल्यान) ।

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. जगवीर खत्री/देव कुमारी खत्रीको नाति, लोक बहादुर खत्री/गौरा खत्रीको छोरा, खुमा कुमारी डाँगीको पति, सल्यान जिल्ला, कपुरकोट गा.पा., वडा नं. ०५ (साबिक सल्यान जिल्ला रिम गा.वि.स. वडा नं. ०८) बस्ने **द्रोण बहादुर के.सी.** (ना.प्र.नं. १०४६/०५८/१४६९०, जारी मिति २०५८/१०/१८, जिल्ला प्रशासन कार्यालय सल्यान) ।

२. जोगी घर्ती/तिर्था घर्तीको नाति, तेज बहादुर घर्ति/सुन्तली घर्तीको छोरा, दुर्गा देवी घर्तीको पति, सल्यान जिल्ला, कपुरकोट गा.पा., वडा नं. ०२ (साबिक सल्यान जिल्ला गर्पा गा.वि.स वडा नं. ०६,) बस्ने **शन्त सिं घर्ती** (ना.प्र.नं. ३४५/१९३६२, जारी मिति २०५९/०६/१३, जिल्ला प्रशासन कार्यालय सल्यान) ।

३. लिल बहादुर खत्री/उजेली खत्रीको नातिनी, पूर्ण बहादुर खत्री/देव कुमारी खत्रीको छोरी, तेज बहादुर घर्ति/सुन्तली घर्तीको बुहारी, शन्त सिं घर्तीको पत्नी, सल्यान जिल्ला, कपुरकोट गा.पा., वडा नं. ०२ (साबिक सारपानीगर्पा गा.वि.स वडा नं. ०६,) बस्ने **दुर्गा देबी घर्ती** (ना.प्र.नं. २/२१/३०३७९, जारी मिति २०६१/०८/०४, जिल्ला प्रशासन कार्यालय सल्यान) ।

४. डिल्ली बहादुर डाँगी/तिलसरी डाँगीको नातिनी, जित बहादुर डाँगी/थुमा डाँगीको छोरी, लोक बहादुर खत्री/गौरा खत्रीको बुहारी, द्रोण बहादुर के.सी.को पत्नी, सल्यान जिल्ला, कपुरकोट गा.पा., वडा नं. ०५(साबिक सल्यान जिल्ला फलवाङ गा.वि.स वडा नं.०१) बस्ने **खुमा कुमारी डाँगी** (ना.प्र.नं. ५५१०४०/६९३८, जारी मिति २०६६/०१/१६, जिल्ला प्रशासन कार्यालय सल्यान) ।

धितो सुरक्षणको विवरण

१. **शन्त सिं घर्ती**को नाममा मालपोत कार्यालय, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, तुल्सीपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ६२६ को क्षेत्रफल १४५ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **द्रोण बहादुर के.सी.**को नाममा मालपोत कार्यालय, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, तुल्सीपुर गा.वि.स./न.पा., वडा नं. १ स्थित कित्ता नं. ६४१ को क्षेत्रफल १७०(व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. **खुमा कुमारी डाँगी**को नाममा मालपोत कार्यालय, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, लाहुरेचौर गा.वि.स./न.पा., वडा नं. २ स्थित कित्ता नं. १६५८ र १६७३ को क्षेत्रफल क्रमश: १०.६० र ४८.२५(व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

४. **दुर्गा देवी घर्ती**को नाममा मालपोत कार्यालय, दाङमा दर्ता कायम रहेका दाङ्ग जिल्ला, लाहुरेचौर गा.वि.स. वडा नं. २ सि.न २/क स्थित कित्ता न १९२६, १९०८, १९२० र १८९६ को जम्मा क्षेत्रफल १०२.०० ब.मी. भएको जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

५. धनि कुमारी बैक लि. र ऋणी **डि.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली** कायम भई राप्ती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. 4H3307IS720053, ई.नं.ECE07611TH0081212, सवारी नं. रा १ क ६२४ को Backhoe loader थान १ ।

६. धनि कुमारी बैक लि. र ऋणी **डि.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली** कायम भई राप्ती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे. नं. HAR3DXSUK02723421, ई.नं. H00278843, सवारी नं. रा. १ क. १२०४ को Backhoe loader थान १ ।

७. धनि कुमारी बैक लि. र ऋणी **शन्त सिं घर्ती** कायम भई राप्ती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. MAT505555J8R09923, ई.नं. 4SPCR11DRY620332, सवारी नं. रा. १ ख. १७७९ को Mini Truck थान १ ।

२. **ऋणीको विवरण**

मोहविर खड्काको नाति, जय बहादुर खड्काको छोरा, मेनाका के.सी.को पति, दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. १२ (साबिक दाङ जिल्ला टरीगाउ गा.वि.स., वडा नं. ०२,) बस्ने **भरत खड्का** (ना.प्र.नं. ३८१/२२७४, जारी मिति २०५५/०२/१५, जिल्ला प्रशासन कार्यालय दाङ) ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. प्रेम बहादुर के.सी.को नातिनी, पवित्रलाल के.सी./पुष्पा कुमारी के.सी.को छोरी, जय बहादुर खड्काको बुहारी, भरत खड्काको पत्नी, सल्यान जिल्ला, थारमारे गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा वडा नं. १२

कृषिमा ५८ अर्ब ९८ करोड बजेट

कृषि अनुदान किसानको हातमा पुऱ्याउने लक्ष्य, रैथनेबालीको संरक्षणमा विशेष जोड

अजित अधिकारी/नयाँ पत्रिका



सरकारले आगामी आर्थिक वर्ष ०८०/८१ का लागि कृषि क्षेत्रलाई ५८ अर्ब ९८ करोड बजेट विनियोजन गरेको छ। जुन चालू आव ०७९/८० को तुलनामा तीन अर्ब रुपैयाँ बढी हो। अर्थमन्त्री डा. प्रकाशशरण महतले 'उत्पादन साथमा, अनुदान हातमा' भन्ने मुख्य नारासहित कृषिलाई उच्च प्राथमिकता दिँदै बजेट सार्वजनिक गरेका हुन्।

कृषि उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन गर्ने उद्देश्यले विगत ६ वर्षदेखि सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई तीन अर्ब २२ करोड विनियोजन गरिएको छ। यो परियोजनामातहत १६ सुपरजोन, एक सय ७७ जोन, ६ सय ६० ब्लक र एक हजार ५३ पकेट क्षेत्र सञ्चालनमा छन्।

औषधिजन्य प्रयोगका लागि गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्ने विषय पहिलोपटक बजेटमा उल्लेख छ। विभिन्न महामारी नियन्त्रण गर्न पाँच करोड ६० लाख डोज भ्याक्सिन स्वदेशमै उत्पादन गर्ने लक्ष्य राखिएको छ। त्यस्तै, गुणस्तरीय र उन्नत जातको बिउ प्रयोग गर्न ४० करोड रुपैयाँ विनियोजन गरिएको छ। यसबाट ५० प्रतिशतसम्म अनुदानमा किसानलाई उन्नत बिउ उपलब्ध गराउने सरकारी योजना छ। मार्सी, कागुनो, कोदो, फापर, जौ, लट्टे, सिमीलगायतका रैथाने बाली संरक्षणका लागि 'रैनाथेमा गर्व गर्रौं' अभियान चलाइने भएको छ। रासायनिक मलमा किसानलाई अनुदान दिन ३० अर्ब विनियोजन गरिएको छ। यो चालू आवको १५ अर्बको तुलनामा दोब्बर हो। अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्यवृद्धि भएका कारण यो वर्ष सरकारले मल अनुदानका लागि साढे ३८ अर्ब रुपैयाँ खर्च गरेको थियो।

रासायनिक मल कारखाना स्थापनाका लागि डिपिआर बनाउने र सार्वजनिक-निजी साझेदारी मोडलमा लगानी बोर्डमार्फत थप काम अघि बढाइने बजेटमा उल्लेख छ। किसानको खेतबारीसम्मै प्राविधिक सेवा प्रवाह गर्न कृषिमा स्नातक तह अध्ययन गरेका विद्यार्थीलाई स्थानीय तहमार्फत परिचालन गरिने भएको छ। धान र आलुमा आत्मनिर्भर हुन एक सय पालिकामा कार्यक्रम विस्तार गरिने जनाइएको छ।

उखु किसानलाई सरकारी अनुदान उपलब्ध गराउन ८५ करोड विनियोजन गरिएको छ। चालू आवको फागुनसम्म ७३ करोड ८७ लाख रुपैयाँ वितरण भइसकेको र आवको अन्त्यसम्ममा एक अर्ब पाँच करोड रुपैयाँ उखु किसानलाई अनुदानबापत वितरण गर्नुपर्ने सरकारी अनुमान छ। सरकारले उखु किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान दिने गरेको छ। दूध उत्पादन वृद्धिका लागि पोषणयुक्त घाँसेबालीको विकास गर्रौं, पशुजन्य उत्पादन बढाऔं' नारा अघि सारिएको छ। कृषितर्फ युवा उद्यमीलाई आकर्षित गर्न एक अर्ब २० करोडको युवा स्टार्टअप अनुदान कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ।

बाँझो जमिनलाई उपयोग गरी करार र सामूहिक खेती गर्न प्रोत्साह गर्न ३० करोड विनियोजन गरिएको छ। बाली तथा पशुधन बिमाका लागि ९५ करोड विनियोजन गरिएको छ। यसबाट दुई लाखभन्दा बढी किसान लाभान्वित हुने अपेक्षा छ। सरकारले कृषि तथा पशुधन बिमा प्रिमियमको ८० प्रतिशत अनुदान दिने व्यवस्था छ। चालू आवको फागुनसम्म कृषि बिमा अनुदानका लागि ९५ करोड तीन लाख रुपैयाँ भुक्तानी भइसकेको छ।

■ कुल बजेट : ५८ अर्ब ९८ करोड

रासायनिक मलमा अनुदान	३० अर्ब
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	३ अर्ब २२ करोड
बिउबिजनमा अनुदान	४० करोड
किसानलाई खेतबारीमै प्राविधिक उपलब्ध गराउन	४७ करोड
उखु किसानलाई अनुदान	८५ करोड
कृषिमा युवालाई स्टार्टअप	१ अर्ब २० करोड
बाँझो खेती प्रयोगका लागि	३० करोड
कृषि बिमा प्रिमियममा अनुदान	९५ करोड

अनुसन्धान, नवप्रवर्तन आविष्कार गर्न एक अर्बको कोष

भोजराज भण्डारी/नयाँ पत्रिका



सरकारले अनुसन्धान, नवप्रवर्तन अविष्कारका लागि एक अर्ब रुपैयाँको छुट्टै कोष स्थापना गर्ने भएको छ। आगामी आवको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री प्रकाशशरण महतले प्रदेश र स्थानीय तहलाई कोषमा रकम जम्मा गर्न प्रोत्साहित गरिने बताएका छन्। नवप्रवर्तन, अविष्कार र अनुसन्धानसम्बन्धी कार्यमा समन्वय गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा छुट्टै एकाइ स्थापना गरिनेछ।

त्यस्तै, नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप इकोसिस्टम विकास गरिने भएको छ। उद्यमशील सोच र संस्कृतिको विकास एवं उद्यमशील सोचलाई व्यवसायमा रूपान्तरण गर्न काठमाडौंमा इन्क्युबेसन सेन्टर सञ्चालन गरिने बजेटमा उल्लेख गरिएको छ। स्टार्टअपलाई प्रोत्साहन गर्न सरकारले १ अर्ब २५ करोड रुपैयाँ बजेट छुट्याएको छ। साथै, भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डलाई स्टार्टअपमा लगानी गर्न प्रोत्साहित गरिने भएको छ।

डिजिटल नेपाल फ्रेमवर्कलाई आवश्यक परिमार्जनसहित कार्यान्वयनमा लगिने भएको छ। ललितपुरको खुमलटारमा सूचना प्रविधि ज्ञानपार्क स्थापना गरिने बजेटमा उल्लेख छ। विद्युतीय तथ्यांकहरूको सुरक्षा, भण्डारण र उपयोगलाई व्यवस्थित बनाउन विद्युतीय तथ्यांक सुरक्षा नीति तर्जुमा गरिने भएको छ। कोहलपुरमा डाटा सेन्टर र ललितपुरमा इन्टरनेट एक्सचेन्ज सेन्टरको निर्माण गर्न बजेट विनियोजन गरिएको छ। त्यस्तै, धरानमा डाटा सेन्टर र बुटवलमा इन्टरनेट एक्सचेन्ज निर्माणको सम्भाव्यता अध्ययन गरिने भएको छ।

राष्ट्रिय साइबर सुरक्षा केन्द्र सञ्चालनमा ल्याई साइबर सुरक्षाजन्य जोखिमलाई न्यूनीकरण गरिने बजेटमा उल्लेख छ। उच्च क्षमताको अप्टिकल फाइबरमार्फत इन्टरनेट ब्रोडब्यान्ड सेवा सबै स्थानीय तहका केन्द्र, सार्वजनिक विद्यालय एवं क्याम्पस र स्वास्थ्य संस्थामा पुऱ्याइने भएको छ। हाल सञ्चालनमा रहेका हुलाक बचत बैंकका खातालाई 'क' वर्गका सरकारी बैंकमा स्थानान्तरण गरी हुलाक बचत बैंक खारेज गरिने भएको छ। दूरसञ्चारसम्बन्धी पूर्वाधार निर्माण गर्दा भूमिगत संरचनामार्फत उच्च क्षमताको 'डक्ट'को प्रयोग गरिने भएको छ। साथै, सार्वजनिक निजी साझेदारीमा दोलखा र बनेपामा फिल्म सिटी र इन्डोर स्टुडियो निर्माण प्रक्रिया अघि बढाइने भएको छ।


■ सबै स्थानीय तहमा स्वदेशी उत्पादन

'आत्मनिर्भर अर्थतन्त्रको आधार : स्वदेशमै उत्पादन र रोजगार' भन्ने नाराका साथ आत्मनिर्भर अर्थतन्त्र विकास गर्ने भएको छ। सबै स्थानीय तहमा राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी कृषिको व्यावसायीकरण, लघु तथा साना उद्योग प्रवर्द्धन र सूचना प्रविधि तथा पर्यटन क्षेत्रको विकास गरिने बजेटमा उल्लेख छ। बाँझो र उपयोगविहीन जमिनको उपयोग गरी उद्यम गर्न प्रोत्साहित गर्ने गरी कार्यक्रमको निर्देशिका साउनभित्र तर्जुमा गरिने डा. महतले बताए। यस कार्यक्रमलाई सात अर्ब रुपैयाँ विनियोजन गरिएको छ।

प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रममार्फत आन्तरिक उत्पादन र उपभोगलाई प्रोत्साहन गरिने भएको छ। सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गरिने डा. महतले बताएका छन्। उक्त कार्यक्रमलाई सम्पन्न गर्न डा. महतले ५० करोड विनियोजन गरेका छन्।

आर्थिक वर्ष ०८०/८१ को बजेटबारे कसले के भने ?

अर्थतन्त्रलाई समाधान दिने हिसाबले बजेट आएन



● **विष्णु पौडेल**
पूर्वअर्थमन्त्री

यो बजेटले मुलुकका समस्या चिन्न पनि सक्दैन। न समाधानको दृष्टिकोण दिन सक्यो न जनतामा आशा दिन सक्यो। चलनचल्तीका कार्यक्रमहरूको घोषणाबाहेक खास केही हुन सकेन। आमसंकट र मन्दीमा रहेको रहेको अर्थतन्त्रलाई समाधान दिने हिसाबले बजेट आएन। यो कार्यान्वयनको सम्भावना छैन। राजस्व परिचालनको दृष्टिकोणले पनि, चालु आवमा राजस्व परिचालनको अवस्था दर्दनाक छ। आउने आर्थिक वर्षमा १२ खर्ब ४८ अर्ब राजस्व परिचालन हुने अनुमान गरिएको छ। न यसले प्रक्षेपण गरेको राजस्व परिचालन गर्न सक्छ। न यसले प्रक्षेपण गरिएको अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्नसक्छ। न यसमा खर्च निम्ति जुन प्रस्ताव गरिएको छ, तदअनुकूलको खर्च प्रबन्ध यसले गर्नसक्छ। जुन यसले ६.५ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य निर्धारण गरेको छ, त्यो लक्ष्य पनि पूरा हुने कुनै सम्भावना छैन।

बजेटले सुरुमै अविश्वासको बिउ रोपेको छ



● **डा. स्वर्णिम वाग्ले**
प्रतिनिधिसभा सदस्य

बजेटले प्रस्तुत गरेको आय अविश्वसनीय छ। इच्छाप्रेरित भयो। १७५१ अर्बको बजेट ल्याइएको छ। जबकि, पोहोर १७९४ अर्ब बजेट ल्याउँदा केही महिनाअघि अर्थ मन्त्रालयले नै हावादारी भयो भनेर १५५० मा झारेको थियो। त्यसमा २०० अर्ब थपिएर आएको बजेटले सुरुमै अविश्वासको बिउ रोपेको छ। आइतबार साँझसम्म ८०० अर्ब राजस्व उठेको छ। चालू आव सकिन डेढ महिना बाँकी छ। त्यसमा बत्तिएर गए पनि १२०० अर्ब राजस्व उठ्ला। यस्तै, पोहोर विदेशी अनुदान ५५ अर्ब ल्याउने भनिएकामा ५ अर्ब पनि आएको छैन। यसपालि झन्डै ५० अर्ब ल्याउने भनिएको छ। यहाँ पनि अविश्वास देखिन्छ। ल मानौं, १२५९ अर्ब राजस्व र ५० अर्ब विदेशी अनुदान आयो भने पनि हाम्रो आय १३ सय अर्बजति हुन्छ। बजेट १७५१ अर्बको आएको छ। बाँकी भ्वाङ कसरी पुर्ने ? यसलाई विदेशी र स्वदेशी ऋण उठाउनु भन्नुभएको छ, अर्थमन्त्रीले। यो ठूलो ग्याप हो।

बजेटका नारा

- आत्मनिर्भर अर्थतन्त्रको आधार, स्वदेशमै उत्पादन र रोजगार
- मेक इन नेपाल र मेड इन नेपाल
- उत्पादन साथमा, अनुदान हातमा
- रैथानेमा गर्व गर्रौं
- खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा
- पोषणयुक्त घाँसेबालीको विकास गर्रौं
- पशुजन्य उत्पादन बढाऔं
- जग्गा प्रशासनमा सुधार
- उत्पादन र रोजगार : समृद्धिको आधार
- वाटर फ्रम द हिमालय
- श्रमको सम्मान, राष्ट्रको अभियान
- अबको जीवन स्वदेशमा नै
- नेपाल घुमौं, नेपाल चिनौं
- गुणस्तरीय स्वास्थ्य उपचार, जनताको अधिकार
- कोखदेखि शोकसम्म सामाजिक सुरक्षा
- बागमती नदको शान, सभ्यताको उत्थान
- सिँचाइमा लगानी, खेतबारीमा पानी
- हरित अर्थतन्त्र, दिगो विकासको मन्त्र



नयाँ र आशा गर्न सकिने विशेष केही छैन



● **डा. प्रकाशचन्द्र लोहनी**
पूर्वअर्थमन्त्री

यो बजेटले देश आर्थिक रूपमा संकटमा छ भन्ने थोरै नै भए पनि अनुभूति गरेको हो कि जस्तो देखिन्छ। बजेटको साइज बढाउनुले पनि देश संकटमा छ भन्ने अनुभूत गरेको जस्तो देखिन्छ। खर्च कटौतीको केही प्रयास गरेको जस्तो त देखिन्छ, तर यसबाट कति खर्च घट्छ भन्नेमा बजेट मौन देखिन्छ।

प्रधानमन्त्रीदेखि सांसदसम्मको तलबभत्ता पनि कटौती गरेको भए यसले अलग्गै सन्देश दिन सक्थ्यो। तर, उहाँहरूले आफ्नो तलबभत्ता यथावत् राखेर अरूको केही भत्ता कटौती मात्र गर्नुभएको छ। बजेटमा गरिनेछ, हेरिनेछ जस्ता परम्परागत पदावली नै बढी प्रयोग गरिएको छ, जुन हिजोका बजेटमा पनि आउँथे। त्यसैले यो बजेटमा खास नयाँ र आशा गर्न सकिने विशेष केही छैन।

कार्यान्वयन हुन सके अर्थतन्त्रमा उत्साह ल्याउँछ



● **डा.गजेन्द्र विष्ट**
अर्थशास्त्री

बजेट सर्सर्ती सुन्दा राम्रो लाग्यो। गतवर्षको भन्दा आकारमा संकुचित देखिन्छ। आर्थिक गतिविधिहरूमा आएको संकुचनका कारण राजस्व असूली न्यून भएपछि आकारमा वृद्धि संभव पनि थिएन। सरकारले मितव्ययिता अपनाउने सिलसिलामा अनावश्यक बोर्ड, आयोग, समितिहरू नराख्ने र कतिपयलाई मर्ज गर्ने घोषणा गरेको छ। यसलाई राम्रै मान्नुपर्ने हुन्छ। सरकारी भवनहरू समेत नबनाउने भनिएको छ जुन त्यति व्यवहारिक छैन र त्यो मितव्ययितामा पनि पर्दैन।

आर्थिक गतिविधिहरू साँघुरिएको अवस्थामा तत्काल प्रतिफल दिने आयोजनामा बढी बजेट विनियोजन गरिएको भए रणनीतिक हिसावले अर्थमन्त्रीलाई अनुकूलता हुन सक्थ्यो। अनुत्पादक मानिदै आएको सांसद विकास कोष हटाइएको भए साँसदाबाहेक अरुबाट उहाँले तारिफ पाउनुहुन्थ्यो। तथापि आफ्नो तर्फबाट अर्थमन्त्रीले राम्रै प्रयास गर्नुभएको देखियो। लेखिएका विषयहरूलाई टेकेर कार्यान्वयनलाई प्रभावकारी बनाउन सकेको खण्डमा प्रस्तुत बजेटबाट अर्थतन्त्रमा केही उत्साह आउन सक्छ। तर अर्थतन्त्रको पछिल्लो समस्या वित्त नीति भन्दा पनि कसिलो मौद्रिक नीतिबाट बढी प्रभावित भएकोले उपचार पनि वित्तभन्दा मौद्रिकतर्फ नै बढी अपेक्षित छ।

सिएनआईले उठाएका केही माग सम्बोधन भएका छन्



● **विष्णुकुमार अग्रवाल**
अध्यक्ष, नेपाल उद्योग परिसंघ

बजेटमा दुई-तीनवटा प्रयास भएको छ। जहिले पनि बजेट कार्यान्वयन नहुने शंकाबीच अहिलेको बजेट प्रयासरत देखिन्छ। जसरी समिति बनाएर, नियमित मनिटरिङ गर्ने, साउन मसान्तभित्र सबैले कार्यविधि बनाएर अगाडि बढाइसक्नुपर्ने यस्ता विषय सम्बोधन गर्ने प्रयास गरेका छन्। यदि बजेटको राम्रोसँग कार्यान्वयन हुन पायो भने राम्रो हुन्छ। अर्को कुरा औद्योगीकरणका लागि उत्कृष्ट त होइन, तर सिएनआईले उठाएका केही माग सम्बोधन भएका छन्। हामीले ६ वटा औद्योगिक क्षेत्र कार्यान्वयनमा आउनुपर्ने भनेका थियौं। बजेटमा दुईवटा कार्यान्वयनमा र बाँकी दुईवटालाई पिपिपी मोडेलमा अघि बढाउने प्रतिबद्धता पनि आएको छ। कार्यान्वयन भएमा परिणाम राम्रो आउन सक्छ। दोम्रो कुरा, ठुल्ठूला परियोजनाले नेपालमा सामान ल्याएर प्रोजेक्ट कार्यान्वयन गरिराखेका थिए, त्यसमा नयाँ कुनै पनि सम्झौता हुँदा नेपाली सामानलाई नै प्रतिबद्धता गर्ने यो पनि राम्रो विषय हो।

बजेटले अर्थतन्त्रलाई डिस्चार्ज गर्न प्रयास गरेको छ



● **उदयशमशेर राणा**
पूर्वअर्थराज्यमन्त्री

सरकारले बजेटमार्फत खर्च घटाउन खोजेको छ भने पोहोर सालको तुलनामा यसको साइज पनि घटाएको छ। चालू खर्च बढेको देखिन्छ। कहाँ बढेको छ भन्ने हेर्नुपर्ने हुन्छ। यस्तै, कतिपय योजना हटाएको पनि छ। बजेटभन्दा पनि यसलाई कसरी लागू गर्ने भन्ने महत्त्वपूर्ण कुरा हो। कर सुधारमा पनि केही विषय आएका छन्। यसकारण अहिलेको अप्ठ्यारो परिस्थितिमा बजेटलाई नराम्रो भन्न मिल्दैन। बजेटले अर्थतन्त्रलाई डिस्चार्ज गर्न प्रयास गरेको छ। कतिपय ठाउँमा अझै राम्रो हुन सक्ने ठाउँ छन्। मूल कुरा कसरी लागू गर्ने भन्ने हो।
सांसदलाई ५ करोड दिइएको छ। सबै पूर्वाधार खर्चमा गनुपर्ने भनिएको छ। सानो योजनामा राख्न सकिँदैन। पाँच योजनामा पाँच करोड अर्थात् एउटा योजनामा एक करोडभन्दा बढी राख्न सकिँदैन। यो राम्रै हो, किनकि पहिले सांसदले साना-साना योजना पनि राख्ने गरेका थिए।

बजेटमा आर्थिक अवस्था सुधार गर्ने प्रतिबद्धता देखिन्छ



● **चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

आर्थिक वर्ष ०८०/८१ को बजेटमा निजी क्षेत्रलाई महत्त्व दिँदै विद्यमान आर्थिक अवस्थालाई सुधार गर्ने प्रतिबद्धता आएको छ। निजी क्षेत्रलाई अर्थतन्त्रको संवाहकका रूपमा प्रवर्द्धन गर्ने विषय समावेश भएको छ। बजेटमा नेपाल उद्योग वाणिज्य महासंघले दिएका सुझावहरूसमेत समावेश भएका छन्।

पुँजीगत खर्च बढाउने र अनुत्पादक खर्च कटौतीका लागि विशेष पहल गरिएको छ। जुन स्वागतयोग्य छन्। सबै नीतिगत र कागजी प्रक्रिया पूरा गरेका आयोजनाका लागि मात्र बजेट विनियोजन गर्ने बजेटमा उल्लेख छ। यसले काम सुरु हुने आयोजनालाई मात्र बजेट जाने र पुँजीगत खर्च बढ्ने अपेक्षा गर्न सकिन्छ। वन क्षेत्र र रूख कटानी प्रक्रिया सहज बनाउन रीत पुगेका निवेदनउपर ३० दिनभित्र निर्णय गर्ने भनिएको छ। आयोजनाका लागि जग्गाप्राप्ति प्रक्रिया सहज बनाउने विषय पनि उल्लेख छ। भारतीय सीमा क्षेत्रनजिक हिल स्टेसन विकास गर्ने कार्यक्रमले भारतीय पर्यटक र लगानी आकर्षित गर्नेछ। नयाँ कम्पनी दर्ता गर्दा कुनै शुल्क नलाग्ने व्यवस्था गरिएको छ। एक सय रुपैयाँमा कम्पनी खोल्न सकिने व्यवस्थाले स्टार्टअपहरू आकर्षित हुन सक्छन्। नवप्रवर्तन र अनुसन्धानका लागि निश्चित कोष नै खडा गरेर खर्च गरिने विषयले पनि अनुसन्धानलाई प्रश्रय दिनेछ। उद्योगको जग्गा प्राप्ति तथा लिज प्रक्रिया सहज बनाइने उल्लेख भएकाले पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित हुनेछ। बजेट वक्तव्यमा विदेशी लगानी आकर्षित गर्ने विषयलाई प्राथमिकता दिइएको छ। स्वचालित प्रक्रियाबाट लगानी स्वीकृत गर्नेदेखि अन्य सहुलियतले विदेशी लगानी बढ्ने आपेक्षा गर्न सकिन्छ। निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिइने सुविधा उपलब्ध हुने भनिएको छ। यसले निजी क्षेत्रको विद्युत् उत्पादन र व्यापारमा लगानी विस्तार हुनेछ।

गिटी-ढुंगा दोहन गर्ने भनिएकोप्रति हाम्रो विरोध छ



● **प्रेम सुवाल**
प्रतिनिधिसभा सदस्य

प्रधानमन्त्रीज्यू भारत जाँदै हुनुहुन्छ। बजेटमा चुरेको गिटी-ढुंगा दोहन गर्ने भनेर लेखिएको छ। यसमा हाम्रो विरोध छ। यो रोक्नुपर्छ। साथै, किसानलाई जोत्ने जमिन छैन, तर मलका लागि ३० अर्ब छुट्याइएको छ। १० प्रतिशतका दरले कमिसन आउने भएर यो रकम छुट्याएको हो। मल कारखानाको अझै प्रत्याभूति गरिएको छैन।

यस्तै, सूचना प्रविधिमा विदेशी पुँजी ल्याउने भनेको गलत हो। किनकि, विदेशी पुँजीले नेपालको सूचना प्रविधिलाई खाइदिन्छ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १६ जेठ ०८०

सय रुपैयाँ पुँजीमा कम्पनी खोल्न सकिने, दर्ता निःशुल्क

अनलाइनबाटै कम्पनी दर्ता र खारेजीको व्यवस्था

नवीन अर्याल/नयाँ पत्रिका

नयाँ कम्पनी दर्ता र कम्पनीको पुँजी वृद्धि गर्न कुनै शुल्क नलाग्ने भएको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट प्रस्तुत गर्दै न्यूनतम सय रुपैयाँ मात्र अधिकृत पुँजी घोषणा गरेर पनि कम्पनी खोल्न सक्ने व्यवस्था घोषणा गरेका हुन्। साथै, अनलाइनबाटै कम्पनी दर्ता र खारेजी गर्न सकिने प्रक्रियालाई सरल र पारदर्शी बनाइने बजेटमा उल्लेख छ। अहिले कम्पनी खोल्नभन्दा बन्द गर्न निकै झन्झटिलो व्यवस्था भएको भन्दै व्यवसायीहरूले गुनासो गर्दै आएका छन्।

त्यस्तै, उत्पादनमूलक तथा निर्यातजन्य उद्योग खोल्न आवश्यक जग्गाको सहज उपलब्धताका लागि लिज र हदबन्दीसम्बन्धी विद्यमान कानुनी व्यवस्था पुनरावलोकन गर्ने अर्थमन्त्री महतले बताए। लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुने गरी राष्ट्रिय पोर्टल तयार गर्ने, वैदेशिक लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी क्षेत्रगत सीमा तोक्ने र सूचना प्रविधि उद्योगमा वैदेशिक लगानीको न्यूनतम सीमा हटाउने व्यवस्था बजेटमा गरिएको छ।

सरकारले तुलनात्मक लाभका क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न ०८० मा लगानी सम्मेलन गर्ने घोषणा गरेको छ। द्रुतमार्ग, सुरुङमार्ग, जलाशययुक्त जलविद्युत् परियोजनाको पहिचान तथा पूर्वतयारीका काम सम्पन्न गरी विदेशी लगानीका लागि प्रस्ताव आह्वान गरिने बजेटमा उल्लेख छ।

■ कन्ट्री क्रेडिट रेटिङ गर्ने

देशमा लगानीको वातावरण सुधार गर्न 'कन्ट्री क्रेडिट रेटिङ' गर्ने प्रक्रिया अगाडि बढाउने घोषणा गरिएको छ। यो विषयमा निजी क्षेत्रले धेरै पहिलादेखि नै माग गर्दै आएको थियो। विदेशी लगानी खुला गरिएका उद्योगमा लगानी भित्र्याउँदा स्वचालित प्रक्रियाबाट स्वीकृति दिइने भएको छ। यस्तै, विदेशी लगानीबाट आर्जित आयलाई पुनः लगानी गर्दा स्वीकृति लिनुनपर्ने व्यवस्था गरिने व्यवस्था गरिएको छ। निजी क्षेत्रले विदेशी वित्तीय संस्थाबाट ऋण लिने प्रक्रियालाई सरल गरिने भएको छ। त्यस्तै, विदेशी लगानीकर्ताले लाभांश फिर्ता लैजाने प्रक्रियालाई पनि सरलीकृत गर्ने उल्लेख छ।

■ क्यानलाई छुट्याएर नियामक र सेवाप्रदायक बनाइने

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)लाई नियामक र सेवाप्रदायक निकायमा अलग-अलग बनाई पुनर्संरचना गरिने भएको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) र युरोपियन युनियन (इयू)ले धेरै पहिलादेखि क्यानलाई नियामक र सेवाप्रदायक छुट्टाछुट्टै निकाय बनाउन सुझाव दिँदै आएको छ। इयूले विगत १० वर्षदेखि नेपाली वायुसेवालाई कालोसूचीमा राख्दै आएको छ। क्यानको पुनर्संरचना नगरी कालोसूचीबाट नहटाउने इयूले संकेत दिएको छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा पनि प्राथमिकता दिइएको छ। चालू आवको बजेटमा पनि निजगढ विमानस्थलको ढाँचा निर्माण गरी लगानी बोर्डबाट आयोजना निर्माण अगाडि बढाइने उल्लेख छ।

निजगढ विमानस्थल आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन, बस्ती स्थानान्तरण, मुआब्जा वितरण, जग्गा संरक्षणलगायत पूर्वतयारीका काम गर्न बजेट विनियोजन गरिएको अर्थमन्त्री महतले बताए। उनले भने, 'लगानी मोडालिटी तय गरी विमानस्थल निर्माण कार्य अगाडि बढाइनेछ।'

यस्तै, गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित हवाई सेवा सञ्चालन हुने व्यवस्था मिलाइने भएको छ। विराटनगर, भरतपुर, नेपालगन्ज र धनगढी विमानस्थलको स्तरोन्नति गरी क्षेत्रीय विमानस्थलका रूपमा विकास गर्ने बजेटमा उल्लेख छ।



■ पर्यटन दशक घोषणा

सरकारले सन् २०२३-२०३२ लाई पर्यटन दशकका रूपमा मनाइने भएको छ। यस्तै, सन् २०२३ मा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको संख्या १० लाख पुऱ्याउने लक्ष्य तोकिएको छ। कोभिडपछि सन् २०२२ मा जहाज चढेर ६ लाख १४ हजार पर्यटक नेपाल भित्रिएका थिए। सन् २०२३ को पहिलो चार महिनामै तीन लाख ३६ हजार पर्यटक आइसकेका छन्।

आन्तरिक पर्यटन प्रवर्द्धन गर्न 'नेपाल घुमौं, नेपाल चिनौं' भन्ने नारासहित अभियान सञ्चालन गरिने भएको छ। यस्तै, अन्तरप्रदेश हवाई सेवा विस्तार गर्न पनि प्रोत्साहन गरिने भएको छ। अहिले बुद्ध एयरले पोखराबाट विभिन्न सहरमा उडान गर्दै आइरहेको छ। पोखरादेखि मनाङसम्मको पदमार्गको निर्माण गर्ने पनि बजेटमा उल्लेख छ। बजेटमा बुद्ध सर्किट, किराँत सांस्कृतिक सर्किट, हिन्दू सांस्कृतिक सर्किट निर्माण तथा प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ।

देशका विभिन्न ठाउँमा नयाँ पर्यटकीय गन्तव्यको पहिचान र पूर्वाधार विकास गर्न दुई अर्ब १३ करोड विनियोजन गरेको अर्थमन्त्री महतले बताए। काठमाडौं उपत्यकालगायत सम्भाव्य स्थानमा हाइकिङ तथा टाकुरा पर्यटन प्रवर्द्धन गरिने भएको छ। खप्तडलगायत पर्यटकीय सम्भावना भएका महत्त्वपूर्ण क्षेत्रहरूमा केबलकार निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने भएको छ।

दुर्गम क्षेत्रमा उडान गर्ने हवाई कम्पनीलाई सहुलियत दिई हवाई यातायात सुविधालाई सहज र सुलभ बनाइने बजेटमार्फत घोषणा गरिएको छ। नेपाल वायुसेवा निगम (नेवानि)को पुनर्संरचना गरी व्यवस्थापकीय सुधारका कार्य अगाडि बढाइने र हवाई सम्पर्कलाई विस्तार गर्न सम्भाव्य देशहरूसँग हवाई सेवा सम्झौताको प्रक्रिया अगाडि बढाइने पनि उल्लेख छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ सिमेन्टको खपत बढाउन सडक ढलान गरिने

स्वदेशी सिमेन्टको आन्तरिक खपत बढाउन पक्की सडक निर्माण गर्दा ढलान प्रविधि अवलम्बनलाई प्राथमिकता दिइने भएको छ। यसबाट टिकाउ र गुणस्तरीय सडक निर्माण हुनुका साथै बिटुमिनको आयात पनि घट्ने अर्थमन्त्री डा. प्रकाशशरण महतले बताए। पछिल्लो समय केही सिमेन्ट उद्योगीले भारतीय बजारमा सिमेन्ट निर्यातसमेत सुरु गरेका छन्।

अर्थमन्त्री महतले उद्योगहरूमा चौथो पुस्ताको औद्योगिक अवधारणा कार्यान्वयन गर्न प्रोत्साहन तथा सहजीकरण गर्ने कार्यक्रम बजेटमा समेटेका छन्। सरकारबाट घोषणा भएका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई तीव्रता दिइने बजेटमा उल्लेख छ। विशेष आर्थिक क्षेत्र (सेज)मा उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई आकर्षित गर्न जग्गाको बहालदर पुनरावलोकन गर्ने उनले घोषणा गरेका छन्। सेजमा उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई आकर्षित गर्न बहालदर पुनरावलोकन गर्ने र उत्पादनको न्यूनतम ३० प्रतिशत निकासी गर्ने उद्योग पनि सञ्चालन गर्न पाउने व्यवस्था गरिने भएको छ। काभ्रेको पाँचखालमा निर्माणाधीन औद्योगिक ग्रामलाई महिला उद्यम ग्रामका रूपमा नामकरण गरी महिला उद्यमीलाई मात्रै उद्योग सञ्चालन गर्न दिइने भएको छ। औद्योगिक ग्रामका लागि ४१ करोड विनियोजन गरिएको छ। पथलैया, सिमरा, गण्डक हुँदै वीरगन्जसम्मको करिडोरलाई बारा-पर्सा औद्योगिक करिडोरका रूपमा विकास गरिने भएको छ। सिमेन्ट, फलाम र तारे होटेलजस्ता ठूला उद्योगसम्म पुग्ने पहुँचमार्ग र ट्रान्समिसन लाइन निर्माण गर्न ४६ करोड विनियोजन गरिएको छ। स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यम विकास कार्यक्रमका लागि एक अर्ब दुई करोड विनियोजन गरिएको छ। धौबादी फलाम खानी उत्खनन कार्य सुरु गर्ने प्रतिबद्धता जनाइएको छ।

■ निर्यात व्यापारको अनुदान तीन-तीन महिनामा दिइने

सरकारले निर्यातमा प्रदान गर्ने नगद अनुदानलाई तीन-तीन महिनामा दिने भएको छ। विभिन्न ३६ प्रकारका वस्तुको निर्यातमा प्रदान गर्दै आएको नगद अनुदानलाई निरन्तरता दिन ९० करोड विनियोजन गरिएको अर्थमन्त्री डा. महतले बताए। अहिले निर्यातमा प्रदान गर्ने नगद अनुदान लिन अत्यन्तै प्रशासनिक झन्झट व्यहोर्नुपरेको व्यवसायीहरूले गुनासो गर्दै आएका छन्। वातावरणीय अध्ययन उपयुक्त देखिएका ठाउँबाट ढुंगा र गिटी निकासी गर्न आधार तयार गरिने बजेटले व्यवस्था गरेको छ। 'वाटर फ्रम द हिमालय'को नामले ब्रान्डिङ गरी हिमाली क्षेत्रको मिनरल वाटर तथा प्रशोधित पानी निर्यात गर्न सहजीकरण गरिने अर्थमन्त्रीले बताएका छन्। निर्यातका लागि नयाँ गन्तव्य पहिचान गर्ने र निर्यात व्यापार प्रोत्साहन गर्न देशगत र वस्तुगत रणनीति तर्जुमा गरिने भएको छ।

■ घरजग्गा : जग्गाको कित्ताकाट फुकुवा गर्ने घोषणा

केही समयदेखि रोक्का रहेको जग्गाको कित्ताकाट फुकुवा गरिने भएको छ। जग्गाको कित्ताकाट फुकुवा भएपछि घरजग्गा क्षेत्रको कारोबार पुरानै अवस्थामा फर्किने अर्थमन्त्रीको विश्वास छ। घरजग्गाको खरिद-बिक्री मूल्यलाई यथार्थपरक, व्यवस्थित र पारदर्शी बनाउन महानगरपालिका र उपमहानगरपालिकाबाट भौगोलिक सूचना प्रणालीमा आधारित वैज्ञानिक मूल्यांकन प्रणाली कार्यान्वयनमा ल्याउने बजेटमा उल्लेख छ।

वैज्ञानिक आधारमा जमिनलाई खेतीयोग्य र अन्य प्रयोजनका लागि वर्गीकरण गर्ने व्यवस्था मिलाउने घोषणा गरिएको छ। आगामी आवमा सबै नापी, भूमिसुधार तथा मालपोत कार्यालयमा भू-सूचना प्रविधिमा आधारित अनलाइन सेवा प्रणाली कार्यान्वयनमा ल्याइनेछ। यस्तै, सेवाग्राहीले विद्युतीय माध्यमबाट ट्रेस नक्सा, दृष्टिबन्धक, रोक्कालगायतका सेवा लिन सक्ने व्यवस्था मिलाइनेछ।

कोटेश्वर, सातदोबाटो र एकान्तकुनामा फ्लाई ओभर

काठमाडौं/ सरकारले राजमार्ग र रणनीतिक सडकअन्तर्गत एक सय ५० वटा पुल निर्माण गरिने बताएको छ। राष्ट्रिय राजमार्गमा आवश्यकताअनुसार फ्लाई ओभर र अन्डरपास निर्माण गरिने सरकारको घोषणा छ। कोटेश्वर, सातदोबाटो र एकान्तकुनामा फ्लाई ओभर र अन्डरपास निर्माण कार्य सुरुवात गरिने बजेटमा उल्लेख छ। सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका लागि एक खर्ब ३१ अर्ब ५९ करोड रुपैयाँ विनियोजन गरेको छ।

राष्ट्रिय राजमार्ग, प्रादेशिक राजमार्ग, रणनीतिक सडक, सहरी सडक र स्थानीय तथा ग्रामीण सडकलाई पुनः वर्गीकरण गर्ने भएको छ। यसअघ ०७६ जेठमा पनि सडकको वर्गीकरण गरिएको थियो। तर, क्षेत्राधिकार सम्बन्धमा अझै डुब्लिकेसन छ।

यस्तै, आगामी आवमा हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटलाई राष्ट्रिय राजमार्गमा जोडिने पनि बताइएको छ। त्यसका लागि ९७ करोड बजेट विनियोजन गरिएको छ। यस्तै, ०८३ भित्र सम्पन्न गर्ने गरी काठमाडौं-तराई-मधेस द्रुतमार्गको निर्माण कार्य अगाडि बढाउने पनि बताइएको छ। आगामी आवमा बाँकी ठेक्का व्यवस्थापन गरिनेछ। उक्त आयोजनालाई २२ अर्ब ५० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ।

यस्तै, लामो समयदेखि स्तरोन्नति हुन नसकेको पासाङल्हामु राजमार्गको तीनपिप्ले-रानीपौवा सडकखण्डको मर्मत तथा स्तरोन्नति गर्न ५० करोड विनियोजन गरिएको छ। नागढुंगा सुरुङमार्ग सम्पन्न गर्न पाँच अर्ब १३ करोड विनियोजन गरिएको छ। भारतीय सीमासँग जोड्ने प्रमुख व्यापारिक मार्गहरूको स्तरोन्नति कार्यअन्तर्गत ६ लेनको बेलहिया-बुटवल, वीरगन्ज-पथलैया तथा मोहना-अत्तरिया खण्डको बाँकी कार्य सम्पन्न गरिने बताइएको छ।

प्रतिव्यक्ति विद्युत् खपत चार सय ५० युनिट, दुई वर्षमा शतप्रतिशत पहुँच

काठमाडौं/ सरकारले आगामी दुई वर्षमा सबै नेपालीमा विद्युत्को पहुँच विस्तार गर्ने घोषणा गरेको छ। अहिले विद्युत्को पहुँच ९५ प्रतिशत नेपालीमा छ। त्यसका लागि राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम क्षेत्रमा लघु तथा साना जलविद्युत् र सौर्य तथा वायुजस्ता नवीकरणीय ऊर्जा प्रविधिको विस्तार गरिने बताइएको छ। यस्तै, आगामी आवमा प्रतिव्यक्ति विद्युत् खपत चार सय ५० युनिट पुऱ्याइने भएको छ। हाल प्रतिव्यक्ति विद्युत् खपत तीन सय ५१ युनिट रहेको छ।

नौ सय मेगावाट विद्युत् थपिने

आगामी आवमा नौ सय मेगावाट विद्युत् थप्ने घोषणा सरकारले गरेको छ। एक सय ११ मेगावाटको रसुवागढी, एक सय दुई मेगावाटको मध्यभोटेकोसी, ४२.५ मेगावाटको सान्जेनलगायतका आयोजनाबाट उत्पादित विद्युत् थपिने बजेटमा उल्लेख छ। हाल २७ सय मेगावाट रहेको विद्युत्को जडित क्षमता आगामी आवमा ३६ सय पुऱ्याउने सरकारको लक्ष्य छ। बायोग्यास, बायो डिजेल, इथानोल, सौर्य ऊर्जा, विद्युतीय चुलो, सुधारिएको चुलोलगायतका स्वच्छ प्रविधिको ऊर्जा प्रयोगलाई प्राथमिकता दिइएको छ।

१२ सय मेगावाटको बुढीगण्डकी र ६ सय ३५ मेगावाटको दूधकोसी जलाशययुक्त जलविद्युत् आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण अघि बढाउने सरकारको घोषणा छ। संघ, प्रदेश र स्थानीय तहको सहलगानीमा १,०६१ मेगावाटको माथिल्लो अरुण, दुई सय १० मेगावाटको चैनपुर सेती, एक सय ६ मेगावाटको जगदुल्ला, ९९.९ मेगावाटको तामाकोसी पाँचौं, ७०.३ मेगावाटको सिम्बुआ खोला तथा ७७.५ मेगावाटको घुन्सा खोला जलविद्युत् आयोजना निर्माण सुरु गरिने बजेटमा उल्लेख छ।

यस्तै, चार सय केभी क्षमताको न्यु बुटवल-गोरखपुर, इनरुवा-पुर्णिया र दोधारा-वरेली अन्तरदेशीय प्रसारण लाइनको निर्माण कार्य प्रारम्भ गरिने बताइएको छ। चार सय केभीकै कर्णाली करिडोर प्रसारण लाइनको निर्माण कार्यलाई तीव्रता दिइने बताइएको छ। भेरी करिडोर, पश्चिम सेती करिडोर र अरुण करिडोर प्रसारण लाइनको वित्तीय स्रोत व्यवस्थापन गरी निर्माण कार्य प्रारम्भ गरिने बजेटमा उल्लेख छ।

प्राधिकरणको पुनर्संरचना गरिने

सरकारले नेपाल विद्युत् प्राधिकरणको पुनर्संरचना कार्य अगाडि बढाउने घोषणा गरेको छ। विद्युत् विकास र प्रसारणका लागि प्राधिकरणले व्यावसायिक संस्थासरह ऋण परिचालन गर्न सक्ने गरी कानुनी व्यवस्था गरिने बताइएको छ। आगामी आवमा सिँचाइ, जलस्रोत तथा ऊर्जा मन्त्रालयलाई ८७ अर्ब ४५ करोड रुपैयाँ विनियोजन गरिएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष कृष्णप्रसाद आचार्यले ऊर्जासम्बन्धी बजेट स्वागतयोग्य भएको बताए।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय चिप्लेढुङ्गा पोखराको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय चिप्लेढुङ्गा पोखराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तीहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीहरुको विवरण:

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कास्की, पोखरामा प्रा.फ.नं.घ.उ.वि.: १११८८/०७२/०७३ मिति २०७२/६/१२ र आन्तरिक राजस्व कार्यालय पोखराबाट जारी गरीएको पान नं. ६०३६१४५४७ भएको **अनाया मोबाईल सोलुसन**का प्रोप्राईटर अग्नि कुमार श्रेष्ठको नातीनी, दिलिप कुमार श्रेष्ठ/निरा श्रेष्ठको छोरी, बोधमान जोशी/शान्ता जोशीको बुहारी, रभि जोशीको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **अनामिका श्रेष्ठ जोशी** (ना.प्र.नं.१७०६०५, जारी मिति २०६३/०४/१९, जिल्ला प्रशासन कार्यालय, कास्की)।

२. गवेलाल ताम्राकारको नातीनी, पदम लाल ताम्राकार/बेल माया ताम्राकारको छोरी, चक्मान जोशी/चनमती जोशीको बुहारी, बोधमान जोशीको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **शान्ता जोशी** (ना.प्र.नं.४६-०१-७०-०९९५०, जारी मिति २०७०/११/३०, जिल्ला प्रशासन कार्यालय, कास्की)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. चक्मान जोशी/चनमती जोशीको नाति, बोधमान जोशी/शान्ता जोशीको छोरा, अनामिका श्रेष्ठ जोशीको पती, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **रभि जोशी** (ना.प्र.नं.१३६३६५, जारी मिति २०६०/२/२१, जिल्ला प्रशासन कार्यालय, कास्की)।

२. निर कुमार जोशीको नाती, चक्मान जोशी/चनमती जोशीको छोरा, शान्ता जोशीको पति कास्की जिल्ला, पोखरा उ.म.न.पा.वडा नं. ८ बस्ने **बोधमान जोशी** (ना.प्र.नं.४६-०१-७०-० ९९४९, जारी मिति २०७०/११/३०, जिल्ला प्रशासन कार्यालय, कास्की)।

३. गवेलाल ताम्राकारको नातीनी, पदम लाल ताम्राकार/बेल माया ताम्राकारको छोरी, चक्मान जोशी/चनमती जोशीको बुहारी, बोधमान जोशीको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **शान्ता जोशी** (ना.प्र.नं.४६-०१-७०-०९९५०, जारी मिति २०७०/११/३०, जिल्ला प्रशासन कार्यालय, कास्की)।

४. अग्नि कुमार श्रेष्ठकी नातीनी, दिलिप कुमार श्रेष्ठ/निरा श्रेष्ठकी छोरी, बोधमान जोशी/शान्ता जोशीकी बुहारी, रभि जोशीकी पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **अनामिका श्रेष्ठ जोशी** (ना.प्र.नं.१७०६०५, जारी मिति २०६३/०४/१९, जिल्ला प्रशासन कार्यालय, कास्की)।

धितो सुरक्षणको विवरण:

१. **शान्ता जोशी**को नाममा मालपोत कार्यालय, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा वडा नं.८ स्थित कित्ता नं. ४८ को क्षेत्रफल १९७.८० (व.मि) को जग्गा तथा सोको सम्पूर्ण लिगलिगापातहरु समेत।

२. ऋणी **अनाया मोबाईल सोलुसन**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसँग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय चिप्लेढुङ्गा पोखरा फोन नं. ०६१-५४३२६६/५४३२६७

बजेटले घोषणा गरेन नयाँ आयोजना, पुरानै कार्यान्वयनमा जोड

मिलन विश्वकर्मा/नयाँ पत्रिका


अर्थमन्त्री डा. प्रकाशशरण महतले नयाँ परियोजना घोषणा नगरी आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट सार्वजनिक गरेको छ। आगामी आवको बजेटमा सडक, सिँचाइ, ऊर्जालगायतका क्षेत्रमा नयाँ पूर्वाधार आयोजनाको घोषणा गरिएको छैन।

पछिल्लो समय देखिएको आर्थिक संकटका कारण अहिले सरकारको आम्दानीभन्दा खर्च बढी भइरहेको छ। स्रोत व्यवस्थापनमा देखिएको चुनौती आगामी आवमा पनि कायम हुने सम्भावना छ। सोही अवस्थालाई दृष्टिगत गर्दै सरकारले नयाँ आयोजना नल्याएर पुरानैलाई निरन्तरता दिएको देखिन्छ। यद्यपि, पुराना तथा अगाडि बढाइएका आयोजनाको सफल कार्यान्वयनमा जोड दिने गरी बजेट आएको छ, जुन सकारात्मक रहेको पूर्वसचिव सुमन शर्मा बताउँछन्।

सरकारले विस्तृत सम्भाव्यता अध्ययन, जग्गा प्राप्तिलगायत पूर्वतयारी पूरा भई कार्यान्वयनमा जान सक्ने आयोजनालाई मात्रै आगामी आवको बजेटमा समावेश गर्ने नीति लिएको छ। साथै, जग्गा प्राप्तिलगायतका प्रक्रिया सम्पन्न भई साइट क्लियरेन्स सुनिश्चित भएका तथा खरिद योजना स्वीकृत भएका आयोजनाको मात्र ठेक्का सम्झौता गरिने बजेटमा उल्लेख छ।

■ नौ महिनामा अनिवार्य ठेक्का सम्झौता

राष्ट्रिय गौरवबाहेकका आयोजनामा दिइने स्रोत सहमतिको म्याद तीन वर्ष हुने व्यवस्था ल्याइने बताइएको छ। साथै, नौ महिनाभित्र ठेक्का सम्झौता नगरे सहमति स्वतः रद्द हुने व्यवस्था ल्याइने बजेटमा उल्लेख छ। यसैगरी, ठेक्का आह्वान नगरेका तथा आगामी आवको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाको स्रोत सहमति खारेज गरिने भएको छ। खरिद प्रक्रियामा देखिएका समस्या समाधान गर्न सम्बन्धित ऐन र नियमावली परिमार्जन गरिने बताइएको छ। बजेटमा समावेश भएका आयोजनाले आगामी कात्तिकभित्र नै ठेक्का व्यवस्थापन गर्नुपर्ने नीति पनि ल्याइएको छ। सो अवधिमा



ठेक्का व्यवस्थापन नभए विनियोजित रकम रोक्का गरिने पनि बजेटमा उल्लेख छ। आगामी आवको असोज मसान्तसम्म एवं असार महिनामा रकमान्तर नगरिने बताइएको छ।

■ आयोजना प्रमुखलाई जिम्मेवार बनाइने

सरकारले विकास आयोजनाको कामलाई तीव्रता दिन आयोजना प्रमुख जिम्मेवार बनाउने नीति ल्याएको छ। आयोजना प्रमुख छनोटको निश्चित मापदण्ड बनाइने पनि बजेटमा उल्लेख छ। निश्चित अवधि तोकी आयोजना प्रमुख खटाउने र कार्यसम्पादन प्रगतिका आधारमा मात्र आयोजना प्रमुख हेरफेर गर्ने प्रणाली विकास गरिने अर्थमन्त्री डा. महतले बताए।

■ पूर्वाधार फन्ड र भिजिएफको व्यवस्था

पूर्वाधार आयोजनामा निजी पुँजी परिचालन गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताको सहभागितामा पूर्वाधार फन्ड स्थापना गर्ने घोषणा पनि गरिएको छ। साथै, राष्ट्रिय महत्त्वका आयोजनामा भाएबिलिटी ग्याप फन्डिङ (भिजिएफ)को व्यवस्था गरी निजी क्षेत्रलाई आकर्षित गरिने पनि बजेटमा उल्लेख छ। यसका अलावा राष्ट्रिय महत्त्वका ठूला पूर्वाधार आयोजनामा सार्वजनिक-निजी साझेदारीअन्तर्गत हाइब्रिड एन्युटी मोडलबाट निर्माण गर्न कानुनी व्यवस्था गरिने बजेटमा उल्लेख छ।

■ इआइएमा सहजीकरण

आयोजना कार्यान्वयनमा निकै झन्झटिलो मानिने वातावरणीय प्रभाव मूल्यांकन (इआइए) र त्यसको स्वीकृतिमा सहजीकरण गर्ने नीति पनि ल्याइएको छ। इआइए गर्न वन क्षेत्रमा प्रवेश गर्दा नै कटान हुने रूखको संख्या र क्षेत्रफल यकिन गर्नेलगायतका कार्य एकैपटक सम्पन्न गर्ने गरी कानुनी व्यवस्था गरिने बजेटमा उल्लेख छ। इआइए प्रतिवेदन स्वीकृतिका लागि रितिपूर्वक आवेदन दिएको ३० दिनभित्र वन तथा वातावरण मन्त्रालयले स्विकृत गर्नुपर्ने अर्थमन्त्री महतको भनाइ छ।

साथै, त्यस्तो प्रतिवेदन स्वीकृत भएपछि सरकारबाट वन क्षेत्रको प्रयोग र रूख कटानीको स्वीकृति एकैपटक हुने व्यवस्था मिलाइने भएको छ। यसरी स्वीकृति प्राप्त भएपछि १५ दिनभित्र रूख कटानीको आदेश दिनुपर्ने व्यवस्था ल्याइएको छ। यसले गर्दा वन क्षेत्रको भोगाधिकार र रूख कटानको स्वीकृतिको प्रक्रिया सरलीकृत भई आयोजना कार्यान्वयनले गति लिने अर्थमन्त्री डा. महतले बताए। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष कृष्णप्रसाद आचार्यले यो स्वागतयोग्य भएको बताए।

■ जग्गा प्राप्तिलाई सहज बनाइने

सरकारले आयोजनाका लागि चाहिने जग्गा प्राप्तिको प्रक्रियालाई सहज बनाउने घोषणा पनि गरेको छ। उक्त प्रक्रियालाई सरल र छरितो बनाउन जग्गा प्राप्ति ऐनमा संशोधन गरिने बजेटमा उल्लेख छ। जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालय, स्थानीय तह र बैंकले गरेको मूल्यांकनलाई समेतलाई आधार मानिने बजेटमा उल्लेख छ।

पूर्वसचिव सुमन शर्माले यस्ता नीतिले आयोजनाको कार्यान्वयनमा सहयोग पुग्ने बताए। 'यद्यपि, यो सैद्धान्तिक नीति हो। यससम्बन्धी कार्यविधिलगायतका नीति बनाउन चुनौती छ,' उनले भने, 'कात्तिकभित्रै ठेक्का व्यवस्थापन गर्नुपर्ने नीति व्यावहारिक रूपमा लागू हुन पनि चुनौती छ। यीलगायतका पक्षले गर्दा कार्यान्वयन गर्न चुनौती छ।'

एनआरएनलाई पुँजी बजारसहितका क्षेत्रमा लगानीको बाटो खुला

भोजराज भण्डारी/नयाँ पत्रिका

सेयर लगानीकर्ताले लामो समयदेखि उठाउँदै आएको गैरआवासीय नेपालीलाई पुँजी बजारमा भित्र्याउन जोड दिनुपर्ने मागलाई अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेटमार्फत सम्बोधन गरेका छन् ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमा गैरआवासीय नेपालीलाई धितोपत्र बजारमा सूचीकृत भएका जलविद्युत् र अन्य वास्तविक क्षेत्रका कम्पनीमा लगानी गर्न खुला गर्ने भएको हो । साथै, अर्थमन्त्री डा. प्रकाशशरण महतले धितोपत्र औजारहरूको विस्तार र विविधीकरण गरिने बजेटमार्फत जोड दिएका छन् ।

पुँजी बजारलाई सुदृढ र गतिशील बनाउन धितोपत्रसम्बन्धी विद्यमान कानुनी व्यवस्थामा समयानुकूल संशोधन गरिने भएको छ । साथै, आवश्यक पूर्वाधार तयार गरी कमोडिटिज एक्सचेन्ज मार्केट तथा एसएमइज प्लेटफर्म सञ्चालनमा ल्याइने बजेटमा उल्लेख छ । पुँजी बजारलाई पारदर्शी र प्रतिस्पर्धी बनाई लगानीकर्ताको हित सुनिश्चित गरी पुँजी बजारमा संस्थागत लगानीकर्तालाई प्रोत्साहित गरिने विषय बजेटमा जोड दिएको छ ।

■ श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने

वैदेशिक रोजगारीमा रहेका नेपालीले वा विदेशमा स्वरोजगार रहेकाले नेपालमा बैंक खाता खोली विप्रेषण पठाएमा कम्तीमा १ प्रतिशत थप ब्याज दिने सुविधालाई निरन्तरता दिइने भएको छ । त्यस्तै, औपचारिक माध्यमबाट विप्रेषण पठाउने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने बजेटमार्फत उल्लेख गरिएको छ । अनलाइन बैंकिङ, मोबाइल बैंकिङ, विद्युतीय भुक्तानी प्रणालीलगायत नयाँ प्रविधिमार्फत वित्तीय कारोबारलाई प्रवर्द्धन गरिने बजेटमा उल्लेख छ । साथै, साना किसान, घरेलु तथा साना उद्यमी र स्टार्टअप व्यवसायीलाई सहज वित्तीय पहुँच पुऱ्याइने र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने भएको छ । उत्पादन अभिवृद्धि, आन्तरिक रोजगारी प्रवर्द्धन, उद्यमशीलता विकासलगायतका कार्यक्रमअन्तर्गत ब्याज अनुदानका लागि सरकारले ११ अर्ब ५९ करोड रुपैयाँ छुट्याएको छ ।



■ वित्तीय क्षेत्रमा थप सुदृढीकरणको योजना

वित्तीय क्षेत्रको स्रोत-साधन सीमित व्यक्ति, समूह वा भौगोलिक स्थानमा केन्द्रित हुन नदिन समावेशी वित्तको अवधारणाअनुसार बैंक, वित्तीय संस्था, बिमा र पुँजी बजारको सेवा बहुसंख्यक जनतासम्म पुऱ्याउने गरी आवश्यक नीतिगत सुधार गरिने विषयलाई बजेटले जोड दिएको छ ।

सहरोन्मुख बस्ती, साना बजार केन्द्रलगायत वित्तीय सेवाको पहुँच नपुगेका स्थानमा पहुँच विस्तार गरिनुका साथै वित्तीय क्षेत्रलाई आधुनिक एवं गतिशील बनाउन र नियमन प्रणालीलाई सुदृढ बनाउन नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनलगायत वित्तीय क्षेत्रसँग सम्बन्धित कानुनमा समसामयिक सुधार एवं परिमार्जन गरिने भएको छ । दोस्रो वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनमा ल्याइने भएको छ ।

सामाजिक बैंकिङको अवधारणाअनुरूप काम गर्ने गरी लघुवित्त वित्तीय संस्थाहरूलाई बैंकिङ पहुँच नभएका दुर्गम तथा ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुऱ्याउन परिचालन गरिने भएको छ । लघुवित्त वित्तीय संस्थालाई विशिष्टीकृत प्रादेशिक वित्तीय संस्थाका रूपमा अगाडि बढाइने भएको छ । बिमा क्षेत्रको नियमन तथा सुपरिवेक्षणलाई सुदृढ र प्रभावकारी बनाइनुका साथै देशभर बिमा सम्बन्धी साक्षरता अभिवृद्धि गर्दै गुणस्तरीय बिमा सेवा विस्तार गरी बिमा दाबी प्रक्रियालाई सरलीकरण गरी भुक्तानी प्रणालीमा शीघ्रता ल्याइने भएको छ ।

नागरिक लगानी कोषमार्फत स्वरोजगारमा रहेका सबै नेपाली सहभागी हुने गरी नागरिक पेन्सन योजना सञ्चालन गरिने भएको छ । साथै, डा. महतले बजेटमा मिटरब्याज पीडितका गुनासो सम्बोधन गर्ने उल्लेख गरेका छन् । वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुऱ्याउने गैरव्यावसायिक तथा उच्छृंखल गतिविधि नियन्त्रण गरिने बजेटमा उल्लेख छ ।

स्थानीय तहबाटै श्रम स्वीकृति

वैदेशिक रोजगारका मुख्य बुँदा

- वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आठ अर्ब आठ करोड बजेट
- प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पाँच अर्ब ९४ करोड
- विभिन्न देशहरूसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गर्ने
- 'श्रमको सम्मान राष्ट्रको अभियान' भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइने
- वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बिमा र तत्कालका थप व्यवस्थित गरिने
- 'अबको जीवन स्वदेशमा' नै भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आबद्ध गर्ने गरी कार्यक्रम सञ्चालन गरिने
- वैदेशिक रोजगारीका क्रममा घाइते वा मृत्यु भएका श्रमिकको परिवारलाई प्रदान गरिने राहत, क्षतिपूर्ति, छात्रवृत्ति स्थानीय तहबाटै प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेट कटौटी गरेका छन् । चालू आवभन्दा आगामी आवको बजेटमा ७९ करोड बजेट कम छुट्याएर आठ अर्ब आठ करोड विनियोजन गरिएको हो । चालू आर्थिक वर्षमा नौ अर्ब १३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो । बजेटमार्फत 'श्रमको सम्मान राष्ट्रको अभियान' भन्ने नाराका साथ मर्यादित रोजगारीको नयाँ बाटो खोलिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरिने भएको छ । कार्यक्रममार्फत स्थानीय तहबाटै कार्यान्वयन हुने श्रममूलक काममा सूचीकृत बेरोजगारलाई कार्यस्थलमा तालिमसहितको न्यूनतम रोजगारी दिने भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पाँच अर्ब ९४ करोड विनियोजन गरेको छ । त्यस्तै, श्रम स्वीकृति र नवीकरण गर्न काठमाडौं धाउनुपर्ने बाध्यताको अन्त्य हुने भएको छ । अब स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत नै श्रम स्वीकृति र नवीकरण सेवा पाइने भएको छ । सरकारी र निजी प्रतिष्ठानहरूमा श्रम अडिट गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी बनाइने बजेटमा उल्लेख छ ।

'अबको जीवन स्वदेशमा' नै भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आबद्ध गर्ने भएको छ । वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लघु उद्यमीका रूपमा विकास गर्न स्थानीय तहमार्फत सीप विकास तालिम र व्यावसायिक परामर्श सेवा सञ्चालन गरिने बजेटमा उल्लेख छ । साथै, सामाजिक सुरक्षा कोषलाई दिगो र प्रतिफलमुखी बनाउन कोषको रकम उत्पादनमूलक तथा पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्ने व्यवस्था गर्ने डा. महतले बताए ।

टिभिएसको 'च्याम्पियन अफ टेक्नोलोजी' अफर बुधबार सकिने

काठमाडौं/ नेपालका लागि टिभिएसका दुईपाङ्ग्रे सवारीसाधनको आधिकारिक वितरक जगदम्बा मोटर्स प्रालिले ल्याएको 'च्याम्पियन अफ टेक्नोलोजी अफर बुधबार सकिने भएको छ । कम्पनीले नयाँ वर्षको अवसर पारेर विभिन्न छुट तथा अफरसहित योजना सुरु गरेको थियो ।

नयाँ वर्ष ०८० को अवसर पारेर टिभिएसले आफ्ना हरेक बाइकको खरिदमा आठ हजार रुपैयाँको स्योर सट क्यास डिस्काउन्ट, स्कुटरको खरिदमा सात हजार रुपैयाँको स्योर सट क्यास डिस्काउन्ट र अपाचे बाइकको खरिदमा पाँच हजार रुपैयाँ मूल्यबराबरको हेलमेट सित्तैमा दिइरहेको जनाएको छ । त्यसका साथै शून्य प्रतिशत ब्याजदरको फाइनान्स सुविधा र बाइक एक्सचेन्जमा बजार मूल्यभन्दा १० हजार रुपैयाँभन्दा बढी भ्यालुएसन पनि पाउने जनाइएको छ ।

कम्पनीले देशभर एक सय ४० भन्दा बढी डिलरहरूमार्फत उपभोक्तालाई सेवा दिइरहेको जनाएको छ । गुणस्तरीय उत्पादन, नवीन प्रविधिको प्रयोग, बिक्रीपश्चात्को उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरूको उपलब्धताका कारण यो सर्वाधिक रुचाइएको ब्रान्ड भएको कम्पनीको दाबी छ ।

मन्जुश्री फाइनान्सको रक्तदान

काठमाडौं/ मन्जुश्री फाइनान्स लिमिटेडले गणतन्त्र दिवसको अवसर पारेर रक्तदान कार्यक्रम गरेको छ । कम्पनीले सिद्धार्थनगर सिटी अस्पताल प्रालिसँगको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो ।

रक्तदानमा फाइनान्सका कर्मचारी तथा ग्राहकलगायत सर्वसाधारणको पनि सहभागिता रहेको जनाइएको छ । कम्पनीको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा रक्तदान कार्यक्रम आयोजना गरिएको उललेख छ । कम्पनीले हाल देशभरमा २६ शाखामार्फत सेवा दिइरहेको जनाएको छ ।

हकदावीको सूचना

ओखलढुंगा जिल्ला खिजीफलाटे गा.वि.स.वडा नं. १ (हाल ओखलढुंगा जिल्ला खिजीदेम्बा गाउँपालिका वडा नं ५, कोशी प्रदेश) बस्ने शान्त बहादुर सुनुवारको बुहारी, प्रदिप कुमार सुनुवारको श्रीमती, प्रमिला देवी सुनुवारको मिति २०७९/०३/१२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १७८०५३३०००००९३ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमान प्रदिप कुमार सुनुवारले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, खिजीदेम्बा, ओखलढुंगा
फोन नं.:- ९७४५४६१६२३

उत्तरार्द्धजीवन बचत तथा ऋण सहकारी संस्था लि.
तेस्वाचो-३, भक्तपुर

तपसिलमा उल्लेखित सदस्य ऋणीलाई कर्जा चुक्ता गर्न आउने अन्तिम ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/९/२० गते मंगलबार, दोस्रो पटक प्रकाशित मिति २०७९/४/४ बुधबार, तेस्रो पटक प्रकाशित मिति २०८०/०२/१६ मंगलबार

यस संस्थाबाट तपाई शेयर सदस्य श्री रामेश्वर भुजूले तपसिलमा उल्लेखित धितो रास्ती लिनु भएको कर्जा रु. २९,७०,०००।- (अक्षरेपीः रु. उनान्तिस लाख सत्तरी हजार मात्र) को यस संस्थासँग गर्नुभएको सम्झौता बमोजिम समय समयमा तिर्नुपर्ने सावा ब्याज समेत रकम नतिरी संस्थासँग गर्नु भएको शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपाईलाई संस्थाको नियमानुसार पटक पटक मौस्विक तथा लिस्वित पत्रहरुबाट अनुरोध गर्दा समेत उक्त सावा ब्याज हर्जाना रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले बाध्य भै मिति २०७८/९/२० गते ३५ दिने र २०७९/०४/०४ गते १५ दिने सूचना नयाँ पत्रिकामा प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्नेतर्फ कुनै ध्यान नदिएकोले पुनः यो अन्तिम ३५ दिने सूचना प्रकाशित गरिएको छ । सो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी सँस्थालाई बुझाउनु पर्ने सावा ब्याज हर्जाना समेत बुझाउनु हुन सुचित गरिएको छ । अन्यथा सहकारी ऐन २०७४ र नियमावली २०७५ बमोजिम संस्थाको नितिं नियम तथा नेपाल सरकारको प्रचलित कानुन बमोजिम ३६ औं दिन (सो दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट) संस्थाको कार्यालयमा दिनको १:०० बजेदेखि ३:०० बजेसम्म डोर बढाबढको प्रक्रियाबाट धितो लिलाम बिक्रि गरी असुल उपर गरिनेछ । सो धितोबाट असुल उपर नभएमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य जायजेथाबाट समेत असुल उपर गरिने तथा ऋणीलाई आवश्यक कानूनी कार्यबाही हुन जाने समेत सूचित गरिन्छ । साथै लिलामको दिन विहान ११:०० बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफुले सकार गर्न चाहेको मुल्यमा बोलकबोल गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिले कबोल गरेको रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरुप तत्कालै सोही दिन संस्थामा जम्मा गर्नुपर्नेछ । बोलकबोल स्वीकृत रकममै संस्थाले धितो सुरक्षण दिने निर्णय गरेमा त्यसको सूचना दिएको ३५ दिन भित्र कबोल गरेको रकमको बाँकी सम्पूर्ण रकम संस्थामा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी रकम बापतको रकम जफत हुनेछ । कबोल मूल्यमा लिलाम बिक्रि गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ । उल्लेखित सुरक्षण घरजग्गाको बारेमा थप जानकारी चाहिएमा कार्यालय समयभित्र संस्थामा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिन्छ ।

तपसिल

ऋणीको नामथर, वतन	धितोको विवरण				
	जिल्ला	क्षेत्र	वडा नं.	किता नं.	क्षेत्रफल
ऋणीः रामेश्वर भुजू	भक्तपुर	भ.न.पा.	१६(१४)	५३२ सगोल घर	०-१-१-०
बुबाः बुद्धिलाल भुजू		भक्तपुर	हाल ४	५३० सगोल घर	०-०-१-२
बाजेः लक्ष्मी दास भुजू	जिल्ला	क्षेत्र	वडा नं.	किता नं.	क्षेत्रफल
ठेगानाः साबिक भक्तपुर न.पा. वडा नं. १४, देगमत्ता टोल, भक्तपुर, हाल वा.नं. ४ ना.प्र.नं. १३३/०२६/२७	भक्तपुर	भ.न.पा.	१६(१४)	२५९ सगोल जग्गा	०-१-१-०
		भक्तपुर	हाल ४		

जमानी कर्ताको नाम, थर र ठेगाना

नामः स्व. पुशोतम भुजू
बुबाः बुद्धिलाल भुजू
बाजेः लक्ष्मी दास भुजू
ठेगानाः साबिक भ.न.पा. वडा नं. १४, देगमत्ता टोल, हाल वा.नं. ४

नामः लक्ष्मी प्रसाद भुजू
बुबाः बुद्धिलाल भुजू
बाजेः लक्ष्मी दास भुजू
ठेगानाः साबिक भ.न.पा. वडा नं. १४, देगमत्ता टोल, हाल वा.नं. ४

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०२/१६

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कुलेश्वर, काठमाण्डौबाट विभिन्न शिर्षक अन्तर्गत कर्जाहरु लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा, वर्किङ्ग क्यापिटल आवधिक कर्जा माग कर्जा , सवारी कर्जा र बैंक जमानत (परफमेन्स वण्ड)
ऋणीको नाम : क्रियटिभ एडुटेन्मेन्ट वर्ल्ड प्रा. लि.
रजिष्टर्ड ठेगाना : का.म.न.पा., वडा नं.-४, काठमाडौं
रजिष्ट्रेसन नं. : १६७३१५/७३/०७४ (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर)
पान नं. : ६०५९६२४३५

संचालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना

१. ऋणीको नाम : सर्व कल्याण कडेल	**२. ऋणीको नाम : फणीन्द्र पाण्डे**
बाबु : कृष्ण प्रसाद कडेल	बाबु : धर्म चन्द्र प्रसाद पाण्डे
बाजे : लक्ष्मीकान्त कडेल	बाजे : कृष्ण चन्द्र पाण्डे
स्थायी ठेगाना : छत्रेदेउराली गा.वि.स.-८, धादिङ	स्थायी ठेगाना : का.म.न.पा.-७, काठमाडौं
हालको ठेगाना : का.म.न.पा.-१३, काठमाडौं	हालको ठेगाना : का.म.न.पा.-४, काठमाडौं
ना.प्र.नं. : २८०/२१/२८३१/११८३/०४१/४२	ना.प्र.नं. : ४८७३/११५८५
जारी मिति : वि.सं. २०४१/१०/०८	जारी मिति : वि.सं. २०४९/१०/१२
जि.प्र.का : धादिङ	जि.प्र.का : काठमाडौं
३. ऋणीको नाम : लक्ष्मी प्रसाद भेटवाल	**जमानीकर्ताहरुको नाम र ठेगाना**
बाबु : निल प्रसाद भेटवाल	**१. नाम : कमला पाण्डे**
बाजे : धनन्जय भेटवाल	बाबु : रुद्रनिधि पाण्डे
स्थायी ठेगाना : थेचम्बु गा.वि.स.-५, ताप्लेजुङ	पति : सर्व कल्याण कडेल
हालको ठेगाना : का.म.न.पा.-५, काठमाडौं	ससुरा : कृष्ण प्रसाद कडेल
ना.प्र.नं. : ७९६२	स्थायी ठेगाना : गाईखुर गा.वि.स. -२, गोरखा
जारी मिति : वि.सं. २०४४/०४/२०	हालको ठेगाना : का.म.न.पा.-१३, काठमाडौं
जि.प्र.का : ताप्लेजुङ	ना.प्र.नं. : १६१८८
	जारी मिति : वि.सं. २०४४/०४/१४
	जि.प्र.का : गोरखा
२. नाम : सिता देवि कडेल	**३. नाम : अभय राज कडेल**
बाबु : धर्म प्रसाद पाण्डे	बाबु : सर्व कल्याण कडेल
पति : कृष्ण प्रसाद कडेल	बाजे : कृष्ण प्रसाद कडेल
ससुरा : लक्ष्मीकान्त कडेल	स्थायी ठेगाना : का.म.न.पा.-१३, काठमाडौं
स्थायी ठेगाना : छत्रेदेउराली गा.वि.स.-८, धादिङ	हालको ठेगाना : का.म.न.पा.-१३, काठमाडौं
हालको ठेगाना : का.म.न.पा.-१३, काठमाडौं	ना.प्र.नं. : २७-०१-७४-१६२५९
ना.प्र.नं. : ४/५५८२ -०४४/४५	जारी मिति : वि.सं.२०७४/१२/२५
जारी मिति : वि.सं. २०४४/१२/३०	जि.प्र.का : काठमाडौं
जि.प्र.का : धादिङ	

धितो सुरक्षण धनीको नाम :
१. सिटिजन्स बैंक इन्टरनेश्नल लिमिटेड धनी कायम भई ऋणी श्री क्रियटिभ एडुटेन्मेन्ट वर्ल्ड प्रा. लि.

क्र.स	सवारीको किसिम	सिरियल नं.	ईन्जिन नं.	दर्ता नं.	बनेको साल
१.	Isuzu V Cross	M3GTGS864KB200032	A1U500	P3-01 023 CHA 0499	
२.	Nissan Micra Active XVS	MDHFBUK13J4403574	798993D	BA 19 CHA 8228	

२. धितो राखिएको सम्पत्ति विवरणः

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट	कि.नं.	क्षेत्रफल रोपनी/ब.मि.	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	काठमाण्डौ	का.म.न.पा.	१६	३२५	०-५-०-१	कमला पाण्डे	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
			१०२०९८४२९		१६०.९७		
२.	काठमाण्डौ	का.म.न.पा.	१६	३९६	०-०-०-०	कमला पाण्डे	
			१०२०९८४२१		१७२.९५		
३.	काठमाण्डौ	का.म.न.पा.	१३	१२७	२५०	सिता देवी कडेल र सर्व कल्याण कडेल	
			११०२.१९				

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

२. कर्जा शिर्षक : सिटिज्न्स आवास कर्जा

ऋणीहरुको नाम र ठेगाना

१. नाम : सर्व कल्याण कडेल	**२. नाम : कमला पाण्डे**
बाबु : कृष्ण प्रसाद कडेल	बाबु : रुद्रनिधि पाण्डे
बाजे : लक्ष्मीकान्त कडेल	पति : सर्व कल्याण कडेल
स्थायी ठेगाना : छत्रेदेउराली गा.वि.स.-८, धादिङ	ससुरा : कृष्ण प्रसाद कडेल
हालको ठेगाना : का.म.न.पा.-१३, काठमाडौं	स्थायी ठेगाना : गाईखुर गा.वि.स. -२, गोरखा
ना.प्र.नं. : २८०/२१/२८३१/११८३/०४१/४२	हालको ठेगाना : का.म.न.पा.-१३, काठमाडौं
जारी मिति : वि.सं. २०४१/१०/०८	ना.प्र.नं. : १६१८८
जि.प्र.का : धादिङ	जारी मिति : वि.सं. २०४४/०४/१४
	जि.प्र.का : गोरखा

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : सिता देवि कडेल	**२. नाम : अभय राज कडेल**
बाबु : धर्म प्रसाद पाण्डे	बाबु : सर्व कल्याण कडेल
पति : कृष्ण प्रसाद कडेल	बाजे : कृष्ण प्रसाद कडेल
ससुरा : लक्ष्मीकान्त कडेल	स्थायी ठेगाना : का.म.न.पा.-१३, काठमाडौं
स्थायी ठेगाना : छत्रेदेउराली गा.वि.स.-८, धादिङ	हालको ठेगाना : का.म.न.पा.-१३, काठमाडौं
हालको ठेगाना : का.म.न.पा.-१३, काठमाडौं	ना.प्र.नं. : २७-०१-७४-१६२५९
ना.प्र.नं. : ४/५५८२ -०४४/४५	जारी मिति : वि.सं.२०७४/१२/२५
जारी मिति : वि.सं. २०४४/१२/३०	जि.प्र.का : काठमाडौं
जि.प्र.का : धादिङ	

धितो राखिएको सम्पत्ति विवरणः

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट	कि.नं.	क्षेत्रफल रोपनी/ब.मि.	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	काठमाण्डौ	का.म.न.पा.	१६	३२५	०-५-०-१	कमला पाण्डे	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
			१०२०९८४२९		१६०.९७		
२.	काठमाण्डौ	का.म.न.पा.	१६	३९६	०-०-०-०	कमला पाण्डे	
			१०२०९८४२१		१७२.९५		

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

कुमारी बैंक लिमिटेड शाखा कार्यालय तुल्सीपुर, दाङको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय तुल्सीपुर, दाङबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ ३१ गते बुधबार**का दिन शाखा कार्यालय तुल्सीपुर दाङमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

बल बहादुर आलेको नातिनी, देब बहादुर आले मगर/मन कुमारी देबि आले मगरको छोरी, टोप बहादुर राना/हरिकला रानाको बुहारी, लिलामणि रानाको पत्नी सल्यान जिल्ला, धनवाङ्ग गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ४ बस्ने **दुर्गा राना** (ना.प्र.न ५५०१२६/९७८० जारी मिति २०६६/०९/२० जिल्ला प्रशासन कार्यालय सल्यान) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. खड्क बहादुर रानाको नाति, टोप बहादुर राना/हरिकला रानाको छोरो, दुर्गा रानाको पति, सल्यान जिल्ला, कपुरकोट गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ४ बस्ने **लिलामणि राना** (ना.प्र.न. १३४१/१४९०, जारी मिति २०५२/११/२० जिल्ला प्रशासन कार्यालय सल्यान) ।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **दुर्गा राना**को नाममा मालपोत कार्यालय सल्यानमा दर्ता कायम रहेको दाङ जिल्ला, धनवाङ्ग गा.वि.स. वडा नं. ०१ स्थित कित्ता नं ६८३ र ६८१ को क्षेत्रफल क्रमशः १-१४-१-१ र १-६-०-३ (रोपनी) जग्गा तथा सोको सम

अर्थतन्त्र...

पृष्ठ १ बाट क्रमशः

खर्च तथा स्रोतको अनुमान तुलनात्मक रूपमा कम विश्वसनीय देखिएकाले यसको कार्यान्वयन भने चुनौतीपूर्ण देखिएको अर्थविद्हरू बताउँछन् ।

अर्थमन्त्री महतले चालूतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड रुपैयाँ बजेट विनियोजन गरेका छन् । जुन कुल बजेटको ६५.२० प्रतिशत हुन आउँछ । पुँजीगततर्फ तीन खर्ब दुई अर्ब सात करोड विनियोजन गरेका छन् । जुन कुल बजेटको १७.२५ प्रतिशत हो । त्यस्तै, वित्तीय व्यवस्थातर्फ कुल बजेटको १७.५५ प्रतिशतबराबर अर्थात् तीन खर्ब सात अर्ब ४५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

अर्थमन्त्रीले आगामी आवको बजेटका स्रोतअन्तर्गत १२ खर्ब ४८ अर्ब ६२ करोड रुपैयाँ राजस्व संकलन गर्ने तथा ४९ अर्ब ९४ करोड रुपैयाँ वैदेशिक अनुदान प्राप्त गर्ने अनुमान गरेका छन् । त्यस्तै, दुई खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ वैदेशिक ऋण र दुई खर्ब ४० अर्ब आन्तरिक ऋण परिचालन गर्ने अनुमान गरेका छन् ।

अर्थशास्त्री डा. विश्वास गौचनले आगामी बजेट केही यथार्थपरक र सुधारमा केन्द्रित देखिएको बताए । तर, कतिपय अनुमान तथा लक्ष्यहरू चुनौतीपूर्ण देखिएको उनले औंल्याए । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आर्थिक वर्ष ०८०/८१ को बजेटमा विद्यमान आर्थिक अवस्थालाई सुधार गर्ने प्रतिबद्धता आएको बताए । नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले बजेट सुधारको बाटोमा देखिएको बताए । तर, कार्यान्वयन चुनौतीपूर्ण रहेको उनको भनाइ छ ।

सांसद एवं अर्थशास्त्री डा. स्वर्णिम वाग्लेले बजेटले प्रस्तुत गरेको आय अविश्वसनीय रहेको बताए । 'अहिले १७५१ अर्बको बजेट ल्याइएको छ । जब कि चालू आवको १७९४ अर्बको बजेटलाई अर्थ मन्त्रालयले नै हावादारी भयो भनेर १५५० मा झारेको थियो,' उनले भने, 'त्यसमा २०० अर्ब थपिएर आएको बजेटले सुरुमै अविश्वासको बिउ रोपेको छ । राजस्व र अनुदानदेखि आन्तरिक र बाह्य ऋणको अनुमान पनि अविश्वसनीय देखिन्छ ।'

अर्थमन्त्रीले आगामी बजेटमा कृषि, ऊर्जा र पर्यटनको विकास, लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन, सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा, मानव संसाधन र रोजगारी सिर्जनालाई मुख्य प्राथमिकतामा राखेका छन् । त्यस्तै, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, डिजिटल र हरित अर्थतन्त्रको प्रवर्द्धन, सार्वजनिक वित्त प्रणालीमा सुधार, वित्तीय क्षेत्रको सुधार र वित्तीय संघीयताको सुदृढीकरण पनि प्राथमिकतामा परेका छन् । बजेटको कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक विकास हासिल गर्ने, संघीयताको सबलीकरण गर्ने, बजेट प्रणालीमा सुधार गर्ने तथा समष्टिगत आर्थिक स्थायित्व कायम गर्नेलगायत उद्देश्य राखेका छन् । तर, विश्वव्यापी आर्थिक समस्या तथा आन्तरिक अर्थतन्त्रमा आएको शिथिलताका कारण बजेटले लिएका उद्देश्य हासिल हुन चुनौतीपूर्ण देखिने सरोकारवाला बताउँछन् ।

चालू आवको भन्दा सानो, सिलिङभन्दा ठूलो बजेट

अर्थमन्त्री डा. महतले चालू आर्थिक वर्षको भन्दा सानो, तर स्रोत समितिले दिएको सिलिङभन्दा ठूलो आकारको बजेट ल्याएका छन् । त्यस्तै, आगामी बजेट चालू आवको खर्चको संशोधित अनुमानभन्दा पनि ठूलो छ । अर्थमन्त्रीले ल्याएको आगामी आवको बजेट चालू आवको भन्दा २.३७ प्रतिशतले सानो हो । चालू आवमा सरकारले १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट ल्याएको थियो ।

अर्थमन्त्री महतले आगामी आवका लागि चालू आवको भन्दा ४२ अर्ब ५२ करोडले घटाएर बजेट ल्याएका हुन् । अर्थमन्त्री डा. महतले स्रोत समितिले दिएभन्दा ३.७५ प्रतिशतले ठूलो बजेट ल्याएका हुन् । स्रोत समितिले १६ खर्ब ८८ अर्बको बजेट सिलिङ दिएको थियो । उक्त सिलिङभन्दा ६३ अर्बले बढी हुने गरी बजेट ल्याएका हुन् । आगामी आवको बजेट चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा १४ प्रतिशत अर्थात् साढे दुई खर्ब रुपैयाँले ठूलो छ । चालू आवमा १५ खर्ब चार अर्ब ९९ करोड रुपैयाँ बजेट खर्च हुने सरकारको संशोधित अनुमान छ ।

६ प्रतिशतको आर्थिक वृद्धि, ६.५ प्रतिशत मूल्यवृद्धि

सरकारले आगामी आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने लक्ष्य राखेको छ । जुन चालू आर्थिक वर्षको सुरुको आर्थिक वृद्धिको लक्ष्यभन्दा दुई प्रतिशत विन्दुले न्यून हो । तर, चालू आवको आर्थिक वृद्धिको संशोधित लक्ष्यभन्दा ३.८४ प्रतिशतले बढी हो । चालू आर्थिक वर्षमा सरकारले आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिएको थियो । तर, आर्थिक गतिविधिमा आएको संकुचनका कारण यस वर्ष २.१६ प्रतिशत मात्रै आर्थिक वृद्धि हुने संशोधित अनुमान गरिएको छ । आगामी आवमा सरकारले मूल्यवृद्धिलाई ६.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएको छ । जुन चालू आवको मूल्यवृद्धिको लक्ष्यभन्दा एक विन्दु प्रतिशतले न्यून हो । चालू आवमा ७.५ प्रतिशतको मूल्यवृद्धि हुने सरकारी अनुमान छ । चैत मसान्तसम्म भने मूल्यवृद्धि ७.७६ प्रतिशत रहेको सरकारी अनुमान छ ।

साधारण खर्चलाई ५४ प्रतिशत, विकासलाई २६ प्रतिशत बजेट

अर्थमन्त्री डा. महतले ल्याएको आगामी आर्थिक वर्षको बजेटमध्ये साधारणतर्फ ५४.२० प्रतिशत विनियोजन गरिएको छ । अर्थात्, तलबभत्ता, सामाजिक सुरक्षा, सञ्चालन तथा कार्यक्रम, चालू प्रकृतिका अनुदानलगायत साधारण खर्चका लागि नौ खर्ब ४९ अर्ब ३३ करोड रुपैयाँ विनियोजन गरिएको छ । जुन चालू आर्थिक वर्षका लागि छुट्याइएको साधारण बजेटको तुलनामा ४.७५ प्रतिशतले न्यून हो ।

आगामी वर्ष कुल बजेटको २६.८९ प्रतिशत रकम विकास निर्माणमा खर्च हुनेछ । अर्थात्, पुँजीगत खर्च, पुँजीगत अनुदान, पुँजीगत वित्तीय लगानीलगायत विकासका कामका लागि चार खर्ब ७१ अर्ब ६ करोड रुपैयाँ खर्च विनियोजन गरिएको छ । जुन चालू आवमा लागि छुट्याइएको विकास बजेटको तुलनामा २२.७२ प्रतिशतले न्यून हो ।

साधारण र विकासतर्फको बजेट घटे पनि ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि छुट्याइएको बजेट भने बढेको छ । आगामी आवका लागि ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि तीन खर्ब ३० अर्ब ९१ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । जुन चालू आवमा सोही शीर्षकमा छुट्याइएको बजेटको तुलनामा ७६.३९ प्रतिशतले बढी हो ।

भाडाका सवारीधनीले दर्ता गर्दा तिर्नुपर्ने वार्षिक आयकर

सवारीको किसिम	आयकर ०७९	आयकर ०८०
१. कार, जिप, भ्यान		
क. १३०० सिसीसम्म	४०००	५५००
ख. १३०१ देखि २००० सिसीसम्म	४५००	६०००
ग. २००१ देखि २९०० सिसीसम्म	५०००	६५००
घ. २९०१ देखि ४००० सिसीसम्म	६०००	८०००
ग. ४००१ देखि माथि	७०००	९०००
२. मिनीट्रक, मिनीबस, पानी ट्यांकर	६०००	८०००
३. मिनी ट्रिपर	७०००	९०००
४. ट्रक, बस	८०००	१०५००
५. डोजर, एक्स्काभेटर, लोडर, रोलर, क्रेन जस्ता मेसिनरी उपकरण	१२०००	१५५००
६.तेल ट्यांकर, बुलेट, टिपर	१२०००	१५५००
७. ट्र्याक्टर	२०००	२५००
८. पावर टिलर	१५००	२०००
९. अटो रिक्सा, थ्री ह्विलर, टेम्पो	२०००	२५००

विद्युतीय सवारीधनीले तिर्नुपर्ने आयकर

सवारी	आयकर
५० किलोवाटसम्म	३०००
५० किलोवाटदेखि १२५ किलोवाटसम्म	४०००
१२५ देखि २०० सम्म	६०००
२०० भन्दा माथि	७५००

राजस्वको लक्ष्य महत्त्वाकांक्षी

आगामी आवमा सरकारले १२ खर्ब ४८ अर्ब ६२ करोड रुपैयाँबराबर राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । जुन चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा २० प्रतिशतले बढी हो । चालू आवमा सरकारले १२ खर्ब ४० अर्ब राजस्व संकलनको लक्ष्य लिएको थियो । तर, त्यसलाई संशोधन गरेर १० खर्ब ४० अर्बमा झारिएको छ ।

हालसम्म सात खर्ब ८८ अर्ब ४३ करोड रुपैयाँ मात्रै राजस्व संकलन भएको छ । आर्थिक गतिविधिमा आएको शिथिलतामा तुरुन्तै सुधार नआउने भएकाले आगामी आवमा समेत अपेक्षित रूपमा राजस्व संकलन हुन नसक्ने विज्ञहरू बताउँछन् । सरकारले लिएको आगामी आवको राजस्व संकलनको लक्ष्य महत्त्वाकांक्षी भएको उनीहरू बताउँछन् ।

यी हुन् बजेटमार्फत दिइएका छुट तथा सहुलियत

आगामी आवदेखि सामाजिक सुरक्षा कोषमा आवद्ध भई वैदेशिक रोजगारमा गएर कम्तीमा लगातार १२ महिना काम गरी फर्केका व्यक्तिले जुनसुकै आकारको एक थान टेलिभिजनमा भन्सार छुट पाउने भएका छन् । १ जेठदेखि स्वदेश फर्किदा थप एउटा मोबाइल छुटमा ल्याउन पाउने व्यवस्था लागु भइसकेको छ ।

स्वदेशी उत्पादन प्रवर्द्धन गर्न १ साउन २०८० पछि सम्झौता हुने आयोजनाका लागि आवश्यक सिमेन्ट, फलामे डन्डी, फलामे तथा प्लास्टिक पाइप, जस्तापाता, विद्युतीय केवलजस्ता स्वदेशमा पर्याप्त उपलब्ध हुने वस्तुको आयात गर्दा छुट नदिइने भएको छ । स्वदेशी उद्योगले यस्ता वस्तु आयोजनालाई बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्क छुट दिएर बिक्री गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

लघु, घरेलु तथा साना उद्योगको संरक्षणका लागि यस्ता उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि आयात गर्ने मिल/मेशिनरीमा एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था गरिएको छ । वार्षिक ५० लाखभन्दा बढी आय भएका व्यक्तिलाई लाग्दै आएको आयकरको दर तीन प्रतिशतले बढाएर ३९ प्रतिशत पुऱ्याइउएको छ । १५ जेठ २०८० सम्म नेपालमा प्रयोगमा रहेका तर मोबाइल डिभाइस म्यानेजमेन्ट प्रणाली (एमडिएमएस)मा दर्ता हुन नसकेका मोबाइल एक पटकका लागि असार मसान्तसम्ममा तोकिएबमोजिम एकमुष्ट महसुल बुझ्काई दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको छ । सूचना प्रविधिमा विजनेश प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङजस्ता सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई विदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ ।

घट्यो स्थानीय तहका लागि पठाइने वित्तीय समानीकरण र समपूरक अनुदान

काठमाडौं/ सरकारले स्थानीय तहका लागि पठाउने वित्तीय समानीकरण र समपूरक अनुदान घटाएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले मंगलबार संघीय संसद्मा आर्थिक वर्ष ०८०/८१ को बजेट प्रस्तुत गर्दै वित्तीय समानीकरण र ससर्त अनुदान घटाएको बताएका हुन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा सरकारले वित्तीय समानीकरण अनुदानतर्फ स्थानीय तहका लागि ८७ अर्ब ३८ करोड विनियोजन गरेको छ । ससर्त अनुदानतर्फ एक खर्ब ९१ अर्ब ८९ करोड, समपूरक अनुदानतर्फ सात अर्ब पाँच करोड, विशेष अनुदानतर्फ आठ अर्ब ७३ करोड विनियोजन गरेको छ । राजस्व बाँडफाँटबाट प्रदेश र स्थानीय तहका लागि एक खर्ब ७३ अर्ब ९२ करोड हस्तान्तरण हुनेछ ।

गत आर्थिक वर्षमा सरकारले स्थानीय तहमा लागि वित्तीय समानीकरणतर्फ एक खर्ब २३ करोड रुपैयाँ पठाइएको थियो । ससर्ततर्फ स्थानीय तहलाई एक खर्ब ८३ करोड विनियोजन भएको थियो । समपूरक अनुदानतर्फ स्थानीय तहलाई सात अर्ब २७ करोड विनियोजन भएको थियो । विशेष अनुदानतर्फ नौ अर्ब १४ करोड विनियोजन भएको थियो । राजस्व बाँडफाँटबाट स्थानीय र प्रदेशमा एक खर्ब ६३ अर्ब हस्तान्तरण भएको थियो । सरकारले आव ०८०/८१ मा समानीकरणतर्फ २६ करोड र समपूरकतर्फ २२ करोड रुपैयाँ अनुदान घटाएको हो ।

बढ्यो अदालतको बजेट

काठमाडौं/ चालू आर्थिक वर्षभन्दा आगामी वर्षका लागि अदालतको बजेट ०.४ प्रतिशतले बढाइएको छ । ०७९/८० मा कुल बजेटको ०.३९ प्रतिशत देशभरका अदालतलाई छुट्याएकोमा आगामी वर्षका लागि ०.४३ प्रतिशत पुऱ्याएको हो ।

सोमबार सार्वजनिक ०८०/८१ को बजेटमा अदालतका लागि सात अर्ब ५७ करोड ११ लाख रुपैयाँ व्यय हुने अनुमान छ । न्यायपरिषद्का लागि पाँच करोड १९ लाख रुपैयाँ छुट्याइएको छ । यसैगरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत ७७ करोड ५६ लाख रुपैयाँ व्यय हुने अनुमान बजेटले गरेको छ ।

> स्वार्थको द्वन्द्व नियन्त्रण गर्न कानुन बनाइने, संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम आगामी वर्ष पूरा गरिने

त्यस्तै, सरकारले स्वार्थको द्वन्द्व नियन्त्रण गर्न कानुन ल्याउने भएको छ । 'सुशासन प्रवर्द्धन गर्न स्वार्थको द्वन्द्व नियन्त्रणसम्बन्धी कानुन तर्जुमा गरिनेछ,' बजेटको ३८८औं बुँदामा भनिएको छ ।

त्यस्तै, संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम पनि आगामी आर्थिक वर्षमा पूरा गरिने लक्ष्य सरकारको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगमार्फत शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्ने विषय बजेट वक्तव्यमा समेटिएको छ ।

बजेटले निःशुल्क कानुनी सहायतालाई थप प्रभावकारी बनाई न्यायमा पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । संघीय संसद्को यसै अधिवेशनमा एकीकृत कानूनी सहायता नीति कार्यान्वयन गर्न यससम्बन्धी विधेयक पेस गर्ने तयारी सरकारको छ ।

त्यस्तै, श्रम अदालतको सेवालाई विस्तार गरिने बजेटमा उल्लेख छ । सदनमा बजेट प्रस्तुत गर्दै श्रमको नीति लचिलो बनाउने र सूचना प्रविधि तथा नवप्रवर्तनमा आधारित उद्योगका लागि सहज कानुनी व्यवस्था गर्ने गरी बजेट ल्याइएको अर्थमन्त्री प्रकाशशरण महतले बताए ।

यसैगरी, सरकारले विकाससँग सम्बन्धित कानुनमा संशोधन गर्ने तयारी गरेको छ । वातावरणीय प्रभाव मूल्यांकन गर्न वन तथा वातावरणसम्बन्धी कानुनमा आवश्यक संशोधन गर्ने नीति बजेटले लिएको छ । बजेटको १५०औं बुँदामा भनिएको छ, 'औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण र विकास गर्न टेक्निकल नो हाउ, फ्रेन्चाइज फर्मुलालगायतका विषय समेटेर बौद्धिक सम्पत्तिसम्बन्धी कानुन तर्जुमा गरिनेछ,' उनले भने । साथै इकमर्सबाट हुने व्यापार तथा सेवाको नियमनका लागि कानुनी व्यवस्था गर्ने बजेटमा छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

भक्तपुर अस्पताल, भक्तपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८०/०२/१६

यस अस्पतालबाट मिति २०७९/१२/१५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार विरामीको लागि राशन उपलब्ध गराउने सम्बन्धी कार्यका लागि बोलपत्रहरू माग गरिएकोमा निर्धारित समयभित्र पेश हुनआएका बोलपत्रहरू मध्येबाट श्री त्रिशुल इन्टरनेशनल प्रा.लि. चाँगुनारायण न.पा.-५ भक्तपुरले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत गर्ने आसयले छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐनको २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भक्तपुर अस्पताल

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय इटहरी

सडक डिभिजन इलाम

प्रकाशित मितिः २०८०/०२/१६

यस सडक डिभिजन इलाम र निर्माण व्यवसायीहरु बीच विभिन्न मितिमा खरिद सम्झौता भएका तपशिलमा उल्लेखित ठेक्काहरुको निर्माण कार्य सम्पन्न गर्नु पर्ने म्याद थप समेतको मिति समाप्त भई सकेका निर्माण व्यवसायीहरुलाई लिखित तथा मौखिकरुपमा कार्य सम्पन्न गर्न पटक पटक अनुरोध गर्दा पनि निजहरुले ठेक्का सम्झौताका शर्तहरु बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) अनुसार र ठेक्का सम्झौताको GCC 72 मा भएको व्यवस्था र सारभुतरुपमा उक्त निर्माण व्यवसायीहरुबाट ठेक्का सम्पन्न नहुने परिस्थिती निर्माण व्यवसायीहरुबाट स्वयम् सिर्जना भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७,८) अनुसार बमोजिम ठेक्का सम्झौता अन्त्य (Terminate) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । यसर्थ ठेक्का सम्झौताको GCC 72.6 बमोजिम निर्माण व्यवसायीलाई यथाशीघ्र कार्यस्थल छोड्न अनुरोध गरिन्छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९.३(१) बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रुपमा सम्पन्न भैसकेको कुनै कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा निर्माण व्यवसायीलाई यस सडक डिभिजन इलाममा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ ।

सि.नं.	ठेक्का नं.	ठेक्काको नाम/ठेक्का विवरण	निर्माण व्यवसायीको नाम
१	RDILAM/337310113-PM-077/78-21	Periodic Maintainance of Mechi Highway (Chihandanda-Fikkal Section)	Shiv Shakti Infra Developers Pvt. Ltd., Hetauda
२	RDILAM/337310113-PM-077/78-23	Periodic Maintainance of Mechi Highway (Phidim-Gopetar Section)	Shiv Shakti Infra Developers Pvt. Ltd., Hetauda

डिभिजन प्रमुख

प्रत्येक सांसदलाई...

पृष्ठ १ बाट क्रमशः

गर्न संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममार्फत पाँच करोड विनियोजन गरिएको अर्थमन्त्री महतले बताए । 'कार्यक्रमअन्तर्गत एउटा आयोजनामा न्यूनतम एक करोड विनियोजन हुने गरी सडक, सिँचाइ, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुदलगायतका भौतिक पूर्वाधार निर्माणका आयोजना तथा कार्यक्रम छनोट गरिनेछ,' महतले भने ।

५ जेठमा राष्ट्रिय सभाका सदस्यसँगको सामूहिक भेटमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकार सांसद विकास कोष राख्ने पक्षमा नभएको बताएका थिए । तर, बजेटमा समावेश गरेर आएको छ । पूर्वाधार विकास कार्यक्रम राख्न कांग्रेस, एमाले, माओवादीका सांसदले हस्ताक्षर अभियान नै चलाएका थिए । कांग्रेस संसदीय दलले अर्थमन्त्री महतलाई बोलाएर कार्यक्रम राख्न दबाब दिएको थियो । माओवादी सचिव देवेन्द्र पौडेलले पूर्वाधार विकास कार्यक्रम दलहरूको सहमतिमा बजेटमा समावेश भएको दाबी गरे । अब कडा नियमनका साथ कार्यान्वयनमा लानुपर्ने उनको भनाइ छ । कांग्रेसका श्यामकुमार घिमिरेले नेपालजस्तो गरिब मुलुकमा कानुन निर्माणका साथै विकास निर्माण र जुन समस्यामा सांसद जोडिनुपर्ने भन्दै पूर्वाधार विकास कार्यक्रमलाई नराम्रो भन्न नमिल्ने जिकिर गरे । 'खर्च गर्ने क्षेत्र पनि तोकिएको छ । बजेटको सीमा पनि तोकेको छ । त्यसैले दुरुपयोग हुने सम्भावना छैन,' उनले भने ।



कांग्रेसकै रामहरि खतिवडाले सांसदलाई पैसाभन्दा नागरिकलाई सेवामा ध्यान दिनुपर्ने बताए । मन्त्रीकेन्द्रित आएको बजेटको विरोध हुन्छ कि भनेर सांसदलाई अलमल्याउन पूर्वाधार विकास कार्यक्रम राखिएको भन्दै उनले मन्त्रीकेन्द्रित बजेट वितरण र सांसद विकास कोष सदाका अन्त्य गर्नुपर्ने बताए । पूर्वअर्थराज्यमन्त्री उदयशमशेर जबराले यो कार्यक्रम राम्रो भएको बताए ।

एमाले प्रमुख सचेतक पदम गिरीले कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्ने बताए । 'मुलुकको अहिलेको आर्थिक संकटको स्थितिमा सांसदको स्थानीय पूर्वाधार कार्यक्रम राख्नैपर्छ भन्ने हाम्रो धारणा थिएन । तैपनि सरकारले बजेटमा व्यवस्था गरेको थाहा पाइयो । अब बजेट आइसकेपछि प्रभावकारी र पारदर्शी ढंगले कार्यान्वयन गर्ने हिसाबले सोच्नुपर्छ । सांसदसँग जोडिएको प्रश्न भएको हुनाले अनियमितता र जनगुनासो नहुने गरी कार्यविधि बनाएर खर्च गर्नुपर्छ,' उनले भने ।

रास्वपा सभापति रवि लामिछानेले सांसद कोष ब्युँताएर जनप्रतिनिधि, कानुन निर्मातालाई ठेकेदार बनाउन खोजिएको र यो गलत बताए । 'यो हेर्दा निर्वाचनलक्षितजस्तो देखिएको छ,' उनले भने । जसपा प्रमुख सचेतक प्रदीप यादवले जनताको समस्या समाधान र विकास गर्ने भनेर चुनाव जितेले सांसदहरूका लागि कार्यक्रम आउनु उपयुक्त भएको बताए । राष्ट्रिय सभा सदस्य खिमलाल देवकोटाले पूर्वाधार विकास कार्यक्रम नीतिगत भ्रष्टाचार भएको बताए । 'प्रदेश र पालिकाहरू अर्बको बजेट चलाइरहेका छन् । सांसदहरूलाई बाँड्ने नै हो भने पालिकासँग सहकार्य गरेर बाँड्नुपर्थ्यो । यो नीतिगत भ्रष्टाचार हो । सांसदहरूलाई बिगार्ने काम भयो । यसले मुलुकको हित गर्दैन । प्रदेश र स्थानीय तहको अनुदान घटाएर सांसदहरूलाई बाँड्ने कुरा राम्रो भएन,' उनले भने ।

Government of Gandaki Province
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office
Syangja

Invitation for Bids

Date of publication: 30th May 2023 (Jestha 16, 2080)

Infrastructure Development Office, Syangja invites electronic/Online bids only from Nepalese eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding (**Single Stage, Single Envelope**) Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO website www.bolpatra.gov.np/egp or may be obtained at the office. All eligible bidders are requested to submit E-Bid only as per instruction within mentioned period.

S.N	Name of Project	Contract ID	Estimated Cost in NRs.(Inclusive of VAT and PS)	Bid Document Fee	Bid Security (NRs
1.	Upgrading of Khadketari Panchase(Castang dekhi Kothi Samma) Kirshi Sadak Fedikhola 3 Ra 5,Aandhikhola Ga.Pa 4,Syangja	IDOSYANGJA/NCB/W/R/053/079-80	9,659,407.00	3,000.00	240000
2.	Upgrading of Dimik Faat dekhi Arsedi Faat Jodne Krishi Sadak, Galyang Municipality-11	IDOSYANGJA/NCB/W/R/054/079-80	9,648,916.36	3,000.00	240000
3.	Upgrading of Dhaduwa Thuladihi Masarga Thulipokhari Krishi Sadak,Putalibazar-7 Syangja	IDOSYANGJA/NCB/W/R/055/079-80	9,636,952.20	3,000.00	240000
4.	Upgrading of Fulbari kamere Panchase sadak,Aadhikhola Ga.Pa	IDOSYANGJA/NCB/W/R/056/079-80	9,628,164.68	3,000.00	240000
5.	Upgrading of Aamdali Thapadanda Raskhola Hudai Keware Jodne Krishi Sadak ,Waling Na. Pa. -06	IDOSYANGJA/NCB/W/R/057/079-80	9,612,212.86	3,000.00	240000

For NCB: -Pre Bid Meeting – 23rd June, 2023, 13:00
Bid Submission deadline -29th June, 2023, 12:00
Bid Opening – 29th June, 2023, 13:00
Information to deposit the cost of bidding document Fee in the Bank:
Name of Bank: Nepal Bank Limited Name of Office: Infrastructure Development Office, Syangja
Office Code No: 3370143014, Office Account No: 27302000001001000001, Rajaswo Sirsak No: 14229

मंगलबार १६ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/७७०

स्वरोजगार बन्ने खेलाडीलाई सहुलियत कर्जा

खेलकुदमा बजेटः दुई अर्ब ८७ करोड ५९ लाख

- एकदिवसीय मान्यताप्राप्त गरेको मूलपानी क्रिकेट मैदानको निर्माण कार्य यसै आवमै पूरा हुने
- त्रिवि क्रिकेट मैदानमा फ्लड लाइट जडान गर्ने र त्यसलाई अन्तर्राष्ट्रिय स्तरीकरण गर्ने
- पोखरा, धनगढी, इटहरी र नेपालगन्जको प्रदेश रंगशालासँगै कर्भडहल निर्माण गरिने
- विराटनगरमा गिरिजाप्रसाद कोइराला, बैतडीमा दशरथ चन्द, कैलालीमा फाप्ला क्रिकेट र काठमाडौंमा सुवर्ण शमशेर क्रिकेट रंगशाला निर्माण गरिने
- विभिन्न खेलसँग आबद्ध संघ तथा संस्थाको क्षमता विकास गर्न खेलकुद प्रतियोगिता आयोजनाका लागि सरकारले प्रोत्साहित गरिने
- १९औँ एसियाड, १४औँ साग, १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि बजेटको व्यवस्थापन हुने
- बहुचर्चित गौतमबुद्ध क्रिकेट रंगशालाको विषय बजेटमा समेटिएन



श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

सरकारले अगामी आर्थिक बर्ष ०८०/८१ का लागि प्रस्तुत गरेको बजेटमा स्वरोजगार बन्न चाहने खेलाडीलाई सहुलियतपूर्ण कर्जा दिने भएको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार संसद्मा प्रस्तुत गरेको बजेटमा खेलाडीलाई स्वरोजगार बन्न चाहे युवा स्वरोजगार कोषमार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने व्यवस्था गरिने बताएका हुन्। 'खेलाडीलाई आत्म निर्भर बनाउनर स्वरोजगार बन्नेलाई युवा स्वरोजगार कोर्षबाट सहुलियत कर्जा प्रदान गरिनेछ,' अर्थमन्त्री महतले भने।

बजेटमा युवा तथा खेलकुद मन्त्रालयका लागि दुई अर्ब ८७ करोड ५९ लाख रुपैयाँ छुट्याइएको छ। आगामी आर्थिक वर्ष ०८०/८१ का लागि सरकारले प्रस्तुत गरेको बजेटमा युवा तथा खेलकुद मन्त्रालयको बजेट करिब ३८ करोड घटेको हो। मन्त्रालयको कुल बजेटमध्ये ८५ प्रतिशत बजेट खेलकुदको हो। संघतर्फ दुई अर्ब सात करोड ७३ लाख रुपैयाँ छुट् याइएको छ। सरकारले प्रदेशमा ३९ करोड ६३ लाख र स्थानीयमा ४० करोड २३ लाख रुपैयाँ बजेट राखेको अर्थमन्त्री डा. महतले बताए।

यसैगरी, संघीय बजेट एक अर्ब ३४ करोड ९३ लाख रुपैयाँ चालू आर्थिक वर्षमा खर्च हुनेछ। पूर्वाधार बजेट ७२ करोड ८० लाख रुपैयाँ रहेको छ। सरकारले आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्दा खेलकुदमा ०.१६ प्रतिशत मात्र विनियोजन गरेको छ। खेलकुद मन्त्रालयले आगामी आर्थिक वर्षमा ७२ करोड ८० लाख बजेट पूर्वाधारमा खर्च गर्नुपर्ने अवस्था छ।

क्रिकेटलाई प्राथमिकता

सरकारको आर्थिक वर्ष ०८०/८१ को बजेटमा क्रिकेट खेलले मुख्य प्राथमिकता पाएको छ। सरकारले थप चारवटा क्रिकेट मैदान निर्माण गरिने जनाएको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको रूपमा विकास गर्ने भएको छ। यसै आर्थिक बर्षभित्र त्रिवी मैदानमा फ्लड लाइट जडान गर्ने र त्यसलाई अन्तर्राष्ट्रियस्तरको बनाउने योजना सरकारको छ। मूलपानी क्रिकेट रंगशालाको पनि निर्माणकार्य पूरा गरिने बजेटमा समावेश भएको छ।

गत महिना एसिसी प्रिमियर कपमा मूलपानी क्रिकेट मैदानले एकदिवसीय मान्यता प्राप्त गरेको थियो। सरकारले विराटनगरमा गिरिजाप्रसाद कोइराला, बैतडीमा दशरथ चन्द, कैलालीमा फाप्ला क्रिकेट र काठमाडौंमा निर्माण भइरहेको सुवर्ण शमशेर क्रिकेट रंगशाला निर्माण गरिने बजेटमा उल्लेख भएको छ। यसैगरी, सरकारले, पोखरामा निर्माणाधीन रंगशाला, धनगढी, इटहरी र नेपालगन्जको प्रदेश रंगशालासँगै कभर्ड निर्माण सम्पन्न गर्न बजेट व्यवस्था गरेको अर्थमन्त्री डा. महतले बताएका छन्। यसैगरी, साहसिक खेलकुदमा पर्ने हाई अल्टिच्युट ट्रेनिङ सेन्टरमा निजी साझेदारीमा भौतिक पूर्वाधार निर्माण गरिने भएको छ। साथै, च्याफ्टिङ, प्याराग्लाइडिङ, क्यानोइङ, रक क्लाइम्बिङ र अल्ट्राम्याराथनलगायतका साहसिक खेलकुद पूर्वाधार निर्माण गरिने सरकारले घोषणा गरेको छ। खेलकुद पूर्वाधार निर्माण व्यवस्थापन र प्रतियोगिता गराउन निजी क्षेत्रलाई प्रोत्साहित गरिने सरकारको योजना छ।

एसियाडको तयारीलाई आवश्यक बजेट

चीनको हङझावमा १९औँ एसियन खेलकुद प्रतियोगिता आयोजना हुँदै छ। नेपालले आधिकारिक रूपमा २८ खेलमा सहभागिता जनाउनेछ। नेपालले एसियन खेलकुदमा राम्रो नतिजा निकाल्न सरकारले आवश्यक बजेट व्यवस्था गरिने अर्थमन्त्री डा. महतले बताएका छन्। गत ७ जेठमा राष्ट्रिय खेलकुद परिषद्को बोर्ड बैठकले १९औँ एसियाडका लागि अनुमानित २९ करोड रुपैयाँ माग गर्ने निर्णय गरेको थियो।

सरकारले दक्षिण एसियाली खेलकुद (साग)का लागि पनि बजेट व्यवस्था गरेको छ। पाकिस्तानले १४औँ साग खेलकुद प्रतियोगिता आयोजना गर्नुपर्ने हो। सन् २०१९ मा काठमाडौंमा भएको १३औँ सागको समापनमा पाकिस्तानले आयोजनाको झन्डा बोकेर गएको थियो। तर, पाँच वर्ष लाग्दा पनि पाकिस्तानले साग आयोजना गर्न सकेको छैन। यद्यपि, अनिश्चितभैँ बनेको सागका लागि बजेट व्यवस्था गरेको छ। साथै, दशौँ राष्ट्रिय खेलकुदको तयारीका लागि खेलाडीलाई आवश्यक प्रशिक्षण दिन आवश्यक बजेटको व्यवस्था गरिएको मन्त्री महतले बताए। दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता यसै वर्ष कर्णाली प्रदेशमा हुने तय छ। यसको पनि मिति भने तय भइसकेको छैन।

गौतमबुद्ध क्रिकेट रंगशाला बजेटमा समेटिएन

खेलकुदको बजेटमा क्रिकेटलाई मुख्य प्राथमिकतामा परे पनि चितवनको बहुचर्चित गौतमबुद्ध क्रिकेट रंगशालालाई सरकारले समेटेन। सरकारले आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा गौतमबुद्ध रंगशाला समेटिएको थियो। तर, सोमबार भने अर्थमन्त्री डा. महतले प्रस्तुत गरेको बजेटमा गौतमबुद्ध रंगशाला समेटिएन। धुर्मुस सुन्तली फाउन्डेसनले निर्माण थालेर बीचमै अलपत्र छाडेको यस गौतमबुद्ध रंगशाला निर्माण सम्पन्न गर्न सरकारले स्वामित्व ग्रहण गर्ने घोषणा गरेको थियो।

खेलकुदमा आएको बजेट पर्याप्त छैन



टंकलाल घिसिङ
सदस्यसचिव, राखेप

अहिले मुलुककै अर्थतन्त्रको प्रभाव बजेटमा परेको देखिन्छ। बजेटमा समग्रमा नकारात्मक असर परेको छ। यसैकारण खेलकुदमा आएको बजेट र प्राथमिकता पर्याप्त छैन। यतिवेला मैले यही बुझेको छु। राष्ट्रिय खेलकुद परिषद् को प्राथमिकता र बजेट बनाउँदै जाँदा, अर्थसम्म पुग्दा फाइनल भएर निस्कँदा धेरै नयाँ कुरा बजेट भाषणबाट सुनेको छु।

अर्थ मन्त्रालयलाई गत भदौ र वैशाखमा राखेपले दुईपटक मूलपानी मैदानका लागि स्रोत सुनिश्चितता मागेका थियौँ। मूलपानी अहिले बनिरहेको जम्मा ३२ करोडको प्रोजेक्ट हो। यसको खरिद प्रक्रिया अगाडि बढेको छ। डेढ अर्ब बजेटको खरिद प्रक्रिया नै बढेको छैन।

प्राथमिकतामा परेको मूलपानीलाई पर्याप्त बजेट उपलब्ध गराएपछि थप पैसा भए नयाँ योजना थप्नु ठीक हो। यो राम्रो पक्ष हो। प्राथमिकतामा परेकोलाई पर्याप्त बजेट नहुने र नयाँ योजना मात्रै थप्दै जाँदा त्यति सन्तुलन देखिँदैन। राखेप र खेलकुद मन्त्रायलले देखाएकोभन्दा अर्थ मन्त्रालयले नयाँ योजना देखेको छ।

चेन्नई पाँचौँपटक च्याम्पियन



आइपिएलका विजेता

सन्	विजेता	उपविजेता	नतिजा
२००८	राजस्थान	चेन्नई	३ विकेट
२००९	डेकन चार्जर्स	बेंग्लोर	६ रन
२०१०	चेन्नई	मुम्बई	२२ रन
२०११	चेन्नई	बेंग्लोर	५८ रन
२०१२	कोलकाता	चेन्नई	५ विकेट
२०१३	मुम्बई	चेन्नई	२३ रन
२०१४	कोलकाता	पञ्जाब	३ विकेट
२०१५	मुम्बई	चेन्नई	४१ रन
२०१६	हैदराबाद	बेंग्लोर	८ रन
२०१७	मुम्बई	पुणे	१ रन
२०१८	चेन्नई	हैदराबाद	८ विकेट
२०१९	मुम्बई	चेन्नई	१ रन
२०२०	मुम्बई	दिल्ली	५ विकेट
२०२१	चेन्नई	कोलकाता	२७ रन
२०२२	गुजरात	राजस्थान	७ विकेट
२०२३	चेन्नई	गुजरात	५ विकेट

अहमेवाद/ चेन्नई सुपर किंग्सले इन्डियन प्रिमियर लिग (आइपिएल) को पाँचौँपटक उपाधि जितेको छ। १६औँ संस्करणको सोमबार रोमाञ्चक फाइनलमा चेन्नईले साबिक विजेता गुजरात टाइटन्समाथि पाँच विकेटको सानदार जित निकाली पाँचपटक ट्रफी चुमेको हो। चेन्नईले आइपिएलको सर्वाधिक विजेता मुम्बईसँग बराबरी गरेको छ। मुम्बईले पनि पाँचैपटक उपाधि हात पारेको छ।

वर्षाले प्रभावित पारेको फाइनलमा पहिलो ब्याटिङ गरेको गुजरातले २० ओभरमा चार विकेट गुमाएर दुई सय १४ रनको योगफल खडा गरेको थियो। दोस्रो इनिङ्समा वर्षाले खेल रोकिएको थियो। डकवर्थ लेविस नियमअनुसार चेन्नईले १५ ओभरमा एक सय ७१ रनको नयाँ लक्ष्य पायो।

चेन्नईले १५ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ७१ रन जोड्यो। अन्तिम ओभरमा चेन्नईलाई १३ रन चाहियो। रविन्द्र जडेजाले मोहित शर्माको १४.५ बलमा छक्का र १४.६ बलमा चौका प्रहार गर्दै चेन्नईलाई रोमाञ्चक जित दिलाए। चेन्नईका लागि डेभोन कोन्वेले २५ बलमा ४७ रन, शिभमले २१ बलमा ३२ रन, अजिन्का राहानेले १३ बलमा २७ रन र रविन्द्र जडेजाले ६ बलमा १५ रन बनाए।

यसअघि ब्याटिङ गरेको गुजरातले उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेको थियो। ओपनरद्वय रिद्धिमान शाह र शुभमान गिलले पहिलो विकेटका लागि ६.६ ओभरमा ६७ रनको साझेदारी गरेका थिए। एक जीवनदान पाएका गिलले त्यसपछि विस्फोटक ब्याटिङ गरेका थिए। चेन्नईका कप्तान महेन्द्रसिंह धोनीबाट स्टम्पिङ हुनुअघि गिलले २० बलमा सात चौकाको सहयोगमा ३९ रनको योगदान दिए।

रिद्धिमानले साई सुदर्शनसँग दोस्रो विकेटका लागि ६४ रनको साझेदारी गर्दै गुजरातलाई १३.६ ओभरमा १३१-२ को बलियो स्थितिमा राखे। रिद्धिमानले ३९ बलमा पाँच चौका र एक छक्काको सहयोगमा ५४ रनको योगदान दिए।

सुष्मा र मिनु तेस्रो चरणमा छनोट



काठमाडौं/ १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड) अन्तर्गत दोस्रो चरण छनोटको सोमबार महिला ५० किलो तौलसमूहमा नक्सालका सुष्मा तामाङले एचटुओका अस्मिता दुवाललाई ४-१ को स्प्लिट डिसिजनका आधारमा पराजित गर्दै दोस्रो चरण पार गरेकी छिन्। ५४ किलो तौलसमूहमा आर्मीकी मिनु गुरुङले बक्समाण्डुकी अञ्जली तेलीलाई ३-२ को स्प्लिट डिसिजनका आधारमा पराजित गर्दै दोस्रो चरण छनोट पार गरिन्। महिला ५७ केजी तौलसमूहमा आर्मीकी चन्द्रकला थापाले एपिएफकी निता तामाङलाई ५-० का आधारमा पराजित गरिन्।

६० किलो तौलसमूहमा एपिएफकी संगीता सुनारलाई टिएसीका वर्षा श्रेष्ठले वाकओभर दिइन्। महिला ६६ किलो तौलसमूहमा एपिएफकी विनिता थापामगरले आर्मीका नीरु गुरुङलाई ५-० को युनानिमस डिसिजनमा हराइन्। ७५ किलो तौलसमूहमा एपिएफकी सरस्वती रानामगरले एपिएफ 'बी'की मनिता राईलाई ५-० को युनानिमस डिसिजनमा पाखा लगाइन्। यसैगरी, पुरुषतर्फ ५१ किलो तौलसमूहमा एनपिसीका चन्द्र थापाले एचटुओका रविन थापालाई ३-२ को स्प्लिट डिसिजनका आधारमा पराजित गरे। पुरुष ५७ किलो तौलसमूहमा एचटुओका बुद्धग्याल्मो लामाले बोसीगाउँका सुलभ मालीलाई ५-० का आधारमा हराए। पुरुष ६३.५ किलो तौलसमूहमा एनपिसीका भूपेन्द्र थापामगरले जेनेक्सका मौसम रानामगरमाथि ५-० को युनानिमस डिसिजनका आधार सहज जित निकाले। ७१ किलो तौलसमूहमा आर्मीका दीपेश लामाले सुदूरपश्चिमका भरत चन्दलाई ५-० को युनानिमस डिसिजनका आधारमा पराजित गरेका छन्।

क.र.का.दर्ता नं. : ९६८६७/०६९०७०

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
Email : info@mslbsl.com.np, Web: www.mslbsl.com.np

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको कम्पनीको संस्थापक समुहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०८०/०२/१६
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०२/२३

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको ५,९८३ कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु. २६४/- मा बिक्री गर्ने बिक्रीकर्ता बैंकको निर्णय अनुसार तपसिलमा उल्लेखित शेयर खरीद गर्न प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरुले २०८० जेठ २३ गते कार्यालय समयभित्र के कति दर भाउमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यस भन्दा अगाडि नै ३५ दिने सूचना प्रकाशित गरी सकेको व्यहोरा यसै सूचनाद्वारा विद्यमान संस्थापकहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं ।

सि.नं.	बोलपत्र आवेदन फारम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरु:
१	श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ ।
२.	श्री एन आई सी एशिया बैंक लिमिटेडको कर्पोरेट कार्यालय: ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ शाखा कार्यालयहरु: क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, वीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) विरेन्द्रनगर, सुर्खेत ।

तपसिल

सि.नं.	कम्पनीको नाम	शेयर कित्ता
१.	महुली लघुवित्त वित्तीय संस्था लिमिटेड	५,९८३

शर्तहरु:
१. माथि उल्लेखित वित्तीय संस्थाको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ र साथै एन आई सी एशिया बैंकका माथि उल्लेखित शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले बैंकको छाप लगाएको आवेदन फारम खरिद गरी लिन सक्नु हुनेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।
३. बोलपत्र आवेदन फारामका आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
४. शेयर खरिदको लागि **न्यूनतम मूल्य प्रति कित्ता रु २६४/- (अक्षरेपी दुई सय चौसट्ठी मात्र)** तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरि पेश गरेको आवेदन स्वत: रद्द हुनेछ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम ५०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोइदा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन।
६. शिलबन्दी खाम बाहिर **"महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनु पर्नेछ।
७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०८०।०२।१६ पश्चात् यस वित्तीय संस्थाबाट घोषणा हुने हकप्रद शेयर, बोनस शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
८. बोलपत्रवालालेे आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरसास्त फाराम स्वत: रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
९. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीका लागि तोकिएको Fit & Proper Test (अनुसुचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्व:घोषणा समेत पेश गर्नुपर्नेछ।
१०. सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता बैंकमा निहित रहने छ।
११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।
१२. बोलपत्र मिति २०८०/०२/२३ गते बैंकिङ्ग समय भित्र श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ वा तोकिएको संकलन केन्द्रमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।
१३. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।
१४. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलाल कहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदि संलग्न गर्नुपर्नेछ ।
१५. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न बिक्रीकर्ता बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।
१६. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन । बाँडफाँडमा परेको शेयर तथा प्राप्त बोनस/हकप्रद शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
१७. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारिक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।
१८. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

'ए' डिभिजन लिगमा पुलिसको छलाङ

१३औँ चरणसम्म रेलिगेसन क्षेत्रमा रहेको नेपाल पुलिस क्लब २२औँ चरणको खेल समाप्तिपछि चौथो स्थानमा उक्लेको छ



तस्बिरः **ज्ञानेन्द्र कार्की**/ नयाँ पत्रिका

नयाँ पत्रिका
काठमाडौं, १५ जेठ

नेपाल पुलिस क्लबले सहिद स्मारक 'ए' डिभिजन लिगमा अप्रत्याशित छलाङ मारेको छ। प्रशिक्षक चेतकुमार घिमिरेको प्रशिक्षणमा रहेको पुलिसले सोमबार फ्रेन्ड्सलाई २-१ ले हराउँदै चौथो स्थानमा उक्लिएको हो। पुलिसलाई जित दिलाउन दुवै गोल रक्षक अन्जन राईले गरे। फ्रेन्ड्सका विकास थापाले एक गोल फर्काए। १३औँ चरणसम्म रेलिगेसन क्षेत्रमा रहेको पुलिसको उत्कृष्ट पुनरागमनका कारण चौथो स्थानमा उक्लेको हो। पुलिसले अब शीर्ष चार स्थानमा दाबी गरेको छ। फ्रेन्ड्सविरुद्धको जितसँगै पुलिसले तीन स्थान सुधार गरेको हो।

फ्रेन्ड्ससँग खेल्नुअघि सातौँ स्थानमा थियो। नवौँ जितपछि विभागीय टोली पुलिसले ३१ अंक जोडेको छ। २२औँ चरणका खेल सकिँदा चर्च ब्वाइज शीर्ष स्थान, साबिक विजेता मच्छिन्द्र दोस्रो र जावलाखेल युथ तेस्रो स्थानमा छन्। पुलिसले अर्का दुई विभागीय टोली त्रिभुवन आर्मी र एपिएफलाई पछि पारेको छ। फ्रेन्ड्स २४ अंकसहित रेलिगेसन क्षेत्रमा छ। पुलिसका प्रशिक्षक घिमिरेले यात्रा संघर्षपूर्ण रहेको प्रतिक्रिया दिएका छन्। 'यो यात्रा निकै संघर्षपूर्ण रह्यो। युवा खेलाडीबाट नतिजा निस्कन सकेको थिएन। विदेशी खेलाडीको आगमनसँगै खेलमा परिवर्तन आयो,' खुसी हुँदै चेतनले भने। १९ फागुनबाट सुरु भएको लिगमा लगातार तीन खेल हारेको पुलिसले छैटौँ खेलमा एक अंक जोडेको थियो।

विदेशी खेलाडीको प्रभाव

रेलिगेसन दबाबबीच पुलिसले पहिलोपटक घानाका खेलाडीद्वय मोसेज र जोय आइडूलाई अनुबन्ध गऱ्यो। भारतीय मोहम्मद आसिक, नाइजेरियन सर्ज डिका र लेबनानका अहमद हिजाजीलाई अनुबन्ध गरेपछि पुलिसको अग्रपंक्ति र मिडफिल्ड जमेको थियो। १३औँ चरणसम्म पुलिस रेलिगेसन क्षेत्रमै थियो। १४औँ चरणमा रेलिगेसन स्थान छाडेको पुलिस १५औँ चरणमा पुनः रेलिगेसन क्षेत्रमा झरेको थियो। १६औँ चरणमा फेरि माथि उठ्यो। यसपछि पुलिसलाई रेलिगेसनको चिन्ता कम भयो। मनाङ मर्स्याङ्दीविरुद्धको जितपछि पुलिस लयमा देखिन थाल्यो। १८औँ चरणमा १०औँ स्थानमा उक्लियो। २० खेलमा सातौँ जित निकालेपछि तालिकाको दशौँ स्थानमा उक्लियो। २१ खेलपछि सातौँ स्थानमा रहँदा २२ खेलमा फ्रेन्ड्सविरुद्धको जितसँगै चौथो स्थानमा उक्लिएको छ। 'यो जितपछि रेलिगेसन क्षेत्र पूर्ण रूपमा छाडेको भन्नुपर्छ। विदेशी खेलाडी आएपछि अग्रपंक्ति राम्रो भएको छ' घिमिरेले भने।

नयाँ लक्ष्य शीर्ष चार

शीर्ष आठभित्र रहने लक्ष्य रहेको पुलिसको नयाँ लक्ष्य शीर्ष चारमै रहेको प्रशिक्षक घिमिरेले बताए। 'प्रशिक्षकका रूपमा पहिलो सिजन कठिन भयो। बिस्तारै सजिलो हुँदै आयो। अब सबै खेल जितियो भने शीर्ष चारमा समापन गर्न सकिन्छ,' रणनीतिबारे घिमिरेले भने। फ्रेन्ड्सका प्रशिक्षक उर्जन श्रेष्ठले रेलिगेसनको चर्को दबाब रहेको र बाँकी खेल जित्दै शीर्ष डिभिजन हैसियत कायम राख्ने बताए। 'रेलिगेसन क्षेत्रमा छौं। निकै दबाब छ। बाँकी खेल जित्दै रेलिगेसनबाट बच्ने कोसिस गर्छौं,' श्रेष्ठले भने।